**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायधीश डा. श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायधीश श्री विनोद शर्मा**

# फैसला

**०६७-WO-१००२**

**मुद्दाः-उत्प्रेषणसमेत।**

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) कोतर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमा समेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ कुलेश्वर बस्ने अधिवक्ता प्रकाशमणि शर्मा -------------------------------------१

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) कोतर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमा समेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ कुलेश्वर बस्ने अधिवक्ता नारायणप्रसाद बेल्बासे ----------------------------------१

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) कोतर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमा समेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३३ ज्ञानेश्वर बस्ने अधिवक्ता रमा पन्त खरेल ----------------------------------------१ **निवेदक**

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) कोतर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमा समेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३४ बानेश्वर बस्ने अधिवक्ता कविता पाँडे --------------------------------------------१

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) कोतर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमा समेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका गुहेश्वरी बस्ने अधिवक्ता शर्मिला श्रेष्ठ --------------------------------------------------१

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) कोतर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमा समेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१३ तहाचल बस्ने अधिवक्ता आलोक पोखरेल ---------------------------------------१

**विपक्षी**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं --------१
मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं --१
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गुहेश्वरी, काठमाडौं-१

अध्यक्ष, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गुहेश्वरी, काठमाडौं ---------------------------------------------------------------१

भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरवार काठमाडौं -------------१

स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर --------------------------१ विपक्षी

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौं ---१

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, ललितपुर --------------१

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर ----------------१

कार्यकारी अधिकृत काठमाडौं महानगरपालिका बागदरबार, सुन्धारा, काठमाडौं -१

कार्यकारी अधिकृत ललितपुर उपमहनगरपालिका, पुल्चोक, ललितपुर -----१

कार्यकारी अधिकृत भक्तपुर नगरपालिका, भक्तपुर ------------------------१

कार्यकारी अधिकृत, मध्यपुर ठिमी नगरपालिका भक्तपुर ------------------१

**०६८-WO-००७४**

**मुद्दाः-उत्प्रेषणसमेत।**

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) को तर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमासमेत काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ कुलेश्वर बस्ने अधिवक्ता प्रकाशमणि शर्मा ---------------------------१

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) को तर्फबाट अख्तियारप्राप्त र आफ्नो हकमासमेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१३ ताहाचल बस्ने अधिवक्ता आलोक पोखरेलसमेत जना २ को वारेश भई आफ्नो हकमा समेत जनहित संरक्षक्षण मञ्च(प्रो. पब्लिक) मा कार्यरत जिल्ला भक्तपुर,बालकोट वडा नं. ९ बस्ने प्रवीण सुवेदी---------------१ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं------१

नेपाल सरकार, वातावरण मन्त्रालय, सिंहदरबार---------------------१

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय--------------------१

कार्यकारी अधिकृत, काठमाडौं महानगरपालिका काठमाडौं-------------१ विपक्षी

कार्यकारी अधिकृत, ललितपुर उपमहानगरपालिका, पुल्चोक, ललितपुर-१

कार्यकारी अधिकृत, मध्यपुर ठिमी नगरपालिका भक्तपुर---------------१

फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र पुल्चोक,ललितपुर-----१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) तथा नेपालको संविधानको धारा ४६ र १३३(२),(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

**तथ्य खण्ड**

१ मानव सभ्यताको शुरुवात कुनै न कुनै नदीका आसपासको क्षेत्र तथा किनारबाट भएको कुरा सबैले मानी आएको कुरा हो। नेपालको सन्दर्भमा मन्दिरै मन्दिरहरुको प्राचीन तथा ऐतिहासिक स्थल मानिएको पुरातात्विक तथा धार्मिक महत्व बोकेको स्थल काठमाडौं उपत्यकाको सभ्यतामा पनि बागमती तथा आसपासका नदीहरुले अतुलनीय महत्त्व राखेका छन्। जसमा बागमती नदीलाई अत्यन्त पवित्र गंगामाताको रुपमा लिएर जलसमेत खाने परम्परा रही आएको कुरा सर्वबिदितै छ। शिवपुरीका डाँडाबाट बाग्द्वार भई सुन्दरीजल, गोकर्ण, पशुपति चोभार र त्यहाँबाट ललितपुर जिल्लाको फाँट हुँदै तराईका विभिन्न जिल्लामा पवित्र एवं कञ्चन पानी सिञ्चन गर्दै बग्ने बागमती नदी एक नदी मात्र नभई मानव संस्कृतिकी प्रतीक हुन्, आस्थाकी धरोहर हुन्।

२ मानव सभ्यताकी प्रतीक, प्राणी एवं बनस्पतीकी जीवनदायिनी बागमती नदी लगायतका उपत्यकाका नदीहरु सम्बन्धित जिम्मेवार निकायको गैर जिम्मेवरीपन एवं कानून बमोजिमको आफनो दायित्व निर्वाह नगर्ने अकर्मण्यताका कारण सबैजसो क्षेत्रका ढलहरुबाट दिसापिसाव मिश्रित फोहर पानी बागमतीमा निकास गरिरहेका र उद्योग धन्दाहरुबाट निस्कने फोहरसमेत सिधै बागमतीमा मिसाईनाले बागमती आज ढलमती बन्न पुगेकी छन् भने बागमतीको पानी डुङ्डुङ्ती गनाउने कालो लेदो भएको छ र हुनसम्म घिन लाग्ने अवस्थामा रहेको छ।

३ बागमती नदीको प्रदूषण तथा नदी क्षेत्र वरपर भएका अतिक्रमण हटाउन तत्कालीन नेपाल सरकारद्वारा गठित अधिकार सम्पन्न बागमती क्षेत्र, ढल निर्माण र सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति तथा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले बागमती नदीको प्रदूषण र अतिक्रमण हटाउनेतर्फ आफ्नो कानून बमोजिमको अधिकारको प्रयोग र दायित्त्वको निर्वाह नगर्दा बागमती सभ्यताको अन्त्य हुन पुगेको छ।

४ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ ले विपक्षी नगरपालिकाहरुलाई नदी संरक्षण र नदी प्रदूषण नियन्त्रण गर्न विभिन्न कार्यहरु गर्ने दायित्व सुम्पेको छ तर यस

कानूनी दायित्व विपरितको नदी क्षेत्रमा प्रदूषण बढाउने, बागमती, विष्णुमती जस्ता पवित्र नदीहरुमा विना प्रसोधित ढल मिसाउने कार्य गरी यी नदीहरु नै ढलको रुपमा परिणत गराउने कार्य गर्नु ऐनको बर्खिलाप काम भएको र सो बमोजिम भई राष्ट्रिय संस्कृतिका रुपमा रहेका नदीहरु दुर्गन्धित ढल बन्दा समेत मुकदर्शक भएर विपक्षी स्थानीय विकास मन्त्रालय बसेबाट त्यस्ता कार्यहरु बढ्दै गई बागमती लगायतका उपत्यकाका नदीहरु ढलमा परिणत हुँदै गई नदी क्षेत्रमा बस्ने जनता र त्यस क्षेत्रबाट आवतजावत गर्ने सबैको स्वास्थ्यमासमेत नकारात्मक असर परिरहेको छ।

५ स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ (६)(क) ले सार्वजनिक जग्गाहरुमा कसैले आफ्नो हक कायम नभई घर बनाएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो घर बनाउन रोक्का गर्न आदेश दिई रोक्नु पर्नेमा उपत्यकाका बागमती, विष्णुमतीलगायत हनुमन्ते खोलामा सार्वजनिक बगर, पानी, गौचर क्षेत्र आदिमा अनाधिकृत रुपमा घर टहरालगायतका भौतिक संरचनाको निर्माण गर्नबाट नरोकी त्यस्ता अनाधिकृत निर्माणहरु भत्काउने कार्यसमेत नगरेर आफ्नो कानूनी दायित्व निर्वाह नगरेको हुँदा नदी क्षेत्रहरुमा दिनप्रतिदिन अनाधिकृत निर्माण कार्य भई नदी क्षेत्रको अतिक्रमण भएको र सोही कारणबाट बागमती लगायतका सहायक नदीनालाहरुमासमेत प्रदूषण बढ्न गएको छ।

६ सम्मानित सर्वोच्च अदालतबाट भरतमणि गौतम वि. श्री ५ को सरकारसमेत (२०५४ सालको रिट नं ३०५४) मुद्दामा नदीलाई स्वच्छ र पवित्र राखी वातावरणलाई प्रदूषण हुनबाट जोगाउन व्यक्ति विशेष, श्री ५ को सरकार, कानूनले दायित्व सुम्पिएका सम्बन्धित निकायहरु तथा संस्थाहरुले यस्तो महत्वपूर्ण नदीको स्वच्छता कायम राख्न कानूनले निर्देश गरे बमोजिम बागमती नदीको प्रदूषण रोक्नेतर्फ आवश्यक कार्य गर्नु भनी फैसला गरेको १२ वर्ष बितिसक्दा पनि बागमती नदीको प्रदूषण एवं अतिक्रमण झन्-झन् बढ्नु सम्मानित अदालतको आदेशको नेपाल सरकारले बेवास्ता गरेको स्पष्ट हुन्छ।

७ नदी संस्कृतिको जगेर्ना गर्न नदी क्षेत्रमा मानिसको जन्म र मृत्युसम्म सम्पन्न गरिनुपर्ने विभिन्न संस्कार र त्यस संस्कारलाई सहजीकरण गर्न बनाईएका घाट, मठ मन्दिरहरुको पनि जर्गेना गर्नुपर्ने हुन्छ। तर विपक्षीहरुको असंवेदनशीलताका कारण बागमती नदी र विष्णुमती नदीजस्ता पवित्र नदीहरुको घाट क्षेत्र अतिक्रमित भई अस्तित्व नै लोप भैसकेको र हुन

लागेको अवस्थामा छन् भने नदीको दाँयाबाँया रहेका एतिहासिक एवं पौराणिक मन्दिरहरुसमेत संरक्षणको पर्खाईमा बसिरहेका छन्।

८ विपक्षी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको उद्देश्यमा शिवपुरीदेखि चोभारसम्म बागमती नदीलाई स्वच्छ र सफा राख्न बागमती नदीमा कुनै प्रकारको दुषित पदार्थ मिसिन नदीने मुख्य उद्देश्य रहेको छ भने समितिको काम, कर्तब्य, अधिकार अन्तर्गत नदीको सुन्दरता अभिवृद्धिको लागि नदीको किनारामा हरित क्षेत्र निर्माण गर्ने, नदी किनारमा अनाधिकृत रुपमा वा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने, नदीको वहाव क्षेत्रलाई असर पर्ने गरी नदीबाट बालुवा झिक्न नदिनू, कसैले प्रचलित कानून विपरित नदी वा नदी किनाराका जग्गा दर्ता गरे गराएमा सो दर्ता बदरका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र कसैले आयोजना क्षेत्रभित्र बागमती नदीलाई प्रदूषित बनाउने किसिमको काम गरे गराएमा कानून बमोजिम सजाय गर्न तथा सो कार्य निषेध गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने दायित्वसमेत सुम्पिएकोमा विपक्षीबाट सो समेतको कार्य नगरी अतिक्रमणको मूक दर्शक भई हेरेबाट आफ्नो कानूनी दायित्वप्रति गम्भिर नभएको स्पष्ट हुन्छ।

९ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक प्रत्याभूत गरेको छ भने धारा ३५(५) ले वातावरण स्वच्छ राख्न राज्यले प्राथमिकता दिनुपर्ने संबैधानिक दायित्व निर्धारण गरेको छ। बागमती नदीको प्रदूषण र अतिक्रमणको कारण त्यस नदी र नदी क्षेत्र वरपर रहेका मन्दिर देवालयमा गर्नुपर्ने धार्मिक, सांस्कृतिक एवं सामाजिक कार्य र आस्थामा पनि प्रत्यक्ष असर पर्न गएको हुँदा धारा १७(१) द्वारा प्रत्याभूत साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण गर्ने हकसमेतको संबैधानिक प्रत्याभूति गरेकोमा विपक्षीहरुले संविधान र कानूनद्धारा निर्दिष्ट संवैधानिक एवं कानूनी दायित्व निर्वाह नगरेको हुँदा नेपालको अन्तरिम संविधानको धारा १०७(२) अनुरुप विपक्षीहरुका नाममा तपशील बमोजिम परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ-

(क) पवित्र नदी बागमती र यसका सहायक नदीहरु मनोहरा, कोट्कु, धोबी खोला, बल्खु खोला(ईन्द्रामती),नख्खु,कर्मनासा, विष्णुमती लगायतका उपत्यकाभित्रका सम्पूर्ण नदीनालाहरु समेतमा मलमूत्रयुक्त प्रदुषित पानी नपठाउनु र ती सम्पूर्ण नदीहरुको दायाँ-बायाँ भएका अनाधिकृत अतिक्रमणहरुलाई हटाई त्यस क्षेत्रको संरक्षण गरी उक्त क्षेत्रलाई हरित क्षेत्र घोषणा गर्नू, गराउनु,

(ख) बागमती नदी क्षेत्रको संरक्षण गर्नका लागि आवश्यक पर्ने निजी जग्गा अधिग्रहण गर्नुपर्ने भए कानूनद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी उक्त जग्गाहरु अधिग्रहण गर्नु गराउनु,

(ग) विपक्षी काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, मध्यपुर ठिमी नगरपालिका, भक्तपुर नगरपालिकालाई नदीहरुमा विना प्रशोधन ढल मिसाउने कार्य तत्काल बन्द गरी गराई नदी प्रदूषण नियन्त्रण गर्नु, गराउनु र नदी क्षेत्रमा भएको अतिक्रमण हटाई नदी क्षेत्रको संरक्षण गर्नु, गराउनु,

(घ) विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौं, ललितपुर र भक्तपुर तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुको नाममा नदी क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका घर टहरा लगायतका भौतिक संरचनाहरू हटाउनु, हटाउन लगाउन सम्बन्धित निकायलाई सहयोग गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्नेसमेत व्यहोराको **जनहित संरक्षण मञ्चको तर्फबाट अधिकारप्राप्त अधिवक्ता श्री प्रकाशमणी शर्मासमेतको रिट निवेदन।**

**रिट नं. ०६८-WO-००७४ को निवेदनमा थप जिकिरः**

१० काठमाडौं महानगरपालिको बल्खु क्षेत्रमा फोहर मैला गाढेर माटोले पुर्ने कार्य शुरु गरिएको छ। यसरी विभिन्न अस्पताल एवं उद्योगहरूसमेतबाट आएको विभिन्न रासायनिक एवं कीटाणुयुक्त विषाक्त मिसिएको फोहर खाल्डोमा पुरी बाटो बनाउँदा उक्त फोहरबाट निस्किने विभिन्न रासायनिक जीवाणुयुक्त विषालु पदार्थहरू (लिचेट) ले बागमती तथा हनुमन्ते नदीलाई अझ बढी प्रदूषित बनाउनुका साथै उक्त विषालु पदार्थ त्यस क्षेत्रको भूमिगत जलस्रोतमा पुगी त्यसलाईसमेत प्रदूषित बनाउने गर्दछ। नदी क्षेत्र काठमाडौं उपत्यकाको भूमिगत जल रिचार्ज (Ground Water Recharge) हुने क्षेत्र हो। यहाँको माटोमा बालुवाको मात्रा धेरै भएकोले सजिलैसँग जमिन मुनिको पानीसमेत प्रदूषण भइरहेको छ। त्यस कारण यस्तो क्षेत्रमा जमिनमाथि थुपार्ने कुनै पनि खालको प्रदूषणले जमिनमुनिको पानीलाई प्रभावित पार्दछ। फोहर मैला डम्प गर्दा त्यसबाट निस्कने तरल पदार्थ (लिचेट) अति नै प्रदूषित हुन्छ। उक्त लिचेटमा अति नै दुषित धातुजन्य रासायनिक तत्वहरू जस्तैः Lead Chromium, Mercury, Cadmium आदि हुन सक्छ। लिचेटलाई संकलन गरी वैज्ञानिक तरिकाले प्रशोधन गर्ने कुनै व्यवस्था गरिएको छैन। रासायनिक तत्वहरू भूमिगत जल भण्डारमा मिसिन गई पानी नराम्रोसँग प्रदूषित हुन्छ। दूषित

पानी पिउनाले जनस्वास्थ्यलाई दिर्घकालीन असर पर्ने क्यान्सर जस्ता रोगहरू लाग्न सक्छ। काठमाडौं उपत्यकाका अधिकांश जनताहरू पानीको आवश्यकता हाते पम्प र इनारबाट पूर्ति गरिरहेका छन्। अवैज्ञनिक तरिकाले फोहर डम्प गर्नाले त्यस फोहरबाट निस्कने रसायन जनताले प्रयोग गरिरहेको उल्लेखित पानीको श्रोतमा सजिलैसँग पुगी उक्त श्रोतलाई प्रदूषित गर्ने र त्यस्तो पानी प्रयोग गर्ने जनताको स्वस्थ्यमा दूरगामी रूपमा नकारात्मक असर पर्ने कुरालाई नकार्न सकिन्न।

११ यसरी उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था विपरित गैरकानूनी रूपमा नदी किनारमा फोहर डम्प गर्ने, गराउने कार्यबाट हामी रिट निवेदकसमेत त्यस क्षेत्रका बासिन्दा र काठमाडौंको पानी रिचार्ज र संकलन हुने त्यस क्षेत्रको पानी प्रयोग गर्नुपर्ने निवेदक लगायतका नागरिकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ ले प्रत्याभूत गरेको स्वच्छ एवम स्वस्थ्य वातावरणको मौलिक हकमा आघात पर्न गई मौलिक हकको उपभोग गर्नबाट बञ्चित हुनु परेकोले बागमती र हनुमन्ते नदी क्षेत्रमा फोहर डम्प गर्ने कार्य तत्कालदेखि नगर्नु, नगराउनु, अब उप्रान्त नदीको कुनै पनि क्षेत्रमा फोहर नफ्याक्नु, काठमाडौं उपत्यकाको फोहर मैलाको वैज्ञानिक एवं स्थायी व्यवस्थापनको कार्य निश्चित समयावधिभित्र गर्नू गराउनू, हालसम्म सम्वेदनशील नदी क्षेत्रमा डम्प गरेको फोहरलाई Polluters Pay principle अनुरुप निकाली वैज्ञानिक तवरले उपयुक्त ठाउँमा व्यवस्थापन गरी उक्त स्थानलाई यथास्थितिमा ल्याउनु भनी विपक्षीहरुका नाउँमा उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत व्यहोराको जनहित संरक्षण मञ्च प्रो. पब्लिकसमेत र आफ्नो हकमा समेत **प्रवीण सुवेदीले यस अदालतमा पेश गरेको निवेदन।**

१२ यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र सम्बन्धित मिसिल कागजात साथै राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एक प्रति नक्कल समेत साथै राखी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतलाई सूचना दिई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाईदिनू। विपक्षी कार्यकारी अधिकृत काठमाडौं महानगरपालिका समेतका हकमा आफैं वा कानून बमोजिमको प्रतिनिधि मार्फत् १५ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी यो आदेश र निवेदनको एक प्रति नक्कल समेत

साथै राखी सूचना दिई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नू। साथै अन्तरिम आदेशको सम्बन्धमा छलफलका निमित्त मिति २०६८।०१।१९ को तारेख तोकी विपक्षीहरूलाई सूचना दिई नियमबमोजिम पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०६८।०१।१२ को आदेश।**

१३ यसमा यसै विषयमा यस अदालतमा दर्ता भएको २०५२ सालको रिट नं.३४४० मा यस अदालतबाट बागमती नदीमा स्वच्छता कायम गराउने सम्बन्धमा आवश्यक र प्रभावकारी व्यवस्था गर्ने बारेमा भएको आदेश बमोजिम छाता समितिको गठन भई मिति २०६५।१०।०९ को मन्त्रिपरिषदको बैठकले उक्त छाता संगठनको कार्यदिश स्वीकृत गरी सकेको अवस्थामा पनि बागमती नदीको स्वच्छता कायम गर्ने गराउने सम्वन्धमा प्रभावकारी व्यवस्था गरेको नदेखिएको सन्दर्भलाई समेत उल्लेख गरी प्रस्तुत रिट निवेदन परेको देखिएको, बागमती नदीमा अझै पनि फोहर मैला फ्याँकी नदीलाई दुर्गन्धित गराउने कार्य र नदीको दुवैतर्फका किनारालाई असर पार्ने गरी बालुवा झिक्ने कार्य भै रहेको र नदीका दुवै किनारमा नगर विकास समितिद्वारा निर्धारित मापदण्डभन्दा विपरीत घर टहराहरु निर्माण गर्ने गराउने कार्य भइरहेको व्यहोरा रिट निवेदनबाट देखिएकोले यसरी बागमती नदी र यसका सहायक नदीहरु मनोहरा, कोट्कु, धोवीखोला, वल्खुखोला (इन्द्रमती), नख्खु कर्मनासा, विष्णुमती लगायतका उपत्यकाभित्रका नदीनालाहरुमा फोहर मैला फ्याक्ने कार्य, बालुवा निकाल्ने कार्य र मापदण्ड विपरीत कुनै पनि प्रकारको घर टहरा निर्माण गर्ने कार्य अविलम्ब रोक्नु र उक्त कार्यहरु रोक्नका लागि अनुगमन गर्न प्रभावकारी संयन्त्र निर्माण गर्नु भनी स्थानीय विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं, भक्तपुर, ललितपुरका प्रमुख जिल्ला अधिकारीहरु र काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर ठिमी नगरपालिकाका नाममा यो रिट निवेदनको अन्तिम किनारा नहुन्जेलसम्म अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरुलाई दिनु। साथै काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर ठिमी नगरपालिका क्षेत्रभित्र पर्ने नदीनालाहरुको किनारामा काठमाडौं उपत्यका नगर विकास समितिको मापदण्ड विपरीत हुने गरी के-कस्ता र कति घर, टहरा भवनहरु बनेका छन् वा गैरकानूनी भोग चलन गरिएको छ, सो सम्बन्धमा आ-आफ्नो क्षेत्रभित्र स्थलगत निरीक्षण गरी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिसँग

समन्वय गरी आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र यस अदालतमा विस्तृत प्रतिवेदन पेश गर्नु भनी काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर ठिमी नगरपालिकाका नाममा यो आदेश जारी गरिएको छ। साथै बागमती नदीको उपत्यकाभित्र पर्ने वहाव क्षेत्रभित्रको उपत्यका नगर विकासको प्रयोजनको लागि तयार पारिएको नक्सा महान्यायाधिवक्ता कार्यालयमार्फत् आवास तथा भौतिक योजना मन्त्रालयबाट झिकाई उपरोक्त अनुसारको प्रतिवेदन प्राप्त भएपछि पवित्र बागमती नदीको स्वच्छता कायम राख्नेजस्तो गम्भीर प्रकृतिको विषयवस्तु हुँदा प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०६८।०१।१९ को आदेश।**

१४ स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६) ले यस कार्यलयलाई दिएको अधिकार अनुसार सार्वजनिक जग्गाहरुको अतिक्रमण गर्ने, व्यक्तिका नाममा दर्ता श्रेस्ता कायम गर्ने, गराउने व्यक्तिगत संरचनाहरुको निर्माण कार्यहरु गर्ने जस्ता कार्यहरु भए गरेको पाइएमा त्यस्ता कार्यहरुलाई निरुत्साहित गर्ने तथा भएका संरचनाहरु भत्काई हटाउने कार्यहरु भई नै रहेको छ। रिट निवेदकले निवेदनमा ललितपुर जिल्ला अन्तर्गत कुन ठाउँमा के कस्ता सार्वजनिक जग्गाहरु अतिक्रमण गरी व्यक्तिगत संरचनाको निर्माण गर्ने कार्यहरुलाई निरुत्साहित गर्ने तथा भएको संरचना हटाउने कार्य भएन भनी कहीं कतै उल्लेख नगरी कपोलकल्पित रुपमा जिकिर लिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ।**

१५ विपक्षी रिट निवेदकले निवेदनमा उल्लेख गरेको भक्तपुरको हनुमन्ते खोलाको सार्वजनिक जग्गा अतिक्रमण भएको विषयमा यस कार्यालयमा परेको उजुरी निवेदन उपर स्थानीय प्रशासन ऐन बमोजिम कार्वाही भइरहेको हुँदा यस कार्यालयको हकमा रिट निवेदकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने व्यहोरा अनुरोध छ भन्नेसमेत व्यहोराको **जिल्ला प्रशासन कार्यालय भक्तपुरको लिखित जवाफ।**

१६ स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६) को प्रयोगको लागि निवेदक अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गर्न सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन लिएर जानुभन्दा पहिला उपचारको लागि नियमित कानूनी प्रक्रियाको लागि यस कार्यालयमा अनाधिकृत रुपमा सार्वजनिक जग्गा अतिक्रमण गर्नेको स्पष्ट नाम, थर, वतन खुलाई निवेदन

दिनु भएको भए सोतर्फ कानून बमोजिम जाँच बुझ गरी सार्वजनिक जग्गा अतिक्रमण हुन नदिनेतर्फ कानून बमोजिम गरिने थियो तर सोतर्फ वास्तै नगरी रिट क्षेत्रमा प्रवेश गरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ।**

१७ बागमती नदी स्वच्छ बनाउन यस मन्त्रालयको तर्फबाट गर्नुपर्ने काम विभिन्न माध्यमबाट सबै सरोकारवाला मन्त्रालय, निकाय समेतसँग समन्वय गरी भइरहेको छ। बागमती नदी र यसका सहायक नदीहरु समेतमा फोहरमैला विर्सजन गर्न, फ्याँक्न, थुपार्न नपरोस् भनी वैकल्पिक व्यवस्थापन नभए सम्मका लागि अल्पकालीन र दीर्घकालीन ल्याण्डफिल साईटको व्यवस्था गरिएको छ। नुवाकोट जिल्लाको ओखरपौवास्थित सिसडोल अल्पकालीन ल्याण्डफिल साईट निर्माण सम्पन्न भई सञ्चालनमा रहेको छ र करिब ५ (पाँच) वर्षसम्म पुग्ने गरी क्षमता विस्तार कार्य समेत भइरहेको छ। दीर्घकालीन व्यवस्थाका लागि नुवाकोटको ओखरपौवा तथा धादिङ्गको छत्रे देउराली गा.वि.स.को बीचमा अवस्थित वन्चरे डाँडाको आवश्यक जग्गा प्राप्त गर्ने काम सम्पन्न गरी EIA (Environment Impact Assessment) प्रतिवेदन स्वीकृत भई सकेको छ। काठमाडौं उपत्यकाभित्र भवन निर्माण गर्दा साविकको मापदण्डमा भवनसँगै सेप्टीक ट्यांक (Septic Tank) निर्माण गर्ने व्यवस्था नभएकोले निजी भवन तथा घरहरुबाट सिधै नदीमा मिसाउने गरिएको ढलका कारण नदीहरु प्रदूषित भएको ठहर भई हाल भवन निर्माण गर्दा सेप्टी ट्यांक अनिवार्य बनाउनुपर्ने प्रावधान काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ ले गरेको छ। बागमती नदीको प्राकृतिक स्वरुपलाई पुनर्जीवित गर्न अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति स्थापना भई क्रियाशील छ। यसै गरी नदीको दाँया-बाँया किनारमा सडक र ढल निर्माण गर्ने, वृक्षारोपण गर्ने, नदीको बहावलाई कायम राख्दै पर्यटकीय र आर्थिक महत्व अभिवृद्धि गर्ने कार्य समेत प्रारम्भ भएको छ। रिट निवेदनमा उल्लेख गरिए अनुसार भएका आदेशहरु बमोजिम काम हुँदै नभएको होइन। विभिन्न कारणले समयमा नै शीघ्रातीशीघ्र काम हुन नसकेको भने हो। सरकार एक्लैले मात्र बागमती नदी समेतलाई स्वच्छ र हरियालीपूर्ण बनाउन सक्ने अवस्था नरहेकोले सर्वसाधारण जनता, राजनीतिक दल समेतको प्रतिबद्धता र संलग्नता जरुरी छ। यसका लागि जनचेतना

सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ। अतः रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको **नेपाल सरकार, स्थानीय विकास मन्त्रालयको लिखित जवाफ।**

१८ बागमती र यसका सहायक नदीहरूसमेत दुषित, अतिक्रमित भएको विषयमा रिट निवेदकले उठाएको सरोकार हामी सबैले मनन गरी राखेकै विषय हो। यस विषयमा यसभन्दा अघि पनि पटक-पटक निवेदन भएको र सम्मानित अदालतबाट पनि आदेश जारी भएको र सोही अन्तर्गत अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन भई विशिष्टिकृत समिति बनाई कार्य गरी रहेको छ। सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८।०१।१९ मा भएको आदेशानुसार नदीनालाका किनारामा काठमाडौं उपत्यका नगर विकास समितिको मापदण्ड विपरित बनेका घर टहराहरु, गैरकानूनी भोगचलन भएका जग्गासमेतको प्रतिवेदन बागमती सभ्यता एकीकृत विकास समितिसँग समन्वय गरी प्रतिवेदन पेश गर्नका लागि कर्मचारी खटाई सकिएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको **मध्यपुर थिमि नगरपालिकाको लिखित जवाफ।**

१९ विपक्षी निवेदकले उठाउनु भएको तथ्यहरू बागमती सफा र स्वच्छ राख्नुपर्ने, नदी छेउँको जग्गा मिचेमा कुनै व्यक्ति विशेषले कब्जा गरीं घर टहरा निर्माण गरिएको पाइएमा रोकथाम गर्नुपर्ने जस्ता तथ्यहरू सही र जायज हुँदा हुँदै पनि सो कार्य सरकारी संघ संस्था मात्रको जिम्मेवारी नभई जनचेतना मूलक कार्यक्रम चलाउन सरकारी निकायले प्रत्यक्ष र सक्रिय रुपमा भूमिका निभाउनु पर्छ। राज्यका नीति तथा कार्यक्रम, निर्देशक सिद्धान्त जस्ता विषयहरु अक्षरशः अनुसरण र पालनाको विषय नभई राज्यको आर्थिक लगायत विभिन्न सामर्थ्यताको आधारमा क्रमिक रुपमा पूरा गर्दै जाने हो। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत बिकास समिति जस्ता निकायले यसतर्फ कार्य गर्दै आइ रहेको स्थिति छ। यस कार्यालयबाट पनि हराभरा काठमाडौं भन्ने नारा वोकी बागमती नदी किनारा स्वच्छ र हराभरा राख्न, ठाउँ ठाउँमा बाल वाटीका, शान्ति पार्कजस्ता हरियाली र प्रदूषण बचाउनेतर्फ काम गर्दै आएको छ। यसतर्फ अझ थप कार्यक्रमहरु पनि सञ्चालनका लागि यस कार्यालयको वातावरण विभागको पहलमा कामहरु अगाडि बढाईएको हुँदा रिट निवेदन खारेज होस् भन्नेसमेत व्यहोराको **काठमाडौं महानगरपालिकाको लिखित जवाफ।**

२० नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५(५) मा राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्ने छ भन्ने नीति स्पष्ट रुपमा तोकिएको छ। राज्यका नीति निर्देशक

सिद्धान्त जस्ता विषयहरु अक्षरशः पालनाको विषय नभई राज्यको आर्थिक लगायत विभिन्न सामर्थ्यताको आधारमा क्रमिक रुपमा पूरा गर्दै जाने विषय हो। अधिकार सम्पन बागमती सभ्यता एकीकृत बिकास समिति जस्ता निकायले यसतर्फ कार्य गर्दै आएका छन्। विपक्षी निवेदकले निवेदनमा उठाईएजस्तो यस निकायले आफ्नो दायित्व र कर्तव्यबाट विमुख भएको नभई आफ्नो श्रोत साधनले भ्याएसम्म पहल गर्दै आएको र गर्दै जाने भएबाट विपक्षीको रिट निवेदन खारेज होस् भन्नेसमेत व्यहोराको **भक्तपुर नगरपालिकाको तर्फबाट ऐ.कार्यालयका कार्यकारी अधिकृत राजेन्द्र कुमार पौडेलको लिखित जवाफ।**

२१ अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति आफ्नो स्थापना कालदेखि नै बागमती नदीको संरक्षण र सम्बर्धन कार्यमा निरन्तर रुपले लाग्दै आएको छ। हाल बागमती नदी र यसका सहायक नदीनालाहरुमा फोहर मैला फाल्ने, मापदण्ड बिपरित बनाएका घर टहरा भत्काउने तथा अनियन्त्रित रुपमा बालुवा निकाल्ने जस्ता गैर कानूनी कार्य नियन्त्रणका लागि आफ्नो कार्यक्षेत्र बिस्तार गरी उपत्यकाभित्रका सम्पूर्ण खोलानालाहरुलाई आफ्नो दायरामा ल्याएको छ। बागमती नदी र यसका सहायक नदीनालाहरुको संरक्षण कार्य योजनाबद्ध र प्रभाबकारी रुपमा सञ्चालन गर्न एउटा बिस्तृत कार्ययोजना तयार गरी सो अनुसार समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले यस समिति र राष्ट्रिय प्रकृति संरक्षण कोषबीच समझदारी कायम गरी तयार गरिएको बागमती कार्य योजना नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०६६।४।२७ मा स्वीकृति पश्चात तत्कालीन प्रधानमन्त्रीज्यूबाट मिति २०६६।९।९ का दिन गोकर्ण गुहेश्वरी खण्डको भौतिक पूर्वाधार निर्माण कार्यको शिलान्यास सुसम्पन्न भई बागमती नदी संरक्षण अभियानको प्रारम्भ गरिएको छ। बागमती नदीमा पानीको बहाव अत्यन्त न्यून भई सुख्खा याममा पानीको बहाब नै नहुने स्थिति बिधमान भएकोले बागमती नदीको शिबपुरी राष्ट्रिय निकुञ्जभित्र रहेको मुहान क्षेत्रमा संरक्षण कार्य सञ्चालन गर्न राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु बिभागबाट सहमति प्राप्त गरी सकिएको छ। गुहेश्वरी ढल प्रशोधन केन्द्र परिसरमा fecal sludge unit निर्माणको लागि UN Habitat सँग छलफल भै डिजाईन कार्य सम्पन्न भएको छ। यसको निर्माण पश्चात काठमाडौं महानगरपालिकाको ढल प्रणाली नभएका ३० प्रतिशत घरहरुबाट सोझै नदीमा मिसावट गरिने सेप्टिक ट्यांकहरुको फोहर पानी टयांकरबाट ढुवानी गरी fecal Sludge unit मा ल्याई प्रशोधन गरिने छ। गुहेश्वरी ढल प्रशोधन केन्द्रको नियमित मर्मत संभार, सञ्चालन तथा

स्तरोन्नतिले गर्दा पनि पशुपति क्षेत्रमा नदी प्रदूषणमा कमी आएको छ। यसरी नेपाल सरकारले बिभिन्न समस्याहरु जस्तो पर्याप्त आर्थिक श्रोतको अभाव, बैदेशिक लगानी भित्री नसकेको अबस्था, नदी किनाराहरुमा काम गर्न जग्गा प्राप्तिमा हुने कठिनाई आदिका बाबजुत पनि सरकारको बढीभन्दा बढी श्रोत साधन जुटाई उच्च प्रथमिकताका साथ बागमती र यसका सहायक नदीनाला संरक्षण कार्यलाई अगाडि बढाई रहेको छ। यस कार्यमा राज्यको तर्फबाट कार्यान्वयनमा जिम्मेवारी पाएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय र साझेदारी गर्दै बागमती र यसका सहायक नदीनालाहरूको संरक्षणमा जुटेको छ भन्नेसमेत व्यहोराको **अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष र ऐ.का आयोजना प्रमुखको एकै मिलानको लिखित जवाफ।**

२२ बागमती नदी र यसका सहायक नदीहरु धार्मिक, साँस्कृतिक महत्व बोकेका र काठमाडौं उपत्यकाको सभ्यतामा यसको अतुलनीय महत्व रहेको हुँदा तिनको संरक्षण, सम्बर्द्धन गर्नु जो कोहीको पनि कर्तव्य एवं दायित्व हुनुपर्ने कुरा निर्विवाद छ तर साबिकदेखि बागमती नदीमा ढल मिसाई आएको अवस्थामा ढल व्यवस्थापनको बैकल्पिक व्यवस्था नभई एकाएक ढल बन्द गर्दा झन बिकराल अवस्था सिर्जना हुने निश्चित छ। बागमतीको ढल व्यवस्थापन यस उप-महानगरपालिका एक्लैले गर्न सक्ने सामर्थ्य छैन तथापि सीमित श्रोत साधनका बावजुद यस उप-महानगरपालिकाले बागमती नदीमा प्रदूषण रोक्न बल्खुमा मनमोहन पार्कको निर्माण, सानेपामा बि.पि. पार्कको निर्माण गरेको छ। यस्तै सुन्दरीघाटमा पार्क निर्माण हुने क्रममा छ भने नदी किनारामा बृक्षारोपण गर्ने कार्य र वृक्षारोपणको लागि कुनै संघ, संस्था वा व्यक्तिले बिरुवा माग गरेमा उपलब्ध गराउने गरेको छ। नयाँ ढल बागमतीमा नमिसाउने, घर बनाउन नक्सा पास गर्दा सेप्टिक ट्यांक अनिवार्य राखेको हुनुपर्ने व्यवस्था गरेको छ। यस्तै घरबाट उत्पादित फोहर कम गर्न नगरबासीहरुलाई कम्पोष्ट विन सुपथ मुल्यमा उपलब्ध गराउने गरेको छ र उत्पादित फोहर मैला ओखरपौवा स्थित डम्पिङ्ग साइटमा विसर्जन गर्ने गरिएको हुँदा विपक्षीको रिट खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **ललितपुर उपमहानगरपालिकाको लिखित जवाफ।**

२३ नेपाल सरकार उपत्यका भित्रका नदी एवं तिनका सहायक नदीहरुको स्वच्छता र पवित्रता कायमै राखी नागरिकहरुको संविधान प्रदत्त स्वस्थ वातावरणमा बाँच्न पाउने हक एवं धर्म

र धार्मिक सभ्यतासँग सम्बन्धित हकाधिकारको संरक्षण एवं सम्बर्द्धन गर्ने कुरामा अत्यन्त सचेत र प्रतिवद्ध रहेको छ। बागमती र यसका सहायक नदीनालाहरुको संरक्षण कार्य योजनावद्ध र प्रभावकारी रुपमा सञ्चालन गर्न अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति स्थापना भई निरन्तर रुपमा समितिले आफ्नो कार्य गर्दै आएको छ। समितिले आफ्नो कार्यक्षेत्र बिस्तार गरी उपत्यकाभित्रका सम्पूर्ण खोलानालाहरुलाई आफ्नो दायरामा ल्याएको छ। बागमती नदी र यसका सहायक नदीनालाहरुको संरक्षणका लागि बागमती कार्य योजना निर्माण भई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।०४।२७ को निर्णयानुसार कार्ययोजना स्वीकृत भई लागू गरिएको छ। कार्य योजनाको स्वीकृति पश्चात गोकर्ण गुहेश्वरी खण्डको भौतिक पूर्वाधार निर्माण कार्यको शिलान्यास भई बागमती नदी संरक्षण अभियानको प्रारम्भ गरिएको छ। बागमती नदीको तिलगंगा मिनभवन खण्डमा नदीको दुबै किनारामा ढल, सडक तथा ग्रिनबेल्ट निर्माण सम्बन्धी सम्झौता भई निर्माण कार्य शुरु भएको छ। बागमती नदीमा पानीको बहाव अत्यन्त न्यून भई सुख्खा याममा पानी नै नहुने स्थिति विद्यमान भएकोले २५ लिटर प्रति सेकेण्ड क्षमताको पानी दिने डिप बोरिङको निर्माण कार्य सम्पन्न भएको छ। गुहेश्वरी ढल प्रशोधन केन्द्र परिसरमा Fecal Sludge Unit निर्माणको लागि UN Habitat को सहयोगमा डिजाईन कार्य सम्पन्न भएको छ। बागमती नदी र यसका सहायक नदीनालाहरुको स्वच्छता कायम राख्ने विषय अत्यन्त जटिल हुनुका साथै यसका लागि आवश्यक स्रोत, साधन र प्रविधिको व्यवस्थापन प्रमुख चुनौतीका रुपमा रहेको छ परन्तु नेपाल सरकार आफ्नो स्रोत, साधन र क्षमताको अधिकतम उपयोग गरी सम्मानित अदालतको आदेश कार्यान्वयन गर्न दत्तचित्त भई लागिरहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आफ्नो हकमा समेत नेपाल सरकारका मुख्य सचिव माधवप्रसाद घिमिरेको लिखित जवाफ।**

## रिट नं. ०६८-WO-००७४ को निवेदनमा थप लिखित जवाफ

२४ यस मध्यपुर थिमि नगरपालिकाको क्षेत्र सफा र स्वच्छ राख्ने दायित्व अनुसार नगर क्षेत्रको फोहर संकलन गर्दै आएको तर फोहर विसर्जन गर्न आफ्नै ल्याण्डफिल साईड नभएकाले मिति २०६८।३।२ मा बसेको बोर्ड बैठकले संकलित फोहरलाई विसर्जन गर्न महत्वपूर्ण

निर्णयहरु गरी सो बमोजिम कार्य भइरहेको छ। बिपक्षीले सम्मानित सर्वोच्च अदालत समक्ष नदी प्रदूषण हुनबाट रोकी पाऊँ भनी मिति २०६८।४।१५ मा निवेदन दायर गरेको तर यस नगरपालिकाले यस सम्बन्धमा मिति २०६८।३।२ मै निर्णय गरी सकेको र कार्यान्वयनका लागि मिति २०६८।४।१४ गते सार्वजनिक सूचना समेत प्रकाशित गरिसकेको हुँदा निवेदनमा थप कारवाही गर्नुपर्ने अवस्था छैन। बिपक्षीको निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको **मध्यपुर थिमि नगरपालिकाको लिखित जवाफ।**

२५ विपक्षीहरुले यस नगरपालिकालाई विपक्षी बनाई मुद्दा दिनको लागि यस नगरपालिकाबाट निजहरुको संवैधानिक मौलिक हक हनन् भएको कुरा स्पष्टसँग देखाउन सक्नु पर्दछ। यस महानगरपालिकाको के कुन कार्यले विपक्षीहरुको मौलिक हकमा हनन् भएको हो सोसम्बन्धमा विपक्षीहरुले कुनै प्रमाणसमेत पेश गर्न नसकेको समेतका कारणबाट विपक्षीहरुको रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **काठमाडौं महानगरपालिकाको लिखित जवाफ।**

२६ नेपाल सरकार काठमाडौं उपत्यकामा बग्ने नदीहरुको स्वच्छता कायम र उपत्यकाको फोहरमैलाको उचित व्यवस्थापन गर्ने गराउने कुरामा प्रतिवद्ध रहेको छ। बागमती र यसका सहायक नदीनालाहरुको संरक्षण कार्य योजनावद्ध र प्रभावकारी रुपमा संचालन गर्न अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति स्थापना भई निरन्तर रुपमा समितिले आफ्नो कार्य गर्दै आएको छ। समितिले आफ्नो कार्यक्षेत्र विस्तार गरी उपत्यकाभित्रका सम्पूर्ण खोलानालाहरुलाई आफ्नो दायरामा ल्याएको छ। बागमती नदी र यसका सहायक नदीनालाहरुको संरक्षणका लागि बागमती कार्य योजना निर्माण भई नेपाल सरकार मन्त्रिपरिषदको २०६६।४।२७ को निर्णयानुसार कार्ययोजना स्वीकृत भई लागू गरिएको छ। काठमाडौं उपत्यकाको फोहरमैलाको व्यवस्थापन नगरपालिका एवं फोहरमैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र मार्फत भईरहेको र सो को लागि नुवाकोटको ओखरपौवा सिसडोलमा अल्पकालीन ल्याण्डफिल साइट, बन्चरेडाँडामा दीर्घकालीन ल्याण्डफिल साइटको निर्माण भई फोहर व्यवस्थापन भइरहको र थप व्यवस्थाका लागि उक्त स्थानको जग्गा प्राप्त गरी अन्य आवश्यकीय कार्यहरु भइरहेको छ भन्नेसमेत व्यहोराको **नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको लिखित जवाफ।**

२७ वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन नगरी कार्यान्वयन गर्न नहुने व्यवस्था छ। बागमती र हनुमन्ते नदी क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन नै नगरी फोहर फ्याँक्ने काम भएकोले त्यस्तो काम तत्काल रोक्न निवेदकले माग गर्नु भएको छ। त्यसैगरी मन्त्रालयले त्यस्तो फोहर फ्याँक्नबाट रोक लगाउनुपर्नेमा नलगाएको भन्ने निवेदकको आरोप छ। यसमा कुनै किसिमको फोहर वा अन्य पदार्थको प्रयोगबाट वातावरणमा उल्लेख्य प्रतिकूल प्रभाव पारेको वा पर्ने देखिएका क्षेत्रमा उल्लेखित वस्तु वा पदार्थ प्रयोगमा बन्देज लगाउन सक्ने व्यवस्था बमोजिम मन्त्रालयबाट नियमित अनुगमन गरी त्यस्तो पाइएमा त्यस्तो वस्तु वा पदार्थ प्रयोगमा बन्देज लगाउन सक्ने नै हुँदा निवेदन जिकिर खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **वातावरण मन्त्रालयको लिखित जवाफ।**

२८ रिट निवेदकहरुले रिट दायर गरेको समयमा सिसडोल ल्याण्डफिल साइटसम्म जाने बाटोमा वर्षातको कारणले पहिरो गई सडक अवरोध भएको अवस्था थियो। फोहर संकलन गरी लगिएको सवारी साधन दैवी प्रकोपले गर्दा साइटसम्म पुग्न नसकी समस्या भएकोबाट उपमहानगरको श्रोतसाधनले भ्याएसम्म जटिल परिस्थितिमा पनि नगर स्वच्छ राख्न यस उपमहानगरपालिकाले कार्य गरिरहेको थियो। यस उपमाहानगरपालिकाले स्वच्छ वातावरण कायम राख्ने प्रयोजनसमेतका लागि नगरक्षेत्रको फोहर संकलन गरी उक्त फोहरमैला सिसडोल ल्याण्डफिल साइटमा व्यवस्थापन गर्ने गरेको, बागमती नदी किनारामा बृक्षारोपणका लागि विभिन्न संस्थाहरुलाई बिरुवाहरु उपलब्ध गराइएको, भवन निर्माणका लागि नक्सा पास गर्दा सेफ्टी टयांकी अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था गरिएको छ। यसबाट पनि यस उपमहानगरपालिका आफ्नो कानूनी दायित्व र कर्तव्यबाट पन्छिन नखोजेको प्रष्ट हुने हुँदा गोश्वारा रुपमा बाग्मती नदीको बल्खु क्षेत्रमा यस उपमहानगरपालिकाले फोहर थुपारेको भनी लगाएको आरोप सत्य नभएकोले हाम्रो हकमा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **ललितपुर उपमहानगरपालिकाको लिखित जवाफ।**

२९ रिट निवेदकले उठाउनुभएको विषय वातावरण संरक्षणसँग सम्बन्धित देखिएको र नदी क्षेत्रमा फोहर जम्मा गर्दा पानी प्रदुषित भई उक्त पानी सेवन गर्दा मानव स्वास्थ्यमा नकारात्मक असर परेको भन्दै वातावरणमा ह्रास ल्याउने गरी फोहरमैला फाल्ने कार्य रोक्न, रोकाउन माग गरेको देखिन्छ। निवेदकले उल्लेख गर्नु भए अनुरूपको वातावरण संरक्षण लगायत

फोहरमैला व्यवस्थापन गर्ने कार्य प्रत्यक्ष रूपमा यस मन्त्रालयको कार्य क्षेत्रभित्र पर्ने विषय नहुँदा रिट निवेदन खारेजभागी छ खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ।**

३० निवेदकले फोहरमैला व्यवस्थापन गर्ने दायित्व फोहरमैला प्रवन्ध तथा श्रोत परिचालन ऐन, २०४४ बमोजिम फोहरमैला प्रबन्ध तथा श्रोत परिचालन केन्द्रको र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) बमोजिम नगरपालिकाहरुको भएको उल्लेख गर्नु भएको छ। फोहरमैला व्यवस्थपन ऐन, २०६८ लागु भएपछि फोहरमैला ब्यवस्थापनको सम्पूर्ण जिम्मेवारी स्थानीय निकायमा निहित भएको छ भने केन्द्रको भूमिका प्राबिधिक सहयोगमा केन्द्रित रहेको छ। नयाँ ऐन लागु भैसकेपछि यस केन्द्रले गर्दै आएको काठमाडौं उपत्यकाको फोहरमैला ब्यवस्थापन सम्बन्धी पूर्बाधार बिकासको कार्य क्रमशः स्थानीय निकायबाट हुने र सोही बमोजिम केन्द्रले प्राबिधिक सहयोग उपलब्ध गराउने ब्यहोरा अनुरोध छ। काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनका लागि केन्द्रले नुवाकोट जिल्लाको ओखरपौवा गा.बि.स बडा नं ४ सिसडोलमा अल्पकालीन तथा मध्यकालीन ल्याण्डफिल साईटको निर्माण गरी सञ्चालनमा ल्याएको छ र उक्त साईटमा नै हाल फोहरमैला व्यवस्थापनको कार्य भैरहेको छ। काठमाडौं उपत्यकाको फोहरमैलालाई दीर्घकालीन रुपमा ब्यवस्थापन गर्न नुवाकोट तथा धादिङ जिल्लाको बिचमा अवस्थित बन्चरेडाँडामा १८०० रोपनी जग्गा अधिग्रहण गर्ने कार्य सम्पन्न भएको र उक्त साईटको वातावरणीय प्रभाव मूल्याङ्कनसमेत सम्पन्न भईसकेको छ। मध्यकालीन साईटको अवधिभित्र दीर्घकालीन स्यानीटरी ल्याण्डफिल साईट निर्माण कार्य सम्पन्न भईसक्ने अवस्था रहेकोले बागमती नदीको किनारामा फोहर राख्नु पर्ने अवस्था नै नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको लिखित जवाफ।**

३१ निवेदन माग दावीको सन्दर्भमा लिखित जवाफ र यस अदालतको मिति २०६८।१।१९ को अन्तरिम आदेशमा उल्लेख भएका विषयहरु कार्यान्वयनको अद्यावधिक अवस्था सम्बन्धमा के कस्तो प्रगति भएको छ वा सो बमोजिम हुन नसकेको भए के कति कानून वा कारणले हुन नसकेको हो? सोको कारणसमेत बुँदागत आधारमा खुलाई बागमती नदीको प्रदूषण हटाउन र निवेदकले निवेदनपत्रमा उल्लेख गरेको गर्नुपर्ने कार्य सम्पन्न गर्न के कस्तो व्यवस्था भए सम्पन्न गर्न सकिन्छ त्यस सम्बन्धमा जिम्मेवारी कोसँग रहने हुन्छ? र त्यसको

लागि चाहिने शर्तहरु के हुन सक्छन्?, ती सबै कुराहरूसमेत स्पष्ट हुने गरी २ महिनाको समय दिई सम्बन्धित विपक्षीबाट प्रतिवेदन प्राप्त गरी बहस नोटसाथ पेश गर्न महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई निवेदनपत्रको प्रकरण १६(ङ) को प्रयोजनको लागि विपक्षीहरू स्वयंलाई आगामी सुनुवाईमा उपस्थित गराउन महान्यायाधिवक्ताको कार्यालयलाई लेखी दुई महिनाको समय दिई पेशी चढाई हेर्दाहेर्दै बाँकीमा पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७०।०५।१९ को आदेश।**

३२ यसमा यस अदालतको मिति २०७०।५।१९ को आदेश बमोजिमको सम्बन्धित विपक्षीहरुले पठाउनुपर्ने प्रगति सहितको प्रतिवेदन एवं बहस नोट समेत महान्यायाधिवक्ताको कार्यालयबाट पेश हुन सकेको पाइएन। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट इजलास समक्ष प्रस्तुत गरिएको कार्ययोजनाको कार्यान्वयन र विद्यमान समस्याहरुको सम्वन्धमा समेत विचार गरी देखिएका समस्याहरुको समाधानको लागि लिन सकिने उपायहरु समेत बारे विचार गरी पूर्व आदेश बमोजिम एकीकृत प्रतिवेदन एवं बहस नोट पेश गर्न एक पटकको लागि १ महिनाको समय दिई पेशी तोक्ने र सो दिन विपक्षी महलमा उल्लेखित मन्त्रालयहरुका सचिव तथा सम्बन्धित कार्यालयका कार्यकारी प्रमुखहरुलाई समेत उपस्थित हुन सूचना पठाउन महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाई हेर्दा हेर्दै बाँकीमा नियम बमोजिम पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७०।०९।०८ को आदेश।**

३३ यसमा यस अदालतबाट मिति २०७०।०९।८ को आदेश बमोजिम पेश हुन आएको प्रतिवेदन र नेपाल सरकारका मुख्य सचिवले बागमती नदी सरफाईको कार्यक्रमको सम्बन्धमा विगत केही महिनादेखि स्वेच्छिक रुपमा जनताको व्यापक सहभागिता सहित सञ्चालित बागमती सफाई महाअभियानको निरन्तर प्रयास र उपलब्धी सम्बन्धमा समेत प्रस्तुत गर्नुभएको विवरण सुनियो। नेपाल सरकारको मुख्य सचिव, सहरी विकास मन्त्रालयका सचिव एवं बागमती नदी सभ्यता एकीकृत विकास समितिका प्रमुख समेतको सक्रियतामा थालिएको सफाई कार्यक्रमलाई विवादित विषयका समग्र समाधानको अंगको रुपमा लिएको भई त्यसबाट जनसहभागिता र उत्साह बढाउन खोजिएको देखिएकोले सो सान्दर्भिक हुँदा यस्तो कार्य निरन्तर भएमा सफाई कार्यक्रममा सहयोगी हुने देखी प्राप्त प्रतिवेदनमा बागमती सफाईको समग्र समस्या समाधानको लागि प्रर्याप्त कानूनी व्यवस्थाको आवश्यकता, River

Basin Organization गठन गर्न नदीको सीमाङ्कन गर्ने र अव्यवस्थित बस्तीहरु नदी किनाराबाट अन्यत्र सार्ने जस्ता समस्याहरु औंल्याएको देखिन्छ। बागमती नदी र नदीमा मिसिने सहायक खोलानाला आदिहरुको समेत ढल व्यवस्थापन र पानी प्रशोधन जस्ता कार्यक्रमहरू अभिन्न रूपले सम्बन्धित हुने देखिएको तर उपरोक्त समस्याहरूको पूरा तवरले समाधान गर्ने सम्बन्धमा समस्याको प्रकृति र परिमाण एवं तिनको सम्बोधन गर्ने रणनीतिक कार्यक्रम विशद् रुपमा तयार भएको नदेखिएकोले समस्याको रुपमा पहिचान गरिएका विषयहरुको हकमा उपरोक्त बमोजिम अध्ययन गरी रणनीतिक कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्नेतर्फ नेपाल सरकार र अन्य विपक्षीहरुलाई ध्यानाकर्षण गराउने। प्राप्त प्रतिवेदन अध्ययन गर्दा विभिन्न क्षेत्रगत मन्त्रालयहरुका कार्यक्रमहरुको छुट्टाछुट्टै प्रस्तुति भएको देखिएकोले अब आइन्दा बागमती नदीको पानीमा रहेको प्रदूषण हटाउने र सफाई कायम राख्ने प्रयोजनको लागि केन्द्रीय स्तरमा विभिन्न मन्त्रालय, विभाग वा निकायहरुको कार्यक्रमहरुको आधारमा एकीकृत रुपमा सफाई कार्यक्रमको मुख्यमुख्य विशेषता, कूल लागत, स्रोत विनियोजन, खर्च, कार्यक्रम तर्जुमा र कार्यान्वयनको वास्तविक औसत स्थिति, कार्यक्रम अन्तिम रुपमा सम्पन्न हुने प्रक्षेपित समयको मिति, त्यसको आवधिक लक्ष्य र कार्यान्वयनको स्थिति, अवलम्बन गरिने रणनीति र तिनका कार्यान्वयनको जिम्मेवारी किटान भएका निकाय वा पदाधिकारी, अनुगमन र मूल्याङ्कनको परिणाम समेत देखिने गरी आयोजना पूरा नभएसम्म एकीकृत प्रगति प्रतिवेदन चौमासिक रुपमा पेश गर्ने गराउने व्यवस्था गर्न महान्यायाधिवक्ताको कार्यालय मार्फत नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका विपक्षीहरुलाई लेखी पठाउने सिलसिलमा आगामी चौमासिक प्रतिवेदन पेश गर्नको लागि २०७१ सालको श्रावणको दोस्रो हप्ता किटान गरी पठाउने। उक्त प्रतिवेदन पेश हुने दिन नेपाल सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयका प्रमुखको उपस्थिति सुनिश्चित गर्न महान्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नु साथै प्रस्तुत मुद्दालाई हेदहिर्दै बाँकीमा पेश गर्ने व्यवस्था मिलाउनु भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७०।११।११ को आदेश।**

३४ यसमा यस अदालतको आदेश बमोजिम पेश हुन आएको हालसम्म भए गरेको कार्य प्रगति विवरणबाट लक्ष्य पूरा हुने कुरा सुनिश्चित भै सकेको भन्ने नदेखिएकोले पूर्व आदेश बमोजिमको अद्यावधिक लक्ष्य, योजना र प्रगतिको आधिकारिक विवरण पेश गर्न सम्बन्धित मन्त्रालय वा

निकायका प्रमुखहरु समेत प्रस्तुत रिटको पेशीका दिन उपस्थितिको लागि महान्यायाधिवक्ताको कार्यालयलाई सूचीत गरी प्रस्तुत रिट मिति २०७१।१२।१७ गते हेर्दा हेर्दै बाँकीमा नियमानुसार पेश गर्नु भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७१।१२।१ को आदेश।**

३५ यसमा यस अदालतको पूर्व आदेशानुसार विपक्षी नेपाल सरकारकातर्फबाट प्राप्त हुन आएको दोश्रो चौमासिक एकीकृत प्रगति प्रतिवेदन (२०७१ मंसिर- फागुन मसान्तसम्म) र इजलास समक्ष देखाइएको सो प्रगतिको दृश्यचित्र समेत अवलोकन गरी नेपाल सरकारका सचिव समेतको सहभागितामा छलफल समेत गरियो। छलफल एवं प्रगति प्रतिवेदनबाट बागमती नदी सफाई कार्यक्रममा छुट्याइएको बजेट एवं प्राप्त विदेशी सहयोग अनुसार प्रगति हुन नसकेको, नदीमा पानीको बहाब अटुट रुपमा कायम राख्न दीर्घकालीन समाधान हुन सक्ने उपायका सम्बन्धमा ठोस रणनीति तयार भएको नदेखिएको, River Basin Organization गठन गर्न नदीको सीमाङ्कन हुन नसकेको, Waste Water Treatment Plant को आवश्यकतानुसार विस्तार र व्यवस्थित हुन सकेको नदेखिएको तथा नदीको पानीको बहाब नियन्त्रणको लागि कार्य प्रगति अझै हुन सकेको देखिएन। नदी क्षेत्रको जग्गा अतिक्रमण गरी बसोबास गरेका व्यक्तिहरुका कारण बागमती संरक्षण तथा सरसफाई कार्यान्वयनमा बाधा पुग्ने देखिएको भन्ने छलफलको क्रममा व्यक्त भएकोले त्यसको समाधानका लागि नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरुले समन्वयात्मक ढङ्गले काम गरी यसको व्यवस्थापन गर्नुपर्ने, यसको लागि नीति ऐन, नियम जो जे परिवर्तन वा संशोधन गर्नुपर्ने हो सो समेत गर्नुपर्ने, पहिलेको सर्भे नापीमा रेखाङ्कन भएको नदीको बहाब क्षेत्र हाल सो अवस्थामा नभई दिशा परिवर्तन गरेको कारण पुनः सो क्षेत्रको नापी गरी नदीको एकीन नक्शाङ्कन गर्नुपर्ने आवश्यकता समेत छलफलको क्रममा औंल्याइएको देखियो। उपरोक्त सन्दर्भमा, बागमती नदीको जलको शुद्धताको स्वीकृत स्तर हासिल गर्नको लागि नदी नियन्त्रण, व्यवस्थापन र नियमन महत्वपूर्ण हुने हुनाले नदीको केन्द्रविन्दुबाट दायाँ-बायाँ भू-भाग कति छाडिदिनुपर्ने भन्ने सहितको नदीको चौडाई औषत निर्धारण गरी सख्तीका साथ लागू गर्नुपर्ने र त्यसका लागि कानूनी, संस्थागत, संरचनागत एवं व्यावहारिक उपायहरुको व्यवस्था गर्नुपर्ने, River Basin Organization संस्था स्थापित गरी सञ्चालन गर्नुपर्ने, नदीमाथि कुनै पनि किसिमका मानवीय, भौतिक हस्तक्षेपलाई निरुत्साहित गर्ने र भइरहेको हस्तक्षेपलाई हटाउने कानूनी एवं अन्य कारवाहीहरु

तदारुकताका साथ जारी राख्ने, कार्ययोजना कार्यान्वयनको सिलसिलामा प्रत्येक चौमासिक लक्ष्य अनुसार प्रगति हासिल गर्न आवश्यक पर्ने बजेट विनियोजन समयमै गर्नु पर्नेमा सोको कारण प्रगति हासिल हुन नसक्ने स्थिति दोहोर्‍याउन नहुने, कार्य क्षेत्रको मौलिक लक्ष्य अनुसारको काम नभई खर्च समेत नभइरहेको भन्ने देखिएकोले कार्ययोजनाको लक्ष्य र समय तालिका संशोधन गर्न नपर्ने गरी थप गतिशीलताका साथ कार्यक्रमहरु अघि बढाउनुपर्ने देखिएको, बागमती नदीको वहाव नियमित स्तरमा सुनिश्चित गर्न र भूमिगत पानीको अनुचित शोषण हुँन नपर्ने स्थितिको लागि पूरकको रुपमा जनस्तरमा बर्षादको पानी संकलन र व्यवस्थापन गर्न गराउन र त्यसलाई प्रोत्साहित गर्न आवश्यक नीतिगत तथा व्यावहारिक कार्यक्रम समेत सान्दर्भिक हुने कुरा छलफलका क्रममा व्यक्त भएकोले त्यसतर्फ समेत ध्यानाकर्षण भई आवश्यक व्यवस्था गर्न उपयुक्त नै देखिएको छ। हालसम्म भएका क्रियाकलापहरु र त्यसबाट प्राप्त उपलब्धीहरु महत्वपूर्ण नै देखिन्छ र त्यसमा सबैको प्रयास स्मरणीय रहेको भए तापनि खर्च र प्रगतिको मात्राको भौतिक मूल्याङ्कनका आधारमा अझै धेरै काम बाँकी भै लक्ष्यको अनुपातमा धेरै पछि परेको भन्ने देखिन्छ। विद्यमान समस्याहरुको प्राथिमकताका साथ सम्बोधन गर्दै पछि परेका क्रियाकलापको क्षतिपूर्ति सहित थप अग्रताको साथ मूल लक्ष्य अनुरुप नै गतिविधि निरन्तर गरी र खर्चको व्यवस्थापन एवं वास्तविक उपलब्धि हासिल गर्ने हिसावले पूर्व आदेशानुसार आगामी चौमासिक प्रतिवेदनमा अझ बढी यथार्थपरक र उपलब्धिपूर्ण प्रगति प्रस्तुत गर्न र विपक्षी सम्बन्धित निकायका प्रमुखहरुलाई पेसीको दिन उपस्थित भई प्रतिवेदनको स्पष्टिकरण पेश गर्नका लागि सूचीत गर्नु भनी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्बन्धित विपक्षीहरुको ध्यानाकर्षणको लागि लेखी पठाई प्रस्तुत मुद्दा हेदहिर्दै बाँकीमा नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७१।१२।१७ को आदेश।**

३६ यसमा पूर्व आदेश बमोजिम २०७२ साउनसम्मको प्रतिवेदन पेश भएको तर सोको प्रस्तुति एवं स्पष्टिकरणको लागि सम्बन्धित निकायका प्रमुखहरु पेशीको दिन उपस्थित हुन महान्यायाधिवक्ताको कार्यालय मार्फत सूचना दिई छलफल गर्नुपर्ने भएकोमा सो प्रयोजनको लागि सूचना दिएको नदेखिंदा उपरोक्त बमोजिम छलफल हुन सकेन। अब उपरोक्त बमोजिम प्रतिवेदन प्रस्तुति एवं स्पष्टिकरणको लागि समेत विपक्षी निकायका प्रमुखहरु उपस्थित हुन आगामी मिति २०७२।५।२७ गतेको पेशी तोकी सो दिन प्रस्तुत मुद्दा पेश गर्नु। साथै

मिति २०६८।१।१९ को यस अदालतको आदेश बमोजिम काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका र मध्यपुर ठिमी नगरपालिकाको नगर क्षेत्रभित्र मापदण्ड विपरीत निर्माण गरेको भनिएका घरहरुका सम्बन्धमा समेत प्रतिवेदन पेश गर्नु पर्नेमा सो पनि हालसम्म पेश गरेको नदेखिएकोले सो सम्बन्धी आदेशको कार्यान्वयनको सम्बन्धमा समेत आफ्नो स्थिति अवगत गराउन उक्त दिन उपस्थित हुन सम्बन्धित नगरपालिकाहरुलाई सूचना दिई लगाउका मुद्दाहरु समेत साथै राखी नियमानुसार गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७२।०५।२० को आदेश।**

३७ यसमा प्राप्त चौमासिक प्रतिवेदनको प्रस्तुति सुनियो। मिति २०७१।१२।१७ को यस अदालतको आदेशमा उल्लेख भएका कुराहरुका कार्यप्रगति स्थितिको अतिरिक्त अधिकार सम्पन्न बागमती एकीकृत विकास आयोजनाको २०७२ आषाढ मसान्तसम्मको चौमासिक लक्ष्य, प्रगति एवं व्यवधान चुनौतिहरुका सम्बन्धमा तथ्यगत प्रस्तुति प्रष्ट रुपमा पेश भएको नपाइएकाले सो समेत समेट्ने गरी अर्को प्रस्तुति प्रस्तुत गर्न तथा सो सिलसिलामा २०६८।१।१९ को यस अदालतको आदेशको कार्यान्वनयनको स्थिति झल्काउने गरी प्रस्तुत गर्न आगामी असोज ११ गतेको दिन तोकी सो दिन प्रस्तुतिकरण एवम् स्पष्टिकरणको लागि सम्बद्ध निकायहरुका प्रमुखहरु उपस्थित हुन महान्यायाधिवक्ताको कार्यालयमार्फत सूचना पठाई नियमबमोजिम पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७२।०५।२७ को आदेश।**

३८ यसमा यस अदालतको मिति २०६८।५।२७ को आदेश बमोजिमको आवधिक प्रगति प्रतिवेदन पेस भयो। नदीको सरसफाईको कार्यलाई अभियानको रुपमा लिई बागमती नदी र सहायक अन्य खोला नालामा समेत विस्तार गरी सहकार्यमा जनचेतना बढाउने, दुषित दर्ताको विरुद्ध कारवाही गरी अतिक्रमित जग्गा पुनः प्राप्त गर्ने कार्यमा प्रयास भई रहेको भए पनि प्रभावकारी देखिएन र सफलता उल्लेखनीय भैसकेको पाइएन। नदीबाट बालुवा निकाल्ने कार्यमा नियन्त्रण गर्ने, प्लाष्टिक झोला फाल्ने कार्यलाई हतोत्साहित गर्ने, नदी वा खोलानालामा फोहर फाल्न नदिने आदि प्रयासलाई निरन्तरता दिनु पर्दछ। शहरी क्षेत्रमा शौचालयको आवश्यक संख्या यकिन गरी निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ। बागमती नदी संरक्षण गर्न RBO (River Basin Organization) खडा गर्ने, बर्षे पानी संरक्षण र सदुपयोग गर्ने कार्यलाई संस्थागत गर्ने, फोहरमैला व्यबस्थापनको लागि आवश्यकता अनुसार निजी

क्षेत्रलाई प्रयोग गरी उर्जा उत्पादन गर्ने वा मल उत्पादन गर्ने, नदी क्षेत्रको अतिक्रमित जग्गा प्राप्ति गर्ने र कुनै बहानामा पनि नदी क्षेत्रको जग्गा दर्ता गर्न गराउन नदिन कानूनी व्यवस्था गर्ने उपायमा प्रभावकारीता ल्याउनुपर्ने देखिन्छ। नगरपालिकाबाट नक्सा पास भै बनेका घरबाट जग्गा अतिक्रमित भए नभएको वा नक्सा बमोजिम निर्माण गरे नगरेको कुरामा पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ। विना नक्सा बनाइएका घरबाट पर्न गएको असर हेर्ने क्रममा तदारुखता देखाउनुपर्ने देखिन्छ। यस अदालतबाट विभिन्न मितिमा दिइएका आदेशहरुको पृष्ठभूमिमा चौमासिक रुपमा प्रगति प्रतिवेदन पेस गर्दा स्पष्ट रुपमा विषय विषयमा कस्तो कार्ययोजना तयार भयो, आवधिक लक्ष्य के छ र प्रगति के भएको छ, योजनाको मूल लक्ष्य र कार्ययोजनाको कार्यान्वयनको बीचमा तादाम्यता के कस्तो रहन सक्यो, त्यसमा जरुरी समन्वयात्मक कार्यका लागि के कस्तो संयन्त्र विकसित भएको छ? कार्ययोजनाको अन्तिम लक्ष्यको पृष्ठभूमिमा हालको प्रगति प्रतिशत के कस्तो छ? आदि कुराहरु प्रष्ट हुन जरुरी छ। तथ्याङ्क प्रस्तुतिको दृष्टिले हालको प्रस्तुतिमा केही सुधार भए पनि आगामी अवधिको प्रगति प्रतिवेदन अझ परिमार्जित, वस्तुनिष्ठ र स्पष्ट रुपमा प्रस्तुत गर्नु भनी सम्बन्धित निकायहरुमा लेखी पठाई पूर्व आदेशानुसार अर्को प्रतिवेदन पेस भएपछि नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७२।०६।११ को आदेश।**

३९ यसमा प्रस्तुत रिट निवेदनमा मिति २०७२।६।११ मा यस अदालतबाट भएको आदेश बमोजिमको प्रतिवेदन प्राप्त हुन आएको पाइएन। बागमती नदीको प्रदूषण नियन्त्रण गर्ने एवं बागमती सभ्यता संरक्षण समेतको विषय सन्निहित हुँदा पूर्व आदेशबमोजिमका कार्यहरुको प्रगति विवरण आवधिक रुपमा लिई न्याय निरोपणतर्फ अघि बढ्नु पर्ने देखियो। तसर्थ प्रस्तुत रिट निवेदन र लगाउको निवेदनलाई हेर्दा हेर्दै राखिएको छ। जो जहाँबाट प्रतिवेदन लिनुपर्ने हो त्यहाँबाटै समन्वय गरी प्रतिवेदन लिई यस अदालतमा आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र पूर्व आदेश बमोजिमको विस्तृत प्रतिवेदन गर्नु भनी मिति २०७२।६।११ को आदेशको प्रतिलिपि समेत साथै राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखा, सिंहदरवारलाई लेखी प्रतिवेदन प्राप्त भएपछि हेर्दा हेर्दै बाँकी राखिएको हुँदा मिति २०७५।२।१६ गते नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७४।११।१० को आदेश।**

४० यसमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयतर्फबाट मिति २०७५।०२।१५ मा महान्यायाधिवक्ता कार्यलय मार्फत यस अदालतमा पेश हुन आएको प्रतिवेदन अध्ययन गरियो। उक्त प्रतिवेदनमा बागमती नदीमा ढल विच्छयाउने कार्य, मुहान क्षेत्रमा बाँध बाध्ने कार्य, सौन्दर्यीकरण गर्ने बारेमा केही कार्य भैरहेको उल्लेख भएको पाइयो। यसका साथै उक्त प्रतिवेदनमा संलग्न अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले पेश गरेको कार्य योजनामा बागमतीका सहायक नदीहरु धोवी खोला, हनुमन्ते, नख्खु तथा बल्खु नदीमा ढल तथा अन्य भौतिक पूर्वाधारहरुको निर्माण सम्बन्धमा केही कार्य भएको र केही कार्य हुने क्रममा रहेको भन्ने उल्लेख हुन आयो। तर प्रतिवेदनमा बागमतीका अन्य सहायक नदीहरु टुकुचा (इच्छुमती), मनहरा, वल्खु (इन्द्रमती), नख्खु तथा उपसहायक नदीहरु गोदावरी, हनुमन्ते, साङ्ला खोला, महादेव खोला, कोड्कु खोला समेतका नदीहरुको समस्त वहाव तथा तटीय क्षेत्रको संरक्षणका बारेमा कुनै कुरा उल्लेख भएको पाइएन। बागमती नदी सभ्यताको कुरा गर्दा यी समस्त सहायक नदीहरुको वातावरणको संरक्षण अपरिहार्य हुन्छ। नेपाल सरकारबाट तयार भएको बागमती कार्य योजना (२००९-२०१४) को अवधि समाप्त भएको र त्यसपछि समस्त बागमती नदी सभ्यतालाई समेट्ने गरी कुनै कार्य योजना तयार भएको छ भन्ने पनि खुल्न आएन। यस अदालतबाट यस अघि भएका आदेशहरु हेर्दा मिति २०६८।१।१९ मा बागमती र यसका सहायक नदीनालाहरुमा फोहर फाल्ने, बालुवा झिक्ने, मापदण्ड विपरीत घर टहरा बनाउन रोक्ने बारे प्रतिवेदन माग भएकोमा सो बारेको प्रगति विवरण प्राप्त भएन। त्यस्तै गरी काठमाडौं, ललितपुर, भक्तपुर, मध्यपुर ठिमी समेतका नगरहरुभित्र नदीनालाका किनारामा कति घर टहरा बनेका छन्? के कति जग्गा गैरकानूनी भोग चलनमा छन्? सो सबै विषयमा विस्तृत प्रतिवेदन माग गरिएकोमा सो पनि प्राप्त हुन सकेको देखिएन। त्यस्तै गरी मिति २०७०।११।११ को आदेशमा River Basin Organization गठन गर्ने, नदीको सीमाङ्कन गर्ने र अव्यवस्थित वस्तीहरु नदी किनाराबाट अन्यत्र सार्ने सन्दर्भमा भएको आदेशको कार्यान्वयन बारे पनि कुरा स्पष्ट हुन सकेन। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलाई River Basin को अध्ययन गरी २००९-२०१४ को कार्ययोजना जस्तै समस्त उपत्यकाको नदी प्रणाली, बहाव, तटीय क्षेत्र, सोसँग जोडिएका सार्वजनिक क्षेत्रहरुको अवस्था समेत अध्ययन गरी संरक्षणमा काम गर्ने अधिकार छ वा छैन, नभए त्यस्तो अधिकार दिनु उपयुक्त हुन्छ वा हुँदैन भन्नेमा पनि

छलफल हुन पर्ने देखियो। यसको अलावा नदी प्रणालीमा गरिने फोहर मैलाको विसर्जन रोक्ने, उपत्यकाको खुला सार्वजनिक जग्गाहरुको पहिचान गरी तिनको संरक्षण गर्ने, ताल तथा पोखरी एवम् धाप क्षेत्र (Wet Land) हरुको संरक्षण र भू-सतह मुनिको जल (Underground Water) को संरक्षण तथा तह विस्तार, वर्षातको पानी संकलनको निम्ति बागमतीको मुहान क्षेत्रमा हाल बनिरहेका बाँधको अतिरिक्त मेलम्ची खानेपानी आयोजना सम्पन्न भएपछि बागमतीको जल प्रवाहमा पर्ने असरको अध्ययनको साथै बागमतीको जल प्रवाह बढाउन मेलम्ची आयोजनाको दोस्रो र तेस्रो चरणमा विस्तार हुँदा के कति पानी बागमतीमा छाडी प्रवाह बढाउन सकिन्छ र सो विषयमा के गर्न उपयुक्त हुन्छ भन्ने विषयमा पनि सरकारको अवधारणा आउन आवश्यक देखियो। तसर्थ यी समस्त विषय र रिट निवेदनमा उठाइएका अन्य विषयहरुमा समेत जो जससँग समन्वय गर्नु पर्छ त्यहीँबाट गरी तत्काल, मध्यम र दीर्घकालमा के गर्न सकिन्छ भन्ने वारेमा समेत ६ महिनाभित्र कार्य योजना सहितको प्रतिवेदन पठाउनु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखी पठाउनू। विषयवस्तुको गम्भीरतालाई मध्यनजर गर्दै प्रस्तुत रिट निवेदनलाई हेर्दाहेर्दैमा राखिएको छ। उक्त प्रतिवेदन प्राप्त भएपछि छलफलको दिन तोकी छलफलमा उपस्थित हुन महान्यायाधिवक्ता, प्रस्तुत विषय हेर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवहरु, अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख तथा फोहर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रका प्रमुखहरूलाई पेशीका दिन उपस्थितिको लागि लेखी पठाई नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७५।०३।०३ को आदेश।**

४१ यसमा आज पेश हुन आएको प्रस्तुत रिट निवेदनमा यस इजलासबाट मिति २०७५।०३।०३ मा भएको आदेश बमोजिम नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत पेश हुन आएको प्रतिवेदनको अध्ययन गरियो। पूर्व आदेश बमोजिम उपस्थित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री यादवप्रसाद कोइराला, शहरी विकास मन्त्रालयका सचिव श्री मधुसुदन अधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री डिल्लीराज घिमिरे, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिव श्री

आशिष घिमिरे, काठमाडौं महानगरपालिकाको वातावरण विभागका प्रमुख श्री हरिकुमार श्रेष्ठ, ललितपुर महानगरपालिकाका वातावरण इन्जिनियर श्री प्रदिप अमात्यले छलफलमा सहभागी भई आ-आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित विषयमा प्रकाश पार्नुभयो। पेश हुन आएको प्रतिवेदन हेर्दा यस अदालतको उक्त मिति २०७५।३।३ को आदेशमा औंल्याइएका बागमतीका सहायक नदीहरुको बहाव र तटीय क्षेत्रको संरक्षण सम्बन्धमा, फोहर मैला विसर्जन रोक्ने सम्बन्धमा, नदी किनाराबाट बालुवा झिक्ने लगायतका अनाधिकृत कृयाकलाप रोक्ने सम्बन्धमा, सरकारी सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा, बागमती कार्ययोजनाको सम्बन्धमा, बागमती सफाई अभियान, हरियाली प्रवर्द्धन सम्बन्धमा र मेलम्ची खानेपानी आयोजनाबाट पार्ने प्रभाव सम्बन्धमा समेत हालसम्म गरिएका कार्यहरु र प्राप्त उपलब्धीहरु बारे एकीकृत र व्यवस्थित रुपमा प्रगति विवरण पेश हुन आएको पाइयो। हालसम्म प्राप्त उपलब्धीलाई मध्यनजर गर्दा बागमती नदी र यसका सहायक नदीहरु सहितको बागमती सभ्यताको संरक्षणमा अझै धेरै कार्यहरु गर्न बाँकी देखियो। कतिपय अवस्थामा आवश्यक सूचनाहरु समेत उपलब्ध हुन नसकेको पाइँदा प्राप्त प्रतिवेदनहरुमा आज भएको छलफल समेतको आधारमा प्रस्तुत रिट निवेदनलाई हेदहिर्दैमा राखी देहाय बमोजिमको आदेश जारी गरिएको छः

१) छलफलको क्रममा बागमती सभ्यता, सम्पदा र समस्त काठमाडौंको वातावरणसँग सम्बन्धित विषयमा जिम्मेवार निकाय र सरोकारवालाहरुको दृष्टिकोण समेतलाई मध्यनजर गर्दा बागमती र यसका सहायक तथा उपसहायक नदीहरुको संरक्षणमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले हालसम्म गरी आएका कार्यहरुबारे सकारात्मक सोच र सराहना रहेको पाइयो। प्रतिवेदन हेर्दा समितिले तटवन्ध र ढल निर्माणमा राम्रो प्रगति गरेको पनि देखियो। काठमाडौं उपत्यकाभित्र पर्ने १८ वटा नगरपालिका र गाउँपालिकाको राजनीतिक विभाजन, बागमती र यसका सहायक तथा उपसहायक नदीहरुको जलाधार क्षेत्र, फैलावट र प्रवाहलाई समेत हेर्दा नदीको संरक्षण गर्ने वहावक्षेत्र तथा तटीय क्षेत्रको सीमा निर्धारण तथा संरक्षणको कार्य सोही समिति मार्फत् गर्नु गराउनु उपयुक्त देखियो। तसर्थ सो समितिले वि.स. २०२०-२०३० को तयारीको लागि पेश गरेको प्रस्तावको कार्यान्वयन गरी उपत्यकाका समस्त नदी प्रणालीहरुलाई समेटी कार्य योजना निर्माणको लागि सो समितिलाई नीतिगत, आर्थिक र

प्राविधिक रुपमा आवश्यक निर्णय र सहयोग उपलब्ध गराई प्रतिवेदनमा उल्लेख भएको अवधिभित्र कार्ययोजना निर्माण गर्ने। सो गर्दा हालसम्म समाप्त भएका कार्यहरुको गुणस्तरको समीक्षा, अनुभव समेत लिई बनिसकेका संरचनाहरुको गुणस्तर कायम गर्ने र आवश्यकता अनुसार सुधार गर्ने कार्यलाई पनि कार्य योजनामा समावेश गर्ने।

२) हाल बहाव क्षेत्र कायम भैसकेका बागमती लगायतका सबै सहायक नदीहरुको हकमा वर्षादमा हुने बाढी समेतलाई मध्यनजर गर्दै नदीको दुवै किनारामा कम्तिमा अर्को २० मिटरका दरले तटीय क्षेत्र कायम गरी सीमाङ्कन गर्ने। बहाव र तटीय क्षेत्र कायम हुन बाँकी सहायक र उपसहायक नदीहरुको हकमा वहाव र तटीय क्षेत्र समेतको सीमाङ्कन गर्ने। हाल शहरीकरण भई नसकेका र खुल्ला कायम रहेका तटीय क्षेत्रमा संरक्षणका निम्ति निर्माण गरिने तटबन्ध, ढल वा बाटो बाहेक हाल विद्यमान भू-उपयोगलाई परिवर्तन गर्ने गरी अरु स्थायी संरचना निर्माण नगर्ने। कुनै पनि स्थायी संरचनाको निर्माण पूर्व, संरक्षणको कार्ययोजना प्रतिकूल हुँदैन भन्ने कुरा यकीन गरेर मात्र बागमती सभ्यता एकीकृत विकास समितिले स्वीकृति र सहमति दिने व्यवस्था गर्ने। यस आदेशको कार्यान्वयनको लागि सम्बन्धित सबै स्थानीय तहहरुलाई जानकारी दिने।

३) नीतिगत तहमा बागमती सभ्यताको संरक्षणलाई राष्ट्रिय योजना आयोगसँग आबद्ध गर्ने प्रयास भएको पाइयो। साथै बागमती सभ्यता ऐनको मस्यौदा तयार गर्नेतर्फ प्रयास भएको पनि देखियो। कानूनी संरचना निर्माण हुन सकेमा सम्बन्धित सरोकारवालाहरु अधिकार र कर्तव्यको दोहोरो सम्बन्धमा बाधिने हुँदा ऐन तर्जुमा गरी संसदमा पेश गर्ने कार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने।

४) नदी अतिक्रमण र अनाधिकृत बसोबासको कारण कतिपय क्षेत्रमा कार्य सम्पन्न गर्न बाधा परेको देखियो तर अझै पनि अतिक्रमणको खास तथ्याङ्क आउन सकेन। सो सन्दर्भमा बागमती नदी र यसका सहायक नदीको तीरमा रहेको सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका नेपाल राज्यभित्र अन्यत्र घर जग्गा बसोबास नभएका वास्तविक सुकुम्बासीहरुको तथ्याङ्क लिई उनीहरुको लागि प्रस्ताव गरिएको इचंगु नारायण जग्गा एकीकरण आयोजना जस्ता आयोजना पहिचान गरी प्रथम चरणमा नदी किनारामा निर्माण हुन लागेको सडक ओगटी बसेका तथा सडक र नदी बीचमा बनेका घर टहराहरु

हटाई उनीहरुको सरोकारलाई समेत सम्बोधन गर्दै स्थानान्तरण गर्ने कार्य सम्पन्न गर्ने गराउने। नदी तटको अतिक्रमित जग्गा पत्ता लगाउन सबै नदीको वहाव र तटीय क्षेत्रमा २०२१।२२ सालको सर्वे नक्सालाई आधार मान्ने।

५) बागमती र सहायक नदीहरुको जल प्रवाहमा वृद्धि नगरेसम्म प्रदूषण नियन्त्रण गर्न कठिनाई हुन्छ। यस कुरालाई दृष्टिगत गर्दै मेलम्ची खानेपानी आयोजनाले पार्ने प्रभावको विषयमा सो आयोजनाको तीन चरणको कार्य सम्पन्न भई काठमाडौं उपत्यकामा वितरित खानेपानीको ८० प्रतिशत फोहर पानीको रुपमा नदी प्रणालीमा मिसिने कुरालाई दृष्टिगत गरी उपत्यकाको विभिन्न सात स्थानमा फोहर पानी प्रशोधन केन्द्रहरुको निर्माण हुन लागेको भन्ने जानकारी प्राप्त हुन आयो। वितरण भएको खाने पानी प्रयोगपश्चात फोहर पानीको रुपमा विद्यमान ढल प्रणालीमा नै मिसिने गरेको हालको अवस्था र बढ्दो शहरीकरण समेतको सन्दर्भमा सो प्रशोधन केन्द्रहरु अपर्याप्त हुने हुँदा दीर्घकालीन रुपमा नै योजना बन्नु आवश्यक देखियो। साथै हाल खसिरहेको ढलहरुमा प्राथमिकताका साथ प्रशोधन केन्द्रहरु निर्माण गरी सिधै ढल खस्ने कार्य रोक्नु अपरिहार्य देखियो। तसर्थ सो विषयमा काठमाडौं खानेपानी बोर्डबाट तत्काल गर्नुपर्ने र दीर्घकालमा गर्नुपर्ने योजना सहितको प्रतिवेदन पेश गर्न लगाउने।

६) नदीहरुमा जलप्रवाह बृद्धि गराउने सन्दर्भमा बागमतीको सिरानमा धाप क्षेत्रमा बाँध निर्माण भै रहेको र नागमती बाँधको विस्तृत इन्जिनियरिङ प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएको भन्ने उल्लेख भएको पाइयो। यी दुई आयोजनाहरु सम्पन्न हुँदा जल प्रवाहमा केही बृद्धि हुने भन्ने कुरा पनि प्रक्षेपण गरेको पाइयो। बागमतीको साथै अन्य सहायक नदीहरुमा सम्भाव्य क्षेत्रमा बाँध बाँधी वर्षातको जल संग्रह गर्ने, काठमाडौं उपत्यकाभित्रका पोखरीहरुको संरक्षण, पुनरुद्दार र जीर्णोद्दार समेतका कार्य गरेमा भूमिगत जलको सतह बृद्धि हुने र अन्ततः नदी प्रणालीको जल प्रवाहमा समेत वृद्धि हुने हुँदा सो सन्दर्भमा कुन कुन नदीमा कहाँ बाँध बाँध्न सम्भव छ, कुन-कुन नगरपालिकाभित्र के कति र कुन क्षेत्रफलका पोखरी छन् तिनीहरुको संरक्षणमा हाल भईरहेका कार्यहरु र भविष्यको योजना सहितको प्रतिवेदन सबै स्थानीय तहहरुबाट लिने।

७) छलफलको क्रममा बर्षातको पानी ढल प्रणालीमा मिसिदा पानीको प्रशोधनको लागत बढन जाने कुरा पनि उठ्यो। बर्षातको पानी सार्वजनिक पोखरीमा संचय गर्ने, त्यसै गरी

सार्वजनिक वा सरकारी निकाय, सेना प्रहरी समेतले ओगटेका खुला क्षेत्र र सडकको किनारामा आवश्यक मात्रामा सकपिट निर्माण गरेमा भूमिगत जलको सतह बढ्न जाने हुँदा यो बारेमा योजना सहितको प्रतिवेदन खानेपानी मन्त्रालयसमेत को कसबाट लिनु उपयुक्त हुन्छ तहाँबाट नै लिने।

८) सबै स्थानीय तहहरुले अब नक्सा पास गर्दा बर्षातको पानी सञ्चय, उपयोग र भूसतहमा पठाउने व्यवस्था गर्ने र सेफ्टी ट्याङ्की बिना निर्माण भएका घरहरुको पहिचान गरी ढल निकासको उपाय पहिल्याउने, घरमा सेफ्टी ट्याङ्की निर्माण गरिने कुरालाई सुनिश्चित गरेर मात्र नक्सा पास गर्ने कार्यलाई अनिवार्य गर्ने।

९) नगरभित्रको ढल तथा फोहरमैलाको व्यवस्थापनको कार्य व्यवस्थित हुन नसक्दा नदी प्रणालीमा चाप परेको पाइयो। सो चापलाई कम गर्न सबै स्थानीय तहहरुले एक आपसमा उचित समन्वय गरी योजनाबद्ध रुपमा अघि बढ्न आवश्यक देखियो। फोहर व्यवस्थापनसँगै फोहर फाल्न रोक्ने बारे जनचेतना एवम् फोहर फालेमा कारवाही हुने जानकारी दिनुपर्ने देखियो। फोहरहरुमध्ये औद्योगिक फोहर, अस्पतालजन्य फोहर र विषादी फोहरको व्यवस्थापनमा कुनै कार्य हुन सकेको पाइएन। तसर्थ यो सम्बन्धमा कार्य योजना सहितको प्रतिवेदन सबै स्थानीय तहबाट लिने।

१०) बागमती र यसका सहायक नदीका किनारामा विभिन्न ऐतिहासिक र पुरातात्विक सम्पदाहरु रहेको सन्दर्भमा बागमती क्षेत्रमा ढल, चेक ड्याम, सडक, पार्क आदि निर्माण गर्दा ती सम्पदाहरुको पनि संरक्षण हुनुपर्ने हुन्छ। तसर्थ सम्पदा संरक्षणको सन्दर्भमा योजना सहितको प्रतिवेदन गुठी संस्थान, पुरातत्व विभाग समेतबाट लिने।

११) भक्तपुर नगरपालिकाले कुनै प्रतिवेदन पेश नगरेको हुँदा नदी संरक्षण, फोहर व्यवस्थापन र प्रदूषण नियन्त्रणमा भएको कार्य र योजना सहितको प्रतिवेदन लिई छलफलमा पुनः उपस्थितिको लागि जनाउ दिने।

१२) बागमतीको वहाव क्षेत्र कायम गर्ने भन्ने विषयमा मन्त्रिपरिषदबाट २०४५ सालमा निर्णय भएको भन्ने कुरा छलफलको क्रममा उठेकोले सो सम्बन्धी निर्णयको प्रतिलिपि झिकाउने।

४२ उपर्युक्त विषयहरुमा सम्बन्धित मन्त्रालय, विभाग, समिति र स्थानीय तहहरुसँग पत्राचार, समन्वय समेतको कार्य महान्यायाधिवक्ताको कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको

कार्यालयबाट गरी एकीकृत प्रगति प्रतिवेदन मंसीर १३ गते अगावै पेश गर्नु भनी उक्त दुई कार्यालयलाई लेखी पठाउनू। मिति २०७६।०८।१५ गते पेशी तोकी पेशीको दिन छलफलको लागि उपस्थित हुनु भनी महान्यायाधिवक्ता, मन्त्रालयहरुको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिव, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिकाको हकमा प्रमुख कार्यकारी अधिकृत र आयोजनाहरुको हकमा योजना प्रमुखहरुलाई लेखी प्रस्तुत रिट निवेदन र यसै लगाउका ०६८-MS-०००२ र ०६८-WO-००७४ का रिट निवेदनहरु समेतलाई हेदहिर्दैमा राखिएको हुँदा मिति २०७६।०८।१५ गते यसै इजलासमा नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७६।०४।२० को आदेश।**

४३ यसमा आज पेस हुन आएको प्रस्तुत रिट निवेदनमा यसै अदालतबाट मिति २०७६।०४।२० मा भएको आदेशमा औंल्याइएका बागमती तथा अन्य सहायक नदीहरूलाई ढलमुक्त बनाउने सम्बन्धमा, बागमती सभ्यताको संरक्षणका लागि छुट्टै ऐनको तर्जुमाको सम्बन्धमा, बागमतीका सहायक नदीहरूको समस्त बहाव तटीय क्षेत्रको संरक्षणसम्बन्धी भएका काम कारबाही र योजना सम्बन्धमा, फोहर व्यवस्थापन सम्बन्धमा, बागमती नदीको जल प्रवाह वृद्धि गर्ने सम्बन्धमा र ऐतिहासिक सम्पदाको संरक्षण लगायतका विषयमा प्राप्त उपलब्धीहरूको बारेमा व्यवस्थित र एकीकृत रूपमा प्रगति विवरण पेस हुन आएको पाईयो। निवेदकहरूको बहस तथा हालसम्म प्राप्त उपलब्धीहरूलाई हेर्दा बागमती नदी र यसका सहायक नदीहरू सहितको बागमती सभ्यताको संरक्षणमा अझै धेरै कार्यहरू गर्न बाँकी रहेको देखियो। प्राप्त प्रतिवेदन तथा आज इजलाससमक्ष पक्ष विपक्षका कानून व्यवसायीहरूसँग भएको छलफलसमेतको आधारमा प्रस्तुत रिट निवेदनलाई हेर्दाहेर्दैमा राखी देहाय बमोजिमको आदेश जारी गरिएको छ।

(१) निवेदकहरूले बहसको क्रममा बागमती नदीको किनारमा विभिन्न सम्पदा रहेको सो क्षेत्रमा सडक, पार्क आदि निर्माण गर्दा ऐतिहासिक सम्पदामा क्षति पुग्न गएको भनी उल्लेख भएको देखिंदा बागमती कार्य योजना (Bagmati Action Plan) अन्तर्गत अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले सुन्दरीजलदेखि सुन्दरी घाटसम्म बागमती नदीको

दुबैतर्फ किनारामा बाटो निर्माणका सम्बन्धमा के कस्तो काम कारबाही हुँदै आएको छ, के कति बाटो निर्माण भएका छन्, बाटो निर्माण गर्दा बहाव क्षेत्रको संरक्षणको सम्बन्धमा र ऐतिहासिक सम्पदाको संरक्षणमा के कस्ता कार्यहरू भएका छन्? बाटोको सम्बन्धमा यथार्थ विवरण खुल्ने गरी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट प्रतिवेदन पेस गर्न लगाउने।

(२) बागमती सभ्यता संरक्षणका लागि छुट्टै ऐनको आवश्यकता महसुस गरी **"बागमती सभ्यता संरक्षण तथा विकाससम्बन्धी बिधेयक"** तर्जुमाको क्रममा रहेको भनी प्रतिवेदनमा उल्लेख भएको पाइयो। प्रतिवेदन पेस भएको २ वर्षभन्दा बढी अवधिमा के कति प्रगति भयो सो पेश गर्न लगाउने।

(३) यस अदालतको पूर्व आदेशमा नदी अतिक्रमण र अनाधिकृत बसोबासको स्थिति पहिचान गरी प्रथम चरणमा नदी किनारामा निर्माण हुन लागेको सडक ओगटी बसेका तथा सडक र नदी बीचमा बनेका घर टहराहरू हटाई उनीहरूको सरोकारलाई समेत सम्बोधन गर्दै स्थानान्तरण गर्ने कार्य गर्ने गराउने भनी उल्लेख भएकोमा सोतर्फ प्रतिवेदनमा गरिबीको पहिचान गरी वास्तविक सुकुम्बासी र स्थानान्तरण गर्ने विषयमा शहरी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट आवश्यक काम कारबाही भइरहेका छन् भन्ने उल्लेख भएको पाइयो। सोतर्फ हालसम्म के कति प्रगति भयो यथार्थ बिवरण पेस गर्न लगाउने।

(४) पूर्व आदेशको बुँदा नं. २ मा उल्लिखित **"हाल बहाव क्षेत्र कायम भैसकेका बागमती लगायतका सबै सहायक नदीहरूको हकमा बर्षादमा हुने बाढीसमेतलाई मध्यनजर राख्दै नदीको दुवै किनारामा कम्तीमा अर्को २० मिटरका दरले तटीय क्षेत्र कायम गरी सीमाङ्कन गर्ने"** सम्बन्धमा भएका प्रगति विवरण प्रतिवेदनमा स्पष्टरूपमा खुल्न आएको नदेखिंदा सो सम्बन्धमा भएका प्रगति विवरण स्पष्टरूपमा खुलाई पेस गर्न लगाउने।

(५) बागमती नदीको जल प्रवाह वृद्धि गर्ने सम्बन्धमा गुहेश्वरी, सल्लाघारी, कोड्कु धोवीघाट गरी दैनिक १३ करोड ८१ लाख लिटर क्षमताका फोहर पानी प्रशोधन केन्द्रहरूको निर्माण २०२० सम्म सम्पन्न गर्ने गरी कार्य अगाडि बढी रहेको तथा विभिन्न ७ स्थानहरू (हनुमानथान, सल्लाघारी, बालकुमारी, गोकर्णेश्वर, गुहेश्वरी, टुकुचा र धोविघाट) मा ढल प्रशोधन प्रणाली निर्माण कार्य जारी छ साथै काठमाडौं उपत्यकाका स्थानीय तहहरूबाट सार्वजनिक

पोखरीको संरक्षण गर्ने तथा काठमाडौं उपत्यकाको नदी प्रणालीमा पानीको बहाव वृद्धि गर्न आवश्यक काम कारबाही भइरहेको भन्ने उल्लेख भएको पाइयो। सोतर्फ हालसम्म के कति प्रगति भएको छ सोको विवरण पेस गर्न लगाउने।

(६) अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट प्राप्त प्रतिवेदनको भौतिक विकास र सरसफाई कार्यक्रमअन्तर्गत भएका क्रियाकलाप हेर्दा बागमती नदी शहर प्रवेश गर्ने शुरुवाती खण्ड सुन्दरीजल गोकर्ण खण्ड (८ कि.मि.)तर्फ ढल निर्माण र सडकतर्फ कुनै कार्य भएकोदेखिएन। यसरी नदीको शुरुवाती खण्डतर्फबाट नदीलाई स्वच्छ एवं हराभरा र जीवन्त बनाउने कार्यको थालनी गर्नु पर्नेमा सोमा ध्यान नपुगेको हो कि भन्ने देखियो। सो सम्बन्धमा के कस्तो कार्य योजना छ? अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट पेस गर्न लगाउने।

(७) मिति २०७६।०४।२० मा यस अदालतमा पेस हुन आएको प्रतिवेदन अध्ययन गर्दा बागमती र यसका सहायक नदीहरू सहितको बागमती सभ्यताको संरक्षणमा अझै धेरै कार्यहरू गर्न बाँकी देखिएकोले प्रतिवेदन पेस भए पछिको करिब ३० महिनाको अवधिमा यस अदालतको पूर्व आदेश बमोजिमको विषयहरूमा सम्बन्धित मन्त्रालय, विभाग, समिति र स्थानीय तहहरूसँग पत्राचार, समन्वय समेतको कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट गरी एकीकृत प्रगति प्रतिवेदन मिति २०७९।१।३० गते अगावै पेस गर्नू भनी उक्त कार्यालयहरूलाई लेखी पठाउनू। मिति २०७९।२।१६ गते पेसी तोकी पेसीका दिन छलफलको लागि उपस्थित हुनु भनी महान्यायाधिवक्ता, मन्त्रालयहरूको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिव, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिका, मध्यपुर थिमी नगरपालिका र गोकर्णेश्वर नगरपालिको हकमा प्रमुख कार्यकारी अधिकृत र आयोजनाहरूको हकमा योजना प्रमुखहरूलाई लेखी प्रस्तुत रिट निवेदन र यसै लगाउका ०६८-MS-०००२ र ०६८-WO-००७४ का निवेदनहरू समेतलाई हेर्दाहेर्दैमा राखिएको हुँदा मिति २०७९।२।१६ गते यसै इजलासमा नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७८।११।१० को आदेश।**

**४४ यस अदालतको मिति २०७८।११।१० को आदेश बमोजिम नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट मिति २०७९।०२।०३ मा पेश गरेको प्रतिवेदनमा देहायबमोजिम उल्लेख भएको पाइन्छः**

१) नदी किनारका अनाधिकृत घर टहरा हटाउनका लागि समितिको कार्यकारी समितिको २९ औं बोर्ड बैठकको मिति २०७७।८।१५ को निर्णय अनुसार मिति २०७८।८।१५ मा गोरखापत्रमा ३५ दिने सूचना प्रकाशन गरी पुनः मिति २०७८।८।२७ मा ७ दिने पुनः सूचना निकालेर मिति २०७८।८।२८ बाट गोकर्णदेखि गुहेश्वरीसम्म २७ वटा संरचना भत्काइसकेको स्थिति छ।

२) बागमती नदीको जल प्रवाह वृद्धि गर्ने सम्बन्धमा गुहेश्वरीमा ढल प्रशोधन केन्द्र हाल सञ्चालनमा रहेको छ। साथै सल्लाघारी, कोड्कु, धोवीघाट, बालकुमारी, गोकर्ण र हनुमानघाट भक्तपुरमा ढल प्रशोधन प्रणालीको निर्माण कार्य खानेपानी मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयन इकाई(PID) बाट भइरहेको छ।

३) समितिबाट टुकुचामा १७.३ मिलियन लिटर प्रतिदिन क्षमता हुने ढल प्रशोधन केन्द्र निर्माणको लागि अन्तिम चरणमा रहेको छ।

४) **बागमती नदीमा जल प्रवाहका सम्बन्धमा** गुहेश्वरी ढल प्रशोधन केन्द्रबाट ३२.४ मिलियन लिटर प्रतिदिन प्रशोधित पानी बागमती नदीमा थप गरी जल प्रवाह भएको छ। यस समिति अन्तर्गतको सिंचाइ युनिटबाट धाप बाँध निर्माणको कार्य अन्तिम चरणमा रहेको र यसबाट बागमती नदीमा ४० लि. प्रति सेकेन्ड पानी थप हुनेछ। यसका साथै नागमती नदीमा ड्याम निर्माणका लागि ४०० लि.प्रतिसेकेन्ड थप गर्न भने वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत हुने क्रममा छ।

५) आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत काठमाडौं उपत्यका फोहर पानी व्यवस्थापन आयोजनाबाट आधुनिक प्रविधि प्रयोग गरी विगतमा बनाइएका फोहर पानी प्रशोधन केन्द्रहरुको आधुनिकीकरण, क्षमता बृद्धि तथा विस्तार गर्ने क्रममा गुहेश्वरी, सल्लाघारी, कोड्कु, बालकुमारी र धोवीघाटमा गरी ५ वटा फोहर पानी प्रशोधन केन्द्रहरुको Design, Build and Operate खरिद अवधारणामा निर्माण कार्य प्रारम्भ भएकोमा गुहेश्वरी फोहर पानी प्रशोधन केन्द्र ३२.४ MLD को निर्माण सम्पन्न भई विगत १८ महिनादेखि सञ्चालन भैरहेको छ। त्यस्तै गरी हनुमानघाटमा १ MLD फोहर पानी तथा गोकर्णमा ३ MLD

क्षमताको फोहर पानी र १० घन मि. दिसाजन्य लेदो प्रशोधन गर्न EWATS को निर्माण तथा सञ्चालनको लागि BOD को अवधारणा सम्झौता भई डिजाइनको चरणमा छ।

६) अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट सुन्दरीजलदेखि गोकर्णसम्म ८ कि.मि. लम्बाइमा नदीको दायाँ-बायाँ दुवै किनारमा २०२१ सालको नापी नक्सा अनुसार सीमाङ्कन गरी Gabbion राखी नदी नियन्त्रणको कार्य भइसकेको छ।

४५ यसमा आज पेश हुन आएको प्रस्तुत रिट निवेदनमा यसै अदालतबाट मिति २०७८ साल फाल्गुण १० गते भएको आदेश बमोजिम अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट मिति २०७९।०१।०५ मा पेश भएको प्रतिवेदन तथा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट महान्यायधिवक्ता कार्यालय मार्फत मिति २०७९।०२।०३ मा पेश भएको प्रतिवेदनको अध्ययन गरियो। पूर्व आदेश बमोजिम ईजलास समक्ष उपस्थित हुनु भएका प्रधानमन्त्री कार्यालयका सचिव श्री धनराज ज्ञवाली, शहरी विकास मन्त्रालयका सचिव डा. श्री रमेशप्रसाद सिंह, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिव श्री नवराज प्याकुरेल, ऐ.का कार्यसमिति सदस्य श्री वीरेन्द्र थपलिया र भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीले छलफलमा सहभागी भई आ-आफ्नो कार्यसँग सम्बन्धित बिषयमा प्रकाश पार्नुभयो। पेश हुन आएको प्रतिवेदन हेर्दा यस अदालतको उक्त मिति २०७८।११।१० को आदेशमा औंल्याइएका बागमती नदीको वहाव क्षेत्रको संरक्षण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धमा बागमती सभ्यताको संरक्षणका लागि छुट्टै ऐनको तर्जुमाको सम्बन्धमा, अनाधिकृत बसोवास नियन्त्रण र सुकुम्बासी स्थानान्तरण सम्बन्धी प्रगति विवरण सम्बन्धमा, बागमतीका सहायक नदीहरूको समस्त वहाव तटीय क्षेत्रको संरक्षण सम्बन्धी भएका काम कारबाही र योजना सम्बन्धमा, फोहर व्यवस्थापन, ढल प्रशोधन प्रणाली निर्माण, सार्वजनिक पोखरीको संरक्षण सम्बन्धमा, बागमती लगाएतका नदीहरूको जल बहाव वृद्धि सम्बन्धमा र सुन्दरीजल गोकर्ण खण्डको कार्य योजना लगायतका बिषयमा प्राप्त उपलब्धीहरूको बारेमा व्यवस्थित र एकीकृत रूपमा प्रगति विवरण पेश हुन आएको पाईयो। यस अदालतको पूर्व आदेश अनुरूपको कार्य प्रगतिको लागि सम्बन्धित सरोकारबालाहरूसँग छलफल सहजीकरण तथा संयोजन गर्नु भएकोमा महान्यायाधिवक्ताज्यू तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिवज्यूको उक्त कार्यप्रति यस ईजलास सराहना गर्दछ। साथै आगामी दिनमा समेत

उपत्यकाभित्रका महानगरपालिकाहरु, नगरपालिकाहरू र निवेदकलाई समेत छलफलमा सहभागी गराई सहजीकरण तथा संयोजन गरी बागमती सभ्यताको संरक्षणलाई फलदायी बनाउन यहाँहरूको सक्रिय भूमिका रहनेछ भन्ने यस ईजलासलाई लागेको छ। हालसम्म प्राप्त उपलब्धीहरूलाई हेर्दा बागमती तथा यसका सहायक नदीहरू सहितको बागमती सभ्यताको संरक्षणका लागि सबै पक्षबाट अझै धेरै पहल गर्न आवश्यक देखियो। हालै मात्रै नगरपालिकाहरूको निर्वाचन सम्पन्न भई नगर प्रमुखहरू पदवहालीको क्रममा रहेको र छलफलको क्रममा केही नयाँ कुराहरू समेत आई सोको निश्चित सूचना उपलब्ध हुन नसकेकोले प्रस्तुत निवेदनलाई हेदर्हिदैंमा राखी प्रस्तुत मुद्दाको टुङ्गो लगाउँदा उपयुक्त हुने भन्ने छलफलको क्रममा निवेदक तथा बिपक्षीहरूको कानून ब्यावसायीहरूको भनाई रहेकोले रिट निवेदनलाई मिति २०७९।०३।२७ गतेका लागि हेदर्हिदैंमा राखी देहाय बमोजिमको आदेश जारी गरिदिएको छ।

(१) शहरी विकास मन्त्रालयका सचिव डा. श्री रमेश प्रसाद सिंहले इजलास समक्ष बागमतीका किनारामा रहेका घर टहराहरूलाई व्यवस्थापन गर्नका लागि नेपाल सरकारले नागार्जुन नगरपालिकाको ईचङ्गुनारायणमा २३० परिवार बस्न मिल्ने भवन तयार गरेको र हाललाई उक्त भवनको व्यवस्थापनको जिम्मा नागार्जुन नगरपालिकालाई दिएको भनी अवगत गराउनु भएकोले उक्त भवन नेपाल सरकारको के कुन मितिको निर्णयले नागार्जुन नगरपालिकालाई भोगाधिकार दिएको हो? सोको निर्णय र सो सम्बन्धित कागजातहरूको प्रतिलिपि महान्यायाधिवक्ता कार्यालय मार्फत झिकाउने।

(२) अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिव श्री नवराज प्याकुरेलले बागमती तथा यसका सहायक नदीहरुमा प्रदेश सरकारको तर्फबाट पनि विकास निर्माणको कार्य हुने गरेकोमा प्रदेश सरकार र समिति बीच संयोजनमा कमी भएको कारणबाट समेत बागमती नदीको बहाव क्षेत्रको संरक्षण र ऐतिहासिक सम्पदाको संरक्षणको कार्य व्यवस्थित हुन नसकेकोले सोका लागि प्रयासरत रहने भनी इजलास समक्ष जानकारी गराउनु भएको र ऐ. समितिका कार्यसमिति सदस्य श्री वीरेन्द्र थपलियाले उपत्यका घर जग्गा हस्तान्तरणको क्रममा नेपाल सरकारले बागमती सभ्यता कर उठाउने र उक्त रकम प्रदेश सरकार अन्तर्गत रहनेमा सो करबाट प्राप्त रकमको न्यून रकम मात्र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलाई प्राप्त हुने गरेकोले बागमती सभ्यताको

संरक्षणमा सोचे जतिको प्रगति हुन नसकेको भनी छलफलको क्रममा इजलास समक्ष व्यक्त गर्नु भएको पाईयो। बागमती प्रदेश सरकारको तर्फबाट र बागमती सभ्यता संरक्षण करबाट संकलित रकम बागमती सभ्यताको संरक्षणका लागि के कस्ता काम कामकारबाही भएका छन् र बागमती सभ्यता एकीकृत विकास समितिसँग के कस्तो समन्वय र संयोजन भएका छन् सोको विवरण सहित मिति २०७९।०३।२७ मा हुने बहसमा सहभागी हुन बागमती प्रदेशका मुख्य न्यायाधिवक्तालाई पत्राचार गर्ने।

(३) यस अदालतको पूर्व आदेशमा "सबै स्थानीय तहहरूले अब नक्सा पास गर्दा बर्षातको पानी संचय, उपयोग र भू-सतहमा पठाउने व्यवस्था गरिने र सेप्टी ट्याङ्की बिना निर्माण भएका घरहरूको पहिचान गरी ढल निकासको उपाय पहिल्याउने, घरमा सेप्टी ट्याङ्की निर्माण गरिने कुरालाई सुनिश्चित गरेर मात्र नक्सा पास गर्ने कार्यलाई अनिवार्य गर्ने र नगरभित्रको ढल तथा फोहरमैलाको व्यवस्थापनको कार्य व्यवस्थित हुन नसक्दा नदी प्रणालीमा चाप परेको पाइएकाले सो चापलाई कम गर्न सबै स्थानीय तहहरूले एक आपसमा उचित समन्वय गरी योजनाबद्ध रूपमा अघि बढ्न आवश्यक देखियो। फोहर व्यवस्थापन सँगै फोहर फाल्न रोक्ने बारे सचेतना एवम् फोहर फालेमा कारवाही हुने जानकारी दिनुपर्ने देखियो। फोहरहरुमध्ये औद्योगिक फोहर, अस्पतालजन्य फोहर र बिषादी फोहरको व्यवस्थापनमा कुनै कार्य हुन सकेको पाईएन। तसर्थ यो सम्बन्धमा कार्य योजना सहितको प्रतिवेदन सबै स्थानीय तहबाट लिने भन्ने उल्लेख भएकोमा सो सम्बन्धमा उपत्यकाभित्रका महानरपालिका र नगरपालिकाहरूबाट के कस्ता काम कारवाहीहरू भए र आगामी दिनमा के कस्ता कार्यहरू गरिने योजना रहेको छ प्रतिवेदन सहित मिति २०७९।०३।२७ गतेका दिन, बिहान १०:३० को समयमा छलफलमा सहभागी हुन काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिकाका नगर प्रमुख तथा उप-प्रमुख र भक्तपुर नगरपालिका, गोकर्णेश्वर नगरपालिका, कागेश्वरी नगरपालिका, गोदावरी नगरपालिका, नागार्जुन नगरपालिका र मध्यपुर थिमी नगरपालिकाको नगर प्रमुखहरू र प्रमुख प्रशासकीय अधिकृतलाई ईजलासमा उपस्थित हुन पत्राचार गर्ने।

(४) मिति २०७९।०१।०५ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट पेश भएको प्रतिवेदन तथा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट महान्यायधिवक्ता कार्यालयमार्फत मिति २०७९।०२।०३ मा यस

अदालतमा पेश हुन आएको प्रतिवेदन अध्ययन गर्दा बागमती र यसका सहायक नदीहरू सहितको बागमती सभ्यताको संरक्षणमा अझै धेरै कार्यहरू गर्न बाँकी देखिई लक्ष्य पूरा हुने कुरा सुनिश्चित भै सकेको भन्ने नदेखिएकोले यस अदालतको पूर्व आदेश बमोजिमको बिषयहरूमा सम्बन्धित मन्त्रालय, विभाग, समिति र स्थानीय तहहरूसँग पत्राचार, समन्वय समेतको कार्य प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट गरी मिति २०७९।०३।२७ गतेको पेशीका दिन छलफलको लागि उपस्थित हुनु भनी महान्यायाधिवक्ता, मन्त्रालयहरूको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिब, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सदस्य सचिवलाई पत्राचार गर्नू। प्रस्तुत रिट निवेदन हेदहिर्दैमा राखिएको हुँदा यसै लगाउका ०६८-MS-०००२ र ०६८-WO-००७४ का निवेदनहरू समेतलाई हेदहिर्देमा राखी मिति २०७९।०३।२७ गतेका दिन यसै इजलासमा नियमानुसार पेश गर्नु भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७९।०२।१६ को आदेश।**

४६ **यस अदालतको मिति २०७९।०२।१६ को आदेश बमोजिम भक्तपुर नगरपालिकाबाट मिति २०७९।३।२३ मा पेश भएको प्रतिवेदनमाः** (१) हनुमन्ते खोलाको अधिकांश दुवै किनारमा Project Implementation Directorate(PID) अनामनगर मार्फत ढल निकासको लागि पाइप विछ्याउने कार्य भइरहेको छ।

(२) घरदैलोबाट संकलन भएको कुहिने फोहरलाई कम्पोष्ट मल बनाउने र नकुहिने फोहरमा पुनः प्रयोगीय वस्तुहरु छुट्याउन लगाई विक्री गर्ने कार्य भई आएको छ।

(३) भक्तपुर नगरपालिका क्षेत्रमा तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा अस्पतालजन्य फोहर विसर्जन गर्न निषेध गर्ने प्रावधान सहित भक्तपुर नगरपालिका क्षेत्रको सरसफाई सम्बन्धी ऐन, २०७६ व्यवस्था भएको छ भन्ने उल्लेख भई उक्त प्रतिवेदन मिसिल सामेल रहेको।

४७ सम्मानित अदालतको आदेश अनुसार पत्र प्राप्त भएपछि यस बागमती प्रदेश सरकारको यस विषयसँग सम्बन्धित र सरोकार राख्ने आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, जलस्रोत तथा सिञ्चाई मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र संस्कृति तथा पर्यटन मन्त्रालय, सामाजिक विकास मन्त्रालय समेतलाई पत्राचार गरी सम्बन्धित मन्त्रालयका

सचिवहरुलाई उपस्थित गराई छलफलसमेत भएको र काठमाडौं उपत्यकाको घर जग्गा रजिष्ट्रेशन पास गर्दा लिईने राजश्वमा ०.५% थप शुल्क बागमती सभ्यताको नाममा लिईने गरी आएको र सो रकम र अन्य स्रोत समेतबाट बागमती सभ्यताको रुपमा रहेको बागमती र यसका सहायक नदीहरुको संरक्षण र सम्बर्धन र यसको किनारमा रहेको ऐतिहासिक मठ मन्दिर, धर्मशाला, घाट आदिको संरक्षण सम्वर्धनको लागि बागमती प्रदेश सरकारको तर्फबाट विभिन्न आर्थिक वर्षमा विभिन्न काम भई आएको भन्नेसमेत व्यहोराको **बागमती प्रदेश सरकारको तर्फबाट पेश भएको लिखित प्रतिवेदन।**

४८ यसमा आजको छलफलमा पूर्वदिशानुसारको गोदावरी र नागार्जुन नगरपालिकाका नगरप्रमुख उपस्थित नभएकोले मिति २०७९।४।१५ को हेदहिर्दैको पेसी तोकी सो दिन उक्त नगरपालिकाका नगर प्रमुखलाई मिति २०७९।३।१ मा पठाइएको पत्रसाथ संलग्न आदेश अनुरुपको प्रतिवेदनसहित उपस्थित हुनु भनी जानकारी पठाई महान्यायाधिवक्ताको कार्यालयलाई समेत सूचना दिई नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७९।०३।२७ को आदेश।**

४९ यस अदालतको मिति २०७९।०३।२७ को आदेशानुसार उपस्थित हुनु भएका नागार्जुन नगरपालिका तथा गोदावरी नगरपालिकाका प्रमुखले बागमती नदी र यसका सहायक नदीहरूको संरक्षण तथा सरसफाई विकास निर्माण सन्दर्भमा भएका गरिएका र आगामी दिनमा गर्ने योजना सम्बन्धमा व्यक्त गर्नु भएको प्रतिबद्धतात्मक धारणा सुनियो। प्रथम पटक २०६३।०८।२९ मा **"पशुपति क्षेत्रको वातावरणलाई सुधार गर्ने क्रममा शिवपुरीदेखि चोभारसम्म ढल निर्माण सुधार आयोजना कार्यान्वयन गरी अनुगमन समेत गर्नका लागि अधिकार सम्पन्न बागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति"** गठन गरेको र उक्त समितिको मूल उद्देश्य शिवपुरीदेखि चोभारसम्म बागमती नदीलाई स्वच्छ र सफा राख्न बागमती नदीमा कुनै प्रकारको दुषित पदार्थ मिसिन नदीने, ढल तथा ढल प्रशोधन केन्द्रको निर्माण सञ्चालन तथा सम्भार गर्ने, तटबन्ध निर्माण गर्ने, नदी किनारमा आवश्यकता अनुसार सडक निर्माण र वृक्षारोपण गर्ने रहेको देखिन्छ। त्यसैगरी बागमती नदी र यसका सहायक नदीहरूको उदगमस्थलदेखि कटुवाल दह सम्मको नदी प्रणाली प्रदूषणमुक्त गराई संरक्षण र सम्बर्द्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्ने, नदी प्रणालीसँग सम्बद्ध ऐतिहासिक, पुरातात्विक एवं

सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने, समग्र बागमती सभ्यताको पहिचान एवं जगेर्ना गर्नका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्य राखी मिति २०७३।१०।०६ मा नेपाल सरकार मन्त्रिपरिषदबाट "अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति" गठन भएको देखिन्छ। उक्त बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिलाई योजना तर्जुमा गर्ने, आर्थिक स्रोत जुटाउने, नदीको बहाव क्षेत्र निर्धारण गर्ने, नदी किनारा कायम गरी नक्सा तथा स्रेस्तामा जनाउन मालपोत तथा नापी कार्यालयमा लेखी पठाउने, नदी किनाराका अतिक्रमित निर्माण संरचना हटाउने, कार्य क्षेत्रभित्रको जलस्रोत सम्बन्धी समष्टिगत आवधिक योजना तर्जुमा गर्ने लगायतका कार्यादेश र अधिकार दिइएको देखिन्छ। आ.व.०६५।०६६ को बजेट वक्तव्यमा "काठमाडौं उपत्यकाका नदीहरूको ठूलो सांस्कृतिक र वातावरणीय महत्व छ तर यी अति दुर्गन्धित भएका छन्। नदी किनार अतिक्रमण भएका छन्। चालु आर्थिक वर्षमा उपत्यका भित्रका बागमती, विष्णुमती, धोबीखोला जस्ता नदीहरूलाई स्वच्छ र सफा बनाउन, ढल प्रशोधन गर्ने, नदी किनारमा बाटो निर्माण, पार्क निर्माण तथा वृक्षारोपण गर्ने कार्य अभियानका रुपमा सञ्चालन गरिनेछ। उपत्यकाका नदीहरूबाट बालुवा झिक्न निषेध गरिनेछ। यी नदीहरूको १० ठाउँमा नियन्त्रण बाँध निर्माण गरिनेछ। प्रस्तुत कार्यक्रम बागमती सभ्यता विकास समितिले स्थानीय जनसमुदायलाई समेत परिचालन गरी गर्नेछ। यो अभियानका लागि स्रोत जुटाउन काठमाडौं उपत्यकाभित्रका नगरपालिकाहरूको जग्गा किनबेच गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ०.५ प्रतिशतले थप गरी दस्तुर असुल गर्ने प्रस्ताव गरेको छु। यसबाट करिब रु.३० करोड उठ्ने अनुमान गरेकाले त्यति नै रकम थप गरी बागमती सभ्यता विकास समितिलाई विनियोजन गरेको छु" भनी उल्लेख गरेको देखिन्छ। उल्लेखित उपत्यकाका महानगरपालिकाहरू र नगरपालिकाहरूको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको थैली अङ्कमा ०.५ प्रतिशत बागमती सभ्यता तथा संरक्षणको लागि असूल गरिने प्रावधान अनुरुप हाल सम्मका आर्थिक बर्ष सम्ममा पनि असूल गरी आएकोदेखिन्छ। बागमती प्रदेशका मुख्य न्यायाधिवक्ताबाट मिति २०७९।०३।२७ मा पेस भएको प्रतिवेदनमा आ.व. २०७५।०७६ र ०७६।०७७ मा छुट्टै राजस्व शीर्षक अन्तर्गत जम्मा नहुने भएकोले विवरण उपलब्ध हुन नसकेको र रु.१,६०,८३,४८,२४४।२७ र आ.व.०७८।०७९ मा रु.१,९३,७३,३६,१७६।-

बागमती सभ्यता तथा संरक्षण शुल्क वापतको रकम असुल भएको भन्ने उल्लेख भएको देखिन्छ। महालेखा परीक्षकको बागमती प्रदेशको चौथो वार्षिक प्रतिवेदन २०७९ को बुँदा नं.१९ मा बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क प्रत्येक स्थानीय तहबाट प्राप्त हुनुपर्ने र प्राप्त भएको रकमको प्रतिवेदन प्राप्त नभएको कारण यथार्थ रकम खुल्न नसकेको र उक्त रकम बागमती सभ्यताको सुधार एवं विकासमा खर्च भएको सुनिश्चित हुन नसकेको भन्ने उल्लेख भएको पाइन्छ। यसमा सबै पक्षबाट चासो र सरोकार रहेको पाइयो। निबेदक तथा बिपक्षीहरूको तर्फबाट उपस्थित हुनु भएका महान्यायधिबक्ता, नायब महान्यायधिबक्ता, सह न्यायाधिबक्ता र कानून ब्यावसायीहरूको वहस तथा छलफलको आधारबाट प्रस्तुत रिट निबेदनलाई मिति २०७९।०५।२९ गतेका लागि हेर्दा हेर्दैमा राखी देहाय बमोजिमको आदेश जारी गरिदिएको छ। (१) काठमाडौं उपत्यकाभित्रका नगरपालिकाभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको थैली अङ्कमा ०.५ प्रतिशत बागमती सभ्यता तथा संरक्षण कोषको लागि आ.व.०६५।०६६देखि उठाइने भनिएको शुल्क हालसम्म के कति उठेको छ? सो रकममध्ये बागमती सभ्यता क्षेत्र सुधारको लागि के कति खर्च भएको छ? सोको एकीन विवरण प्रदेश महान्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेश मार्फत बागमती प्रदेश सरकारबाट झिकाउनू, (२) प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्म आ.व. ०७९।०८० बाट बागमती सभ्यता तथा संरक्षण कोषको लागि काठमाडौं उपत्यकाभित्रका नगरपालिकाभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको थैली अङ्कमा ०.५ प्रतिशत रकमको छुट्टै हिसाब राखी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको उद्देश्य मुताबिकको कार्यको लागि मात्र खर्च गर्नु, उक्त उद्देश्य मुताबिक खर्च गरी बाँकी रहेको रकम अन्य प्रयोजनका लागी खर्च नगरी यथास्थितिमा राखू भनी बागमती प्रदेश सरकारलाई जानकारी गराउनु। प्रस्तुत रिट निवेदनलाई मिति २०७९।०५।२९ गतेका लागि हेदहिर्दैमा राखिएको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई लगाउका ०६८-MS-०००२ र ०६८-WO-००७४ मुद्दाहरू साथै राखी पेस गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७९।०४।१५ को आदेश।**

५० यसमा प्रस्तुत रिट निवेदनलाई मिति २०७९।०७।२१ गतेको लागि हेर्दाहेर्दैमा राखी महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको जानकारी दिई लगाउका ०६८-MS-०००२ र

०६८-WO-००७४ का मुद्दाहरू साथै राखी पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७९।०५।२९ को आदेश।**

५१ यसमा देहायको कार्य सम्पन्न गरी मिति २०७९।१२।२६ गतेका लागि हेर्दाहेर्दैमा राखिएको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई लगाउका मुद्दाहरु समेत साथै राखी पेश गर्नू **(क)** बागमती सभ्यता विकास समितिको बागमती सभ्यता तथा संरक्षण कोषको लागि काठमाडौं उपत्यकाभित्रका नगरपालिकाको जग्गा किनबेच गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ०.५ प्रतिशतले थप गरी दस्तुर असूल गर्ने भनी आ.ब. ०६५।०६६ को बजेट वक्तव्यको दफा १६१ मा उल्लेख भएको र आर्थिक ऐन, २०६५ को अनुसूची ४ मा सो विषयलाई समावेश गरेको देखियो। त्यसैगरी सोही सम्बन्धमा बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७५ को अनुसूची १ को खण्ड (ग) को सि.नं. (१क.) मा तथा बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची १ को खण्ड (ग) सि.नं. (२) मा उल्लेख भएको देखिएकोमा उक्त शुल्कवापत हालसम्म के कति रकम उठेको छ? सो रकममध्ये बागमती सभ्यता क्षेत्र सुधारको लागि के कति खर्च भएको छ? सोको एकीन विवरण बागमती प्रदेश सरकारबाट झिकाउनु भन्ने यस अदालतको मिति २०७९।४।१५ को आदेशानुसार विवरण माग गरिएकोमा प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेशमार्फत भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेशबाट मिति २०७९।०९।२० मा पेश भएको विवरण हेर्दा, आ.व. २०७७।७८, ०७८।०७९ र ०७९।०८० को खर्चको विवरण मात्र संलग्न गरी पठाइएको पाइयो। सो आदेशानुसारको बागमती प्रदेश सरकार स्थापना भएपछि आ.ब. २०७८।०७९ सम्म उक्त शीर्षकमा उठेको रकम र खर्चको सम्पूर्ण विवरण समेत खुल्ने गरी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेशमार्फत ७ दिनभित्र पेश गर्नू भनी भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेशलाई लेखी पठाउनू। **(ख)** यस आ.ब. ०७९।०८० को पौष मसान्तसम्म बागमती सभ्यता तथा संरक्षण कोषको लागि काठमाडौं उपत्यकाभित्रका नगरपालिकाभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको थैली अंकमा ०.५ प्रतिशतले हुने रकम के कति आम्दानी भएको छ? के कति कुन प्रयोजनमा खर्च भई के कति रकम बाँकी रहेको छ? सोको यथार्थ विवरण मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशमार्फत ७ दिनभित्र पेश गर्नु भनी भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेशबाट झिकाउनू। **(ग)** साथै मिति २०७९।४।१५

को आदेशमा प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्म आ.ब. ०७९।०८० बाट बागमती सभ्यता तथा संरक्षण कोषको लागि काठमाडौं उपत्यकाभित्रका नगरपालिकाभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको थैली अंकमा ०.५ प्रतिशतले हुने रकमको छुट्टै हिसाव राखी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको उद्देश्य मुताविकको कार्यको लागिमात्र खर्च गर्नु, उक्त उद्देश्य मुताविक खर्च गरी बाँकी रहेको रकम अन्य प्रयोजनका लागि खर्च नगरी यथास्थितिमा राख्नु भनी बागमती प्रदेश सरकारलाई जानकारी दिनु भनी आदेश भएको देखियो। **(घ)** अधिकार सम्पन्न बागमती एकीकृत विकास समितिले बागमती सभ्यता तथा संरक्षण गर्ने उद्देश्य सहित यस आ.ब. ०७९।०८० मा आफ्नो कार्ययोजना पारित गरी पेश गरेको भन्ने बहसको क्रममा इजलाससमक्ष पेश भएको उक्त समितिको च.नं. ८ मिति २०७९।२।३ को पत्रबाट देखिन आयो। सो सन्दर्भमा बागमती सभ्यता तथा संरक्षण कोषको लागि उक्त समितिलाई आफ्नो उद्देश्य मुताविकको कार्य गर्नका लागि यस आ.ब. मा हालसम्म उक्त शीर्षकको कुनै पनि रकम निकासा नभएको भन्ने बहसको क्रममा आएकोले अधिकार सम्पन्न बागमती एकीकृत विकास समितिले बागमती सभ्यता तथा संरक्षण गर्ने उद्देश्यका लागि नियमानुसार निकासा हुने रकमको निकासा नरोक्नु नियमानुसार निकासा दिनू भनी आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशलाई जानकारी दिनू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७९।११।२९ को आदेश।**

५२ यसमा देहायको कार्य सम्पन्न गरी मिति २०८०।०१।१२ गतेका लागि हेदहिँदैमा राखिएको जानकारी महान्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशलाई दिई लगाउका मुद्दाहरु समेत साथै राखी पेश गर्नू।

**(क)**मिति २०७९।११।२९ को आदेशानुसारको विवरण आगामी सुनुवाई हुने मिति अगावै प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेशमार्फत अनिवार्य रुपमा पेश गर्नू भनी भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेशलाई लेखी पठाउनू र सोको जानकारी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेशलाई समेत दिनू।

**(ख)**काठमाडौंको गौरीघाट, गुहेश्वरी र पशुपति क्षेत्रमा बागमती नदीमा मिसिएको ढल व्यवस्थापन सम्बन्धमा भएका कार्यहरु र सो सम्बन्धमा आगामी कार्ययोजना सहितको प्रतिवेदन सहित उक्त सुनुवाई हुने मितिमा बागमती सभ्यता एकीकृत विकास समितिका

अध्यक्ष र आयोजना प्रमुख समेतलाई इजलासमा छलफलका लागि उपस्थित हुनु भनी बागमती सभ्यता एकीकृत विकास समितिलाई लेखी पठाउनू।

**(ग)**पशुपति क्षेत्रभित्र पर्ने बागमती नदीमा मिसिएको ढल व्यवस्थापन सम्बन्धमा पशुपति क्षेत्र विकास कोषले गरेका कार्यहरुको विवरण र आगामी कार्ययोजना सहितको प्रतिवेदन लिई उक्त सुनुवाई हुने मितिमा पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई छलफलका लागि इजलास समक्ष उपस्थित हुनु भनी पशुपति क्षेत्र विकास कोषलाई लेखी पठाउनू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०७९।१२।२६ को आदेश।**

५३ प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष श्री उद्धव प्रसाद तिमल्सेना तथा आयोजना प्रमुख श्री रविन्द्र बोहोरा एवम् पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. श्री मिलनकुमार थापासमेतसँग छलफल गरियो। यसमा देहाय बमोजिमको कार्य सम्पन्न गरी मुद्दा हेर्दाहेर्दैमा राखी पेशीको जानकारी महान्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशलाई दिई लगाउका मुद्दाहरु समेत साथै राखी पेश गर्नू।

**(क)** बागमती सभ्यता एकीकृत विकास समितिको बागमती सभ्यता तथा संरक्षण कोषको लागि काठमाडौं उपत्यकाभित्रका नगरपालिकाको जग्गा किनबेच गर्दा लाग्ने दस्तुरमा ०.५ प्रतिशतले थप दस्तुर लिने गरेकोमा सो बापत उठेको रकमबाट बागमती सभ्यता एकीकृत विकास समितिको लागि गत आ.ब. ०७८।०७९ र चालु आ.ब. ०७९।०८० मा हालसम्म के कति रकम प्राप्त भएको छ र सो रकमबाट बागमती सभ्यता तथा संरक्षण सम्बन्धमा के कुन क्षेत्रमा के कति रकमका कार्यहरु भएका छन्? सोको यथार्थ विवरण पठाउनू भनी बागमती सभ्यता एकीकृत विकास समितिमा लेखी पठाउनु।

**(ख)** प्रस्तुत रिट निवेदनमा मिति २०७८।११।१० मा "बागमती नदी शहर प्रवेश गर्ने शुरुवाती खण्ड सुन्दरीजल गोकर्ण खण्ड (८ कि.मी.)तर्फ ढल निर्माण र सडकतर्फ कुनै कार्य भएको देखिएन। सो सम्बन्धमा के कस्तो कार्य योजना छ? अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट पेश गर्न लगाउने" भनी आदेश भएकोमा सोको प्रगति विवरण पेश भएको नदेखिँदा सो क्षेत्रमा हालसम्म के कति कार्य भएको

छ? र आगामी कार्ययोजना के रहेको छ? यथार्थ विवरण समेत बागमती सभ्यता एकीकृत विकास समितिबाट झिकाउनू।

**(ग)** बागमती सभ्यता तथा संरक्षण कोषको लागि काठमाडौं उपत्यकाभित्रका नगरपालिकाको जग्गा किनबेच गर्दा लाग्ने दस्तुरमा ०.५ प्रतिशतले थप दस्तुर लिने गरेकोमा सो बापत उठेको रकमबाट बागमती सभ्यता एकीकृत विकास समितिको लागि समितिले तयार गरी पेश गरेको कार्ययोजना अनुसारको कार्य गर्न रकम निकासा दिनु भनी बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउनू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०८०।०१।१२ को आदेश।**

५४ यसमा प्रस्तुत रिट निवेदनको विषयवस्तुको प्रकृतिसमेतलाई दृष्टिगत गर्दा दुवै पक्षबाट बहसनोट मगाउनु मनासिव देखिएकाले मिति २०८०।०८।२१ गतेभित्र रिट निवदेनका पक्ष तथा विपक्षी दुवै पक्षलाई बहसनोट पेश गर्न जानकारी गराई मिति २०८०।०८।२५ गते निर्णय सुनाउने प्रयोजनको लागि यसै इजलाससमक्ष पेशी तोकी नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको **यस अदालतको मिति २०८०।०८।०४ को आदेश।**

५५ **यस अदालतको मिति २०८०।०८।०४ को आदेश बमोजिम अधिकार सम्पन्न बागमती एकीकृत विकास समितिको तर्फबाट पेश भएको लिखित बहस नोटमा देयाहबमोजिम उल्लेख गरेको पाइयो:** अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश, २०७३ ले यस समितिलाई आफ्नो कार्यक्षेत्रभित्र बागमती र यसका सहायक नदीको वहावक्षेत्र निर्धारण गर्ने, नदीको सुरक्षा तथा सुन्दरता अभिबृद्धिको लागि नदीको किनारामा हरितक्षेत्र निर्माण गर्ने, नदी किनारामा अनाधिकृत रुपमा वा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाउने, नदी संरक्षणका लागि निर्माण भएका संरचना, पुलपुलेसा वा सडकलाई प्रतिकूल असर पर्ने गरी नदीबाट वालुवा झिक्न नदिने जस्ता काम तोकिएको छ। नदीको दाँया-बाँया क्षेत्रमा गरिएको अतिक्रमण कायम राखी राख्नु वान्छनीय हुँदैन भन्ने कुरालाई यस समितिले मनन गरेरै तत् सम्बन्धमा सार्वजनिक सूचनासमेत प्रकाशन गरेपश्चात नदी किनारामा बनेका कैयौं संरचना भत्काइएको र यस विषयलाई सम्बोधन गर्न शहरी विकास मन्त्रालयबाट पनि कार्यदल गठन गरी कार्य गरेको अवस्था छ। समितिले बागमती नदी संरक्षण र सौन्दर्यीकरण कार्यका लागि काठमाडौंको गोकर्णदेखि गुह्येश्वरीसम्मको क्षेत्रमा अनाधिकृत ढंगले निर्माण गरिएको २७ वटा घर टहरा र तिलगंगादेखि थापाथलीसम्मका

११ वटा घर टहरा भत्काइसकेको छ। ढल व्यवस्थापन, सडक निर्माण, नदी सरसफाई र सौन्दर्यीकरणमा हालसम्म नदी तटबन्ध ७३.२८ कि.मि. सडक कालोपत्रे ३२.५६ कि.मि. र मुख्य ढल ८८.६३ कि.मि. निर्माण भएको छ। बल्खुसम्म मुख्य ढल निर्माण सम्पन्न भएको छ। **काठमाडौं उपत्यकाका बागमती लगायत अन्य नदीहरुको किनाराका अनाधिकृत संरचना हटाउने र नदी किनाराका सुकुम्बासीहरुको समस्या सम्बन्धमाः** काठमाडौं उपत्यकामा मात्रै २७ स्थानमा नदी किनारामा ३४९६ घरधुरी छाप्रा रहेका छन्। काठमाडौं महानगरपालिकामा २१७०, कागेश्वरी मनोहरा नगरपालिकामा ९०, बुढानिलकण्ठ न.पा.मा १५६, गोदावरी न.पा.मा २१५, ललितपुर म.न.पा.मा १७ र भक्तपुर जिल्लामा ७७३ परिवारका घर टहरा रहेका छन्। सो सम्बन्धमा अध्ययन, छलफल र अन्तर्क्रिया भइरहेको छ। बागमती सौन्दर्यीकरण कार्य अन्तर्गतका पूर्वाधार मध्ये केही हस्तान्तरण भएका तथा बाँकी हस्तान्तरण गर्ने क्रममा रहेका छन्। नदीको दाँया बाँया अतिक्रमण गरिएको वा नगरिएको विषयको निर्धारण गर्ने निर्णायक आधार "काठमाण्डौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४" हो। नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६५/०८/०१ गतेको निर्णयानुसार बागमती, विष्णुमती र मनोहरा खोला समेतको दाँया बाँया क्षेत्रमा निश्चित दूरी २० मिटर र कुनै नदीमा किनाराबाट ४ मिटर छोडेर मात्र निर्माण गर्न पाइने गरी मापदण्ड कायम भएको छ। काठमाडौं उपत्यकाभित्रका जिल्लाहरुबाट मालपोतमा जग्गा रजिष्ट्रशन गर्दा थप ०.५% रकम लगाउने विषय नेपाल सरकारको आ.व. ०६५/०६६ को वजेट वक्तव्यबाट शुरु भई आ.व. २०६५/०६६ देखि हालसम्म रु. ९ अर्ब ९५ करोड ९० लाख ८९ हजार बागमती सभ्यता कोषको नाममा असुल गरेको जानकारी अभिलेखबाट देखिए पनि हालसम्म समितिको नाममा जम्मा रु. २५ करोड मात्र प्राप्त भएको छ। बागमती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ को दफा २२ ले कोषको रकम समितिको उद्देश्य पूर्तिका लागि समितिको निर्णयानुसार खर्च गरिने उल्लेख गरेको छ। हाल समितिको २० वर्षे कार्य योजना (२०२३-२०४३) को अन्तिम मस्यौदा समितिबाट तयार भइसकेको छ। उक्त योजनाको प्रमुख श्रोतका रुपमा सोही ०.५ प्रतिशतको रकमलाई मानिएको हुँदा उक्त ०.५% रकमलाई वजेट मार्फत निरन्तरता दिनुपर्नेदेखिन्छ। अतःमाथि उल्लेखित आधार र कारणसमेतबाट निवेदकले उठाएको विषयहरुका कामको सन्दर्भमा यो समिति दिन रात खटिरहेको छ। सो

सम्बन्धमा केही कामहरु हुँदै गरेका छन्। ढल व्यवस्थापन, सडक निर्माण, नदी सर-सफाई र सौन्दर्यीकरणमा समेत समितिले धेरै सफलता हाँसिल गरेको हुँदा समितिको लक्ष्य र उद्देश्यलाई सहयोग हुने आदेश जारी होस्।

५६ **यस अदालतको मिति २०८०।०८।०४ को आदेश बमोजिम मध्यपुर थिमि नगरपालिकाको तर्फबाट पेश भएको लिखित बहस नोटमा देयाहबमोजिम उल्लेख गरेको पाइयोः** नदीको दाँया-बाँया क्षेत्रमा गरिएको अतिक्रमण कायम राखी राखु वान्छनीय हुँदैन भन्ने कुरालाई मध्यपुर थिमि नगरपालिकाले मनन गरेरै मिति २०६८/४/१४ गते तत्सम्बन्धमा सार्वजनिक सूचनासमेत प्रकाशन गरिसकेको र मध्यपुर थिमी नगरपालिकाबाट वातावरण संरक्षणका सम्बन्धमा हालसम्म भए गरिएका कार्यका सम्बन्धमा प्रतिबेदन नै तयार गरी सम्मानित अदालत समक्ष मिति २०७९/०३/२४ मा देहाय बमोजिमका विवरणहरु उल्लेख गरी पेश गरिसकिएको छ, जसमाः

- मिति २०६८।३।२ मा न.पा. बोर्ड बैठकले बागमती नदी र यसका सहायक नदी तथा खोलाहरुमा फोहर फ्याक्ने कार्यलाई स्थानीय संघसंस्था र समुदायसँग सहकार्य गरी नियन्त्रण गर्ने र नगरपालिका क्षेत्रभित्रका नदी तथा खोलाहरुमा अनियमित रुपमा फाल्ने गरेको फोहरलाई नियन्त्रण गर्न कार्यकारी अधिकृतको संयोजकत्वमा पाँच सदस्यीय अनुगमन तथा निरीक्षण समिति गठन गर्ने निर्णय भएको।
- यस नगरपालिका क्षेत्रभित्र हनुमन्तेसमेतका खोलाको बीस मिटरको मापदण्ड नछोडी अतिक्रमण गरी बनाइएका घर,टहरा,पर्खाल लगायतका संरचना एवम् निर्माण सामग्रीहरु सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र हटाउन साथै सार्वजनिक जग्गा खोलाहरुमा फोहर फाल्ने कार्यहरु तत्काल रोक्न र उल्लेखित अनियमित संरचना नहटाई अटेर गरी बसेमा र फोहर फाल्ने कार्य तत्काल नरोकेमा कानूनबमोजिम कारवाही हुने समेत ब्यहोराको सूचना यस न.पा.बाट मिति २०६८।४।१४ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित भएको।
- मिति २०६८।४।२० मा हाल साविक नक्सा भिडाई नक्सासमेतमा मार्क गरी पेश गरिएको।
- यस नगरपालिका क्षेत्रभित्रका खोला किनारमा अतिक्रमण नियन्त्रण गर्ने हेतुले करिडोर बाटो निर्माण गर्न यस न.पा. क्षेत्रभित्र रहेका सीमा खोलाहरु हनुमन्ते र मनोहरा खोलामा

मध्यपुर थिमी नगरपालिकाको तर्फबाट कोरिडोर विकास गरी योजनाबद्ध तरिकाले सो कोरिडोरलाई चक्रपथको रुपमा विकास गर्ने भन्ने समेतको मिति २०७१।९।१९ को नगरपरिषदबाट निर्णय भई तत्सम्बन्धमा सम्बन्धित कार्यालयसँग समन्वय गरी सो सम्बन्धी कार्य भइरहेको।

- मनोहरा तथा हनुमन्ते नदी किनारमा अनियमित रुपमा निर्माण भएका घर टहराको लगत लिने कार्य भएको।
- मनोहरा नदीमा स्थानीय जनसमुदायसमेतसँग सहकार्य गरी वृक्षारोपण तथा संरक्षण कार्य भइरहेको।
- बागमती सभ्यता एकीकृत विकास समिति मार्फत हनुमन्ते नदीको दायाँ-बायाँ रिटेनिङ वाल लगाउने कार्य भइरहेको।
- यस नरगपालिकाबाट घर नक्सा पास स्वीकृत गर्दा अनिवार्य सेफ्टी टैंक हुनुपर्ने व्यवस्था रहेको।
- यस नगरपालिकाले निजी क्षेत्रको सहकार्यमा समुदायसँग समन्वय गरेर न.पा. आफैंले फोहरमैलाको व्यववस्थापन गर्ने गरेको।
- नगरपालिकाको आफ्नै ल्याण्डफिल साइट नभएकोले काठमाडौं महानगरपालिकासँगको सहकार्य र समन्वयमा सिसडोल र बन्चरे डाँडामा फोहर व्यवस्थापन गर्ने गरेको **भनी उल्लेख गरिएको छ। सो बाहेकका सम्बन्धमाः** काठमाडौं उपत्यकाको भौतिक विकास योजना कार्यान्वयनको प्रयोजनका लागि काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ लागू भएको र सो मापदण्ड पालनाको मुख्य अभिभारा काठमाडौं उपत्यका विकास प्राधिकरण र सो मातहतका जिल्ला कार्यालयमा रहेको छ। सो मापदण्ड विपरित कोही कसैले नदीको दाँया-बाँया घर, भवन लगायतका संरचना निर्माण गरी अतिक्रमण गरेमा काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ८.१, ८.३, ९ बमोजिम त्यस्तो निर्माण कार्य भत्काउने वा हटाउने सम्मको कारवाही गर्ने अधिकार कानूनतः स्वायत्त निकाय काठमाडौं उपत्यका विकास प्राधिकरणलाई मात्र प्राप्त छ। तर यस्तो अधिकारप्राप्त निकायलाई विपक्षीसम्म बनाउन नसकी दायर भएको रिटबाट सार्थक परिणाम हासिल हुने अवस्था छैन। वातावरण संरक्षणसमेतका विभिन्न महत्वपूर्ण विषयमा विपक्षी निवेदक

संस्था र निवेदक कानून व्यवसायीहरुले सार्वजनिक सरोकारको विवादको रोहबाट पुर्याउनु भएको योगदान साच्चिकै प्रशंसनीय छ। यस रिट निवेदनमा पनि नदी सभ्यताको महत्व, बागमती लगायतका नदीको पवित्रता र धार्मिक, पुरातात्विक, पर्यटकीय महत्व, नदी संरक्षण र नदी प्रदूषण नियन्त्रणप्रति देखाइएको चिन्ता र चासो सर्वथा वान्छनीय छ। स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार र सोका पक्षमा सम्मानित सर्वोच्च अदालतबाट भएका व्याख्या प्रति पूर्ण सम्मान व्यक्त गर्दै तत्सम्बन्धमा कुनै अन्यथा जिकिर लिइ रहनुपर्ने अवस्था पनि छैन भन्नेसमेत **व्यहोराको मध्यपुर थिमि नगरपालिकाको लिखित बहस नोट।**

५७ निवेदकतर्फबाट विस्तृत विषय समेटिएको वहसनोट प्राप्त भई मिसिल सामेल रहेको।

## आदेश खण्ड

५८ नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा **निवेदकको तर्फबाट** उपस्थित विद्वान अधिवक्ताहरु श्री सञ्जय अधिकारी, श्री सर्मिला श्रेष्ठ, श्री लक्ष्मीनानी थापा, श्री कमल कोइराला र श्री अस्मिता पुरीले प्राचीन तथा ऐतिहासिक स्थल मानिएको पुरातात्विक तथा धार्मिक महत्व बोकेको बागमती तथा यसका सहायक नदीहरुले अतुलनीय महत्त्व राखेका छन्। बागमती नदी लगायतका उपत्यका नदीहरुमा दिशापिसाव मिश्रित फोहर पानी र उद्योग धन्दाहरुबाट निस्कने फोहरसमेत सिधै मिसाईनाले बागमती आज फोहर र दुर्गन्धित बन्न पुगेको अवस्था छ। बागमती नदीको प्रदूषण तथा नदी क्षेत्र वरपर भएका अतिक्रमण हटाउन अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन भए पनि उक्त समितिले सक्रियतापूर्वक कार्य नगर्दा नदीको प्रदूषण र अतिक्रमण कम हुन सकेको छैन। साविकको स्थानीय स्वायत्त शासन ऐन २०५५ र हालको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ ले पनि नदी संरक्षण र नदी प्रदूषण नियन्त्रण गर्ने जिम्मा विपक्षी नगरपालिकाहरुलाई दिएको छ। यस अदालतबाट प्रस्तुत रिट निवेदनका सम्बन्धमा विभिन्न मितिमा भएका आदेशहरुका कारण केही सुधारका सङ्केतहरु देखिए पनि सोको निरन्तरता हुन सकेको छैन। तसर्थ बागमती र यसका सहायक नदीहरु समेतमा हुने प्रदूषण र ती सम्पूर्ण नदीहरुको दायाँबायाँ भएका अनाधिकृत अतिक्रमणहरुलाई हटाई त्यस क्षेत्रको दिगो संरक्षण गरी उक्त क्षेत्रलाई हरित क्षेत्र घोषणा गर्नू, गराउनु भनी

विपक्षीहरुका नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत बहस गर्नु भयो।

५९ **विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतकोतर्फबाट** उपस्थित विद्वान महान्यायाधिवक्ता डा. श्री दिनमणि पोखरेल, विद्वान नायवमहान्यायाधिवक्ता श्री संजिवराज रेग्मी र विद्वान सह-न्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीले बागमती सभ्यता संरक्षणको विषय नेपालको संविधानको अनुसूची ५ र ९ समेतसँग सम्बन्धित विषय भएको हुँदा यसका लागि नेपाल सरकारले प्रदेश र स्थानीय सरकारसँग अन्तर सरकार समन्वयका साथ कार्य गरिरहेको छ। बागमती क्षेत्रको संरक्षणका लागि सरकारले त्यस क्षेत्रमा बसोवास गर्ने सुकुम्बासीहरुका लागि व्यवस्थापन गर्न इचङ्गुनारायण क्षेत्रमा एकीकृत बस्ती निर्माण गरी स्थानान्तरणको प्रक्रिया शुरु गरिसकेको छ। फोहरमैला व्यवस्थापन ऐन,२०६८, स्थानीय सरकार सञ्चालन, ऐन २०७४ जारी भएपछि फोहर मैलाको व्यवस्थापन लगायतका कार्य गर्न स्थानीय सरकारलाई जिम्मेवार बनाइएको छ। बागमती क्षेत्रमा घर जग्गा खरिद गर्दा लिइने थप ०.५ प्रतिशत दस्तुर बमोजिमको रकम प्रदेश सरकारमा हस्तान्तरण भएको र अदालतको आदेशबमोजिम हाल उक्त रकम प्रयोगमा ल्याउन नसकिएको हुँदा सोको व्यवस्थित प्रयोगका सम्बन्धमा स्पष्ट संघीय कानूनको आवश्यकता देखिएको छ। बागमती नदी स्वच्छ बनाउन र उक्त क्षेत्रमा फोहरमैला फाल्ने कार्यलाई नियन्त्रण गर्न नुवाकोट जिल्लाको ओखरपौवा स्थित सिसडोल र बन्चरेडाँडामा फोहर व्यवस्थापन गर्ने कार्य भइरहेको छ। काठमाडौं उपत्यकाभित्र भवन निर्माण गर्दा सेफ्टि ट्यांक अनिवार्य बनाउनुपर्ने प्रावधानलाई निरन्तरता दिइएको छ। बागमती नदीको दाँया बाँया किनारमा सडक र ढल निर्माण गर्ने, वृक्षारोपण गर्ने, नदीको बहावलाई अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइएको छ। बागमती सभ्यता संरक्षणका क्षेत्रमा बहुल निकाय संलग्न भई दीर्घकालसम्म सुधार गर्नुपर्ने विषय भएकाले यसका लागि संघीय सरकारले निरन्तर रुपमा प्रदेश र स्थानीय निकायहरुसँग मिलेर काम गरिरहेको र भविष्यमा पनि काम गर्ने छ भन्नेसमेत बहस गर्नु भयो।

६० **विपक्षी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिकोतर्फबाट** विद्वान अधिवक्ताद्वय श्री वीरेन्द्र थपलिया र श्री निरु खनाल अधिकारीले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३।१०।०६ को निर्णयले अधिकार सम्पन्न बागमती सभ्यता

एकीकृत विकास समिति, २०७३ जारी भई लागू भएको छ। यसमा शहरी विकास मन्त्री अध्यक्ष, काठमाडौं महानगरपालिका, ललितपुर उपमहमानगरपालिका, भक्तपुर नगरपालिका समेतका मेयर तथा कार्यकारी अधिकृत समेत सदस्य रहने व्यवस्था छ। बागमती नदी र यसका सहायक नदीको सीमा र बहाव क्षेत्र निर्धारण गर्ने अधिकार नेपाल सरकारको २०६५ को निर्णयबाट समितिलाई रहेको छ। २०६५ सालमै तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारले काठमाडौं उपत्यकाभित्रका नगरपालिकाको जग्गा किनबेच गर्दा लाग्ने दस्तुरमा ०.५ प्रतिशतले थप दस्तुर लिने र सो ०.५ प्रतिशत रकम बागमती सभ्यताका लागि खर्च गर्ने भनी निर्णय गरेपछि उक्त रकम समितिले लिन थालेकोमा २०७४ पछि त्यसमा प्रदेश सरकारले दावी गरी प्रदेश सरकारले उठाउने काम गर्‍यो। हाम्रो लागि भनेर उक्त रकम उठाइएको भएतापनि सो रकम हाम्रो खातामा आउन सकेको छैन। केवल पटके अनुदान मात्र प्राप्त भएको छ। सम्मानित सर्वोच्च अदालतको मिति २०८०।१।१२ को आदेशले उक्त ०.५ बापत उठेको रकमबाट बागमती सभ्यता एकीकृत विकास समितिको लागि समितिले तयार गरी पेश गरेको कार्ययोजना अनुसारको कार्य गर्न रकम निकासा दिनु भनी बागमती प्रदेश सरकारका नाउँमा आदेश भए पनि सो आदेश बमोजिम समितिलाई रकम प्राप्त भएको छैन। अदालतको आदेशबमोजिम समितिले २० वर्षे कार्ययोजना बनाई विज्ञको सल्लाह सुझाव समेत लिई अन्तिम स्वरुप दिने प्रक्रियामा छ। सो कार्ययोजनाको मुख्य श्रोतका रुपमा सोही ०.५ प्रतिशतको रकम भएकोले सोको दिगो सुनिश्चितताका लागि समेत उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत बहस गर्नु भयो।

६१ **विपक्षी काठमाडौं महानगरपालिकाकातर्फबाट** विद्वान वरिष्ठ अधिवक्ता श्री महेश नेपाल र विद्वान अधिवक्ता श्री ओमप्रकाश अर्यालले काठमाडौं महानगरपालिका बागमती सभ्यताको संरक्षण गरी काठमाडौंलाई सांस्कृतिक शहरका रुपमा विकास गर्ने कार्यमा सधै समर्पित रहँदै आएको छ। नदीको बहाव क्षेत्रका सम्बन्धमा २०६४ सालमा नेपाल सरकारले मापदण्ड निर्धारण गरिसकेको छ। टुकुचाको विषयमा उच्च अदालत पाटनबाट मिति २०७९।१०।१८ मा फैसला भई पुरातात्विक संरक्षणका विषयमा बोलिसकेको छ। त्यसैगरी सुकुम्बासीको हकमा सोही अदालतबाट मिति २०८०।०४।१७ मा आंशिक रिट जारी भएको छ। प्रतिनिधि सभाको पूर्वाधार विकास समितिले मिति २०८०।३।२० मा सुकुम्बासी समस्या ६ महिनाभित्र व्यवस्थापन गर्न निर्देशनसमेत दिइसकेको अवस्था छ।

काठमाडौं महानगरपालिकाले बागमती सभ्यताको सम्बन्धमा विगतदेखि नै काम गरिरहेको र आगामी दिनमा पनि संघीय र प्रदेश सरकारसँग समन्वय गरी काम गर्ने नै छ भन्नेसमेत व्यहोराको बहस गर्नुभयो।

६२ **बागमती प्रदेश सरकारकोतर्फबाट** उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री उदयचन्द्र अधिकारीले बागमती प्रदेश सरकार प्रस्तुत मुद्दामा विपक्षी नभए पनि ०.५ प्रतिशत शुल्कको विषयमा प्रदेश सरकार तानिएको हो। रजिष्ट्रेशन वापत लिखत मूल्यको ०.५ प्रतिशत दस्तुर २०६५ सालदेखि नै लगाउन शुरुवात गरिएको भए पनि मुलुक संघीय संरचनामा जाँदा राज्यशक्तिको बाँडफाँड गर्दा अनुसूची ६ ले रजिष्ट्रेशन दस्तुर प्रदेशको क्षेत्राधिकारमा गएको हो। आ.ब. २०७५/७६ अगाडिसम्म संघीय सञ्चित कोषमा रकम जम्मा भए पनि प्रदेश स्थापना भएपछि नेपालको संविधानको धारा २०४ बमोजिम आ.ब. २०७५/७६ पछि प्रदेश सञ्चित कोषमा रकम जम्मा हुन थाल्यो। सो समयदेखि आ.ब. २०७९/८० चैत्र मसान्तसम्म ६ अर्ब ८ करोड रकम जम्मा भएकोमा आ.ब. ०८०/८१ को बजेट बक्तव्यको बुँदा नं १९१ ले उक्त सभ्यता शुल्क नउठाउने भनेपछि सो रकम उठाउन छाडिएको छ। जहाँसम्म कोषमा जम्मा भएको रकमको कुरा छ सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७९।०२।१६ र २०७९।०४।१५ को आदेशबमोजिम प्रदेश सरकारबाट आ.ब. २०७९/८० मा २० करोड र १५ करोड आ.ब. ८०/८१ मा १५ करोड अनुदान बिनियोजन गर्दा मिति २०७८।१०।०२ र २०७९।०९।०१ मा प्रदेश सरकार र बागमती सभ्यता एकीकृत विकास समितिबीच सम्झौता समेत भईसकेको हुँदा समितिले रकम नपाएको भन्न मिल्दैन भन्नेसमेत ब्यहोराको बहस गर्नुभयो।

६३ उपरोक्त दुबैतर्फका विद्वान कानून व्यवसायीहरुको तर्कपूर्ण बहस सुनी रिट निवेदनसहितको मिसिल अध्ययन गरी आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा देहाय बमोजिमका विषयमा केन्द्रित भई निर्णय दिनुपर्ने देखियो।

१. यस अदालतबाट बागमती नदी समेतसँग प्रत्यक्ष र परोक्ष सरोकार राख्ने रिट निवेदनहरुमा भएका आदेशहरुको सन्देश के छ?

२. बागमती र यसका सहायक नदीहरुको संरक्षणमा हालसम्म के कस्ता कार्यहरु भएका रहेछन? बागमती र यसका सहायक नदीहरुको संरक्षण एवं प्रदूषण नियन्त्रणमा के कस्ता कार्यहरु गर्न जरुरी देखिन्छ ?

३. निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन?

६४ उपर्युक्त प्रश्नहरुतर्फ प्रवेश गर्नुपूर्व निवेदनमा उठाइएका कुराहरुतर्फ हेर्दा प्रस्तुत निवेदनमा निवेदकले मुलतः काठमाडौं उपत्यकाको ऐतिहासिक धार्मिक तथा सास्कृतिक सम्पदाको संरक्षणमा बागमती र यसका सहायक नदीहरुले खेलेको भूमिकाको बारेमा चर्चा गर्दै वर्तमानमा बागमती र यसका सहायक नदीहरु अतिक्रमणको चपेटामा परेको, प्रदूषण हटाउनु वेगर विसर्जन गरिएको, ढलको कारण पवित्र नदी र जीवनदायिनी नदीकोरुपमा चर्चित बागमती नदी ढलमतिमा परिवर्तन भएकोमा चिन्ता व्यक्त गरेको पाइन्छ। साथै निवेदनमा उपत्यकाका बागमती, विष्णुमतीलगायत हनुमन्ते खोलाको बगर, सोसँग जोडिएको गौचर क्षेत्र आदिमा अनधिकृत रुपमा घर टहरालगायतका भौतिक संरचनाको निर्माण गर्नबाट नरोकिएको, बागमती नदी र विष्णुमती नदी जस्ता पवित्र नदीहरुको घाट क्षेत्र अतिक्रमित भई अस्तित्व नै लोप भैसकेको र हुन लागेको, शिवपुरीको वागद्वारदेखि चोभारसम्म बागमती नदीलाई स्वच्छ र सफा राख्न बागमती नदीमा कुनै प्रकारको दुषित पदार्थ मिसिन नदीने मुख्य दायित्व भएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट आफूलाई सुम्पिएको जिम्मेदारी पूरा नगरी मूकदर्शक भई बसेको भन्ने आदि कुराहरु समेत उठाउदै र यस अदालतबाट भएका आदेशहरुको कार्यान्वयन नभएकोमा चिन्ता समेत व्यक्त गर्दै (क) पवित्र नदी बागमती र यसका सहायक नदीहरु मनोहरा, कोट्कु, धोबी खोला, बल्खु खोला(ईन्द्रमती), नख्खु, कर्मनासा, विष्णुमती लगायतका उपत्यकाभित्रका सम्पूर्ण नदीनालाहरुसमेतमा मलमूत्रयुक्त प्रदुषित पानी नपठाउनु र ती सम्पूर्ण नदीहरुको दायाँबायाँ भएका अनधिकृत अतिक्रमणहरुलाई हटाई त्यस क्षेत्रको संरक्षण गरी उक्त क्षेत्रलाई हरित क्षेत्र घोषणा गर्नू, गराउनु, (ख) बागमती नदी क्षेत्रको संरक्षण गर्नका लागि आवश्यक पर्ने निजी जग्गा अधिग्रहण गर्नुपर्ने भए कानूनद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी उक्त जग्गाहरु अधिग्रहण गर्नु गराउनु, (ग) विपक्षी काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, मध्यपुर ठिमी नगरपालिका, भक्तपुर नगरपालिकालाई नदीहरुमा विना प्रशोधन ढल मिसाउने कार्य तत्काल बन्द गरी गराई नदी प्रदूषण नियन्त्रण गर्नु गराउनु र नदी क्षेत्रमा भएको अतिक्रमण हटाई नदी क्षेत्रको संरक्षण गर्नु गराउनु, (घ) विपक्षी प्रमुख जिल्ला अधिकारीहरू, जिल्ला प्रशासन कार्यालय काठमाडौं, ललितपुर र भक्तपुर तीनै जिल्लाका अधिकारीहरुको

नाममा नदी क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका घर टहरा लगायतका भौतिक संरचनाहरू हटाउनु, हटाउन लगाउन सम्बन्धित निकायलाई सहयोग गर्नु, गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्नेसमेत माग गरेको पाइयो।

६५ प्रस्तुत निवेदनमा यस अदालतका पटक पटकका आदेशहरुको वावजुद अतिक्रमण र प्रदूषण यथावत रहेकोमा चिन्ता व्यक्त गर्दै अदालतको आदेश अटेर गर्नेहरुलाई अदालतको अपहेलनामा सजाय समेतको माग गरिएको समेत हुँदा यस अदालतबाट यसपूर्व बागमती नदी समेतसँग प्रत्यक्ष र परोक्ष सरोकार राखे रिट निवेदनहरुमा भएका आदेशहरुको सन्देश के छ भन्ने कुराको पनि समीक्षा गर्नुपर्ने हुन आयो। सो सन्दर्भमा हेर्दा देहायका रिट निवेदनमा भएका फैसलाहरु महत्वपूर्ण देखिन्छन्।

१) **अधिवक्ता प्रकाशमणी शर्मा विरुद्द श्री ५ को सरकार युवा, खेलकुद तथा संस्कृति मन्त्रालय समेत**[1] भएको रिट निवेदन संखमुलदेखि टेकु दोभानसम्मको नदी क्षेत्रमा रहेका बिभिन्न घाट, मठ, मन्दिरहरुको संरक्षणको माग रहेकोमा यस अदालतबाट वुद्धनगरदेखि प्रसुतिगृह छेउको पञ्चायन घाटसम्म बाटो सडक बनाउन दिंदा बागमती नदी र मठ, मन्दिर, घाटको वीचमा रहेको अन्योन्याश्रित सम्वन्ध समाप्त हुन गई त्यस क्षेत्रमा रहेका बिभिन्न प्रचीन घाट, भकारी, मठ मन्दिरहरुको अस्तित्वमा समेत असर पर्ने हुँदा मागबमोजिम शंखमूल वुद्धनगरदेखि प्रशुतिगृह छेउको पञ्चायन घाटसम्म बागमती किनारामा अनधिकृतरुपमा सडक बनाएको देखिएकोले त्यस्तो अनधिकृत रुपमा बनाएको बाटो निर्माण रोक्का राख्नु, निर्माण गर्ने कार्य गर्न गराउन नदिनू भनी स्थानीय प्रशासन कार्यालय र काठमाडौं महानगरपालिकाको नाममा निर्देशानात्मक आदेश जारी गरिएको पाइन्छ।

२) **अधिवक्ता भरतमणि गौतम विरुद्द श्री ५ को सरकार मन्त्री परिषद सचिवालय समेत**[2] भएको रिट निवेदनमा प्रदूषणविहिन नबनाएसम्म बागमती नदीमा औद्योगिक र नगरका अन्य फोहर ढल मार्फत मिसाउने कार्य बन्द गर्नुपर्ने माग गरिएकोमा यस अदालतबाट बागमती र विष्णुमती जस्ता धार्मिक, सांस्कृतिक एवं वातावरणीय कारणबाट पनि महत्वपूर्ण रहेका पवित्र नदीहरुलाई प्रदूषणबाट जोगाई विकास र वातावरण वीच

[1] २०५२ सालको रिट नं ३०१८ फैसला मिति २०५६।०२।३१

[2] सम्वत २०५४ सालको रिट नं ३०५४ फैसला मिति २०५६-०३-२१

सन्तुलन कायम गर्नु श्री ५ को सरकार तथा सर्वसाधारण लगायत सवैको दायित्व हुन आउने हुँदा श्री ५ को सरकार, कानुनले दायित्व सुम्पिएका सम्वन्धित निकाय तथा संस्थाहरुले यस्तो महत्वपूर्ण नदीको स्वच्छता कायम राख्न कानूनले निर्देश गरेबमोजिम बागमती नदीको प्रदूषण रोक्नेतर्फ आवश्यक कार्य गर्नू भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरिएको पाइन्छ।

३) **अधिवक्ता भरतमणी गौतम, हुतराम वैद्य समेत विरुद्ध श्री ५ को सरकार मन्त्री परिषद सचिवालय समेत**[3] भएको रिट निवेदनमा बागमती नदीको टेकु दोभानको पवित्रताको चर्चा गर्दै विष्णुमती नदीको दुवै किनारामा गलैचा कारखाना, छाला उद्योगहरु, गोंगवु, लैनचौर, ठमेल, क्षेत्रपाटी, ताहाचल, टेकु आदि शहरी क्षेत्रका दिशा पिसाव र पशु वध गरी पशुका हाडखोर समेत यस नदीमा सिधै खसालिएबाट नदी वरपरको वातावरणमा परेको असरवारे प्रश्न उठाइएकोमा यस अदालतबाट वातावरण संरक्षणमा विगतमा भएका आदेशहरु समेतको चर्चा गर्दै विकास र वातावरण वीच सन्तुलन कायम गर्नु श्री ५ को सरकार तथा सर्वसाधारण लगायत सवैको दायित्व हुन आउने हुँदा श्री ५ को सरकार, कानुनले दायित्व सुम्पिएका सम्वन्धित निकाय तथा संस्थाहरुले यस्तो महत्वपूर्ण नदीको स्वच्छता कायम राख्न कानूनले निर्देश गरेबमोजिम बिष्णुमती नदीको प्रदूषण रोक्नेतर्फ आवश्यक कार्य गर्नू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरेको पाइन्छ।

४) **अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्ध श्री ५ को सरकार मन्त्री परिषद सचिवालय समेत**[4] भएको रिट निवेदनमा बागमती नदी क्षेत्रको शंखमुलदेखि टेकु दोभानसम्ममा निर्माण गर्न लागिएको उद्यानका सम्वन्धमा श्री ५ को सरकारले गरेको निर्णय बदर गरी त्यस क्षेत्रमा उद्यान निर्माण लगायतका नदी संस्कृतिमा नकारात्मक असर पर्ने कुनै पनि किसिमको कार्य नगर्नु नगराउनु भन्ने रिट निवेदनको माग रहेकोमा यस अदालतबाट शंखमुलदेखि टेकु दोभान सम्म संयुक्त राष्ट्र संघको पचासौं वार्षिकोत्सवको उपलक्ष्यमा श्री ५ को सरकार मन्त्रिपरिषदको निर्णय अनुसार संयुक्त राष्ट्र पार्क विकास समिति गठन भै सो समिति अन्तर्गतको कार्य चालू रहेको र धार्मिक,

[3] सम्वत २०५४ सालको रिट नं ३१४१ फैसला मिति २०५६-०३-२९

[4] ने.का.प. २०५६ नि.नं. ६७८९

सांस्कृतिक, पुरातात्विक वस्तुहरुको संरक्षण गर्ने र अनधिकृत अतिक्रमण रोक्ने समेतको कार्य गर्नबाट रोक्न उपयुक्त र आवश्यक देखिँदा (क) प्राचीन स्मारक ऐन, २०१३ को दफा ९ अनुसार श्री ५ को सरकारको हेरचाहमा रहेको वा पुरातत्व सम्बन्धी वा ऐतिहासिक महत्वको तीर्थस्थान वा देवालयलाई संरक्षण गर्न वा त्यसमा कुनै किसिमको वेहिसाव हुन गर्न नदिने जो चाहिने प्रवन्ध श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय तथा पुरातत्व विभागद्वारा गर्नु गराउनु। (ख) गुठी संस्थान ऐन, २०३३ को दफा १७(६) (ख) अनुसार प्राचीन गरगहना र धार्मिक, सांस्कृतिक वस्तुहरुको लगत राखी संरक्षण गर्ने गराउने समेतको काम कर्तव्य उल्लेख भए अनुसार गुठी संस्थान केन्द्रीय कार्यालयद्वारा गर्नु गराउनु (ग) नगरपालिका ऐन, २०२८ को दफा १५ को उपदफा (१) को खण्ड (ढ) अनुसार वातावरण संरक्षण पुरातात्विक वस्तु र संस्कृतिको संरक्षण गर्ने समेतको काम कर्तव्य अधिकार नगरपालिकाको भए अनुसार काठमाडौं महानगरपालिकाद्वारा गर्नु गराउनु (घ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६) मा आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पधेरा, पाटी पौवा, सत्तल, धर्मशाला, मन्दीर, गुफा, मुल आदिको लगत लिई राख्नु पर्दछ र भत्की विग्री नोक्सान हुन लागेमा त्यसको धनी वारिस, नगरपालिका वा गाउं विकास समिति वा गुठी संस्थानद्वारा मर्मत गर्न लगाउनु पर्छ भन्ने प्रमुख जिल्ला अधिकारीको काम कर्तव्य तोकिए अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंद्वारा गर्नु गराउनु। (ङ) श्री ५ को सरकार अधिकार सम्पन्न बागमती क्षेत्र ढल निर्माण र सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिको गठन श्री ५ को सरकारले उक्त क्षेत्रको सुधार र संरक्षणको उद्देश्यले गरेकोमा सो समितिद्वारा बागमती नदीको प्रदूषण हटाउनको लागि मलमूत्र जस्तो विषादी पदार्थलाई वैज्ञानिक रुपमा प्रशोधन गर्ने र Treatment Plant को व्यवस्था गर्नु गराउनु तथा घाटको अस्तित्व नष्ट हुने कार्य नगर्नु नगराउनु। (च) प्रशुति गृहको नाममा सार्वजनिक घाट भकारी एवं नदीको क्षेत्रमा प्रतिकूल असर पर्ने कुनै कार्य नगर्नु नगराउनु। साथै श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय तथा श्री ५ को सरकार आवास तथा भौतिक योजना मन्त्रालय लगायत प्रत्यर्थीहरुको नाममा धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका वस्तुहरु र बागमती नदीको प्रदूषण हटाई स्वस्थ वातावरण प्रवर्द्धन तथा

संरक्षण गर्नु भनी तत्कालीन श्री ५ को सरकार मन्त्री परिषद सचिवालय तथा श्री ५ को सरकार, मन्त्री परिषद सचिवालय मार्फत संयुक्त राष्ट्रसंघ पार्क विकास समिति समेतको नाममा परमादेशको आदेश जारी भएको पाइन्छ।

५) **अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्द श्री ५ को सरकार मन्त्री परिषद सचिवालय समेत**[5] को रिट निवेदनमा वल्खुदेखि चोभारसम्म बागमती नदी किनारामा फोहर डम्प गर्ने गरेको कार्य रोकी पाउँ भन्ने समेत माग रहेकोमा यस अदालतबाट फोहर मैलाको उचित व्यवस्थापन गर्ने कर्तव्य पूरा नगरिंदा सर्वसाधारण जनताको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न जाने हुन्छ। स्वस्थ वातावरणमा बाँच्न पाउने हकको विरुद्दमा कुनै पनि निकायले आफ्नो जिम्मेदारी पूरा नगरी हेलचक्रयाई गर्नु संविधान र कानून सँगत हुँदैन भन्दै बागमती नदी क्षेत्र समेतलाई फोहरमैलाको व्यवस्थापन गर्दा स्वस्थ जीवनका लागि हानिकारक नहुने ढंगबाट वैज्ञानिक रुपमा मापदण्ड निर्धारण गरेर वातावरणीय दुष्प्रभाव कम हुने नहुने मुल्यांङ्कन अनिवार्य रुपमा गरी फोहरमैला व्यवस्थापन गर्नु गराउनु भन्ने समेत प्रत्यर्थीहरुको नाममा आदेश जारी गरेको पाइन्छ।

६) **प्रकाशमणी शर्मा समेत विरुद्ध नेपाल सरकार मन्त्रिपरिषद सचिवालयसमेत**[6] भएको निवेदनमा काठमाडौं उपत्यकाभित्र अनियन्त्रित रुपमा गरिएको भूमिगत जलस्रोतको दोहनको विषयमा परेको रिट निवेदनमा यस अदालतबाट प्रकृतिले मानव लगायतका प्राणीहरूको अत्यावश्यकीय वस्तुको रुपमा दिएका हावा, पानी, वनजंगल लगायतका चिजवस्तुहरू कुनै एकै व्यक्ति वा एउटा मानव पुस्ताको लागि मात्र वा कुनै खास व्यावसायिक एवं औद्योगिक प्रयोजनको लागि मात्र अनियन्त्रित एवं अव्यवस्थित रुपमा उपभोग वा दोहन गर्न वा हुन नदिई तिनीहरूलाई पुस्तौं पुस्तासम्मको लागि समेत सुरक्षित राख्न व्यवस्थित, दिगो एवं नियन्त्रित तवरले प्रयोग र दोहन गर्ने व्यवस्था मिलाउनु राज्यको परम् कर्तव्य हुने (प्रकरण नं. ४); काठमाडौं उपत्यकाभित्रको भूमिगत जलस्रोत उपयोग वा दोहन गर्ने भनी उल्लेख गरेका विभिन्न संघ संस्था र निजी कम्पनीहरू, कलकारखाना, होटल, आवास गृह, अस्पताल, नर्सिङ होम लगायतका

[5] २०५७ सालको रिट नम्वर २९१० फैसला मिति २०६२-०३-१०; सम्वत २०५७ सालको रिट नं ३४४०

[6] ने.का.प. २०६६ अंक १२ नि.नं.८२७६

निकायहरू निःसन्देह रुपमै व्यावसायिक एवं व्यापारिक वा नाफाको उद्देश्यबाटै स्थापित वा खडा भएको भन्ने देखिएको स्थितिमा त्यस्ता निकायहरू लगायत खानेपानी आपूर्ति गर्ने व्यवसायमा संलग्न व्यक्ति वा संस्थाहरूले भूमिगत पानीको दोहन गर्नुपूर्व जलस्रोत ऐन, २०४९ बमोजिम नेपाल सरकार वा सम्बन्धित निकायबाट अनिवार्यतः अनुमतिपत्र लिनुपर्ने (प्रकरण नं. १०); भूमिगत जलस्रोतको अनियन्त्रित एवं अनियमित दोहनलाई नियन्त्रित र नियमित रुपमा व्यवस्थापन गरी दिगो एवं सन्तुलित रुपमा दोहन र उपभोग गर्नु गराउनु अनिवार्य देखिने भन्ने व्याख्या भएको देखिन्छ।

७) **कृष्ण प्रसाद उपाध्याय समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सचिवालय समेत**[7] रहेको रिट निवेदनमा बागमती नदी किनारामा वसोवास गर्ने सुकुम्वासीहरुलाई वसोवासको वैकल्पिक व्यवस्था विना वसोवास गरिरहेको स्थानबाट जवरजस्ती हटाउन लागेकोले प्रत्यर्थीहरुबाट मिति २०६८।०९।१३ मा प्रकाशित सार्वजनिक सूचनाले संविधानले प्रत्याभूत गरेको बाँच्न पाउने हक लगायतका विभिन्न हकबाट बन्चित हुने हुँदा उक्त सूचना उत्प्रेषणको आदेशले बदर गरी पाँउ भन्ने माग रहेकोमा यस अदालतबाट निवेदकहरुलाई सरकारी तथा सार्वजनिक जग्गामा घर टहराहरु निर्माण गरी बस्ने हक अधिकार नहुने, बाग्मती नदीलगायतका सबै नदीनालाहरूको किनाराका अनाधिकृत रूपमा मापदण्ड विपरीत अतिक्रमित सरकारी सार्वजनिक जग्गालाई उचित संरक्षण र व्यवस्थापन नगर्ने हो भने सार्वजनिक जग्गाहरू अतिक्रमण गरी बसोवास गर्ने कार्यले परापूर्वकालदेखि चली आएको धार्मिक र सांस्कृतिक धरोहरका सम्पदाहरू क्रमशः लोप हुँदै जाने खतरा रहनुका साथै प्रदूषित खोलानालाको कारण प्राकृतिक वातावरणमा समेत प्रतिकूल असर पर्ने मात्र नभई सहरको मध्य भागमा रहेको बाग्मती सभ्यतामा असर परी शहरको कुरूपतासमेत प्रदर्शित हुन जाने। सुकुम्बासीको नाममा सरकार वा महानगरपालिकाले तोकिदिएको स्थानबाहेक जहाँसुकै खाली स्थान पाउने बित्तिकै अतिक्रमण गर्नु गराउनु कानूनविपरीत मात्र नभई औचित्यपूर्ण तथा विवेकसम्मत नहुने भन्दै मापदण्ड विपरित अव्यवस्थितरुपमा बनाइएका भौतिक संरचनाहरु हटाउन अख्तियारप्राप्त निकायबाट

[7] नेकाप २०७६ निर्णय नं १०३७८ (०६८-wo-०६३१)

प्रकाशित गरेको सूचना बदर गर्न निवेदकहरुलाई अधिकार नै नभएको अवस्थामा मागबमोजिमको आदेश जारी नहुने निर्णय भएको पाइन्छ।

६६ यसरी माथि उल्लेखित रिट निवेदनहरुमा मूलतः बागमती नदीमा विना प्रशोधन ढल मिसाइएको, विभिन्न किसिमका औद्योगिक र गैर औद्योगिक फोहर विसर्जन गरिएको कारण हुन गएको प्रदूषण, घाट सभ्यताको अतिक्रमण, भूमिगत जलस्रोतको उपयोग, नदीको किनारामा फोहर मैलाको विसर्जन र सडक निर्माण बा उद्यान निर्माणको नाममा वा सुकुम्वासीद्वारा गरिने अतिक्रमणका प्रश्नहरु उठाइएकोमा अदालतले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मानिसहरुको हकको संवर्द्धन, विकास र वातावरण संतुलन, संस्कृतिको संरक्षण, आदि विषयलाई गम्भीरतापूर्वक लिंदै विभिन्न आदेशहरु जारी गरेको देखिन्छ।

६७ बागमतीमा फोहर मैला विसर्जनको कुरा गर्दा काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनको पनि कुरा गर्नुपर्ने हुन्छ। काठमाडौं र ललितपुर क्षेत्रको फोहरमैलाको उचित व्यवस्थापन, त्यसमा परिरहेको अवरोध समेतको विषयमा परेको रिट निवेदनमा सर्वसाधारण जनताको स्वास्थ्य र वातावरण साथै राज्यको पहिचानसँग जोडिएको राजधानीको फोहरमैलाको व्यवस्थापन गर्न यति घण्टा, दिन र महिना भनी समय किटान गर्न उचित नहुने हुँदा जतिसक्दो चाँडो स्थानीय स्वायत्त शासन ऐन समेतले तोकेको काम कर्तव्य र अधिकारबमोजिम कार्य गरी आगामी दिनमा यस्तो समस्या नरहनेतर्फ युद्धस्तरमा कारवाही गर्न विपक्षीहरुका नाममा परमादेश जारी गर्दै फोहर मैला व्यवस्थापन ऐनको निर्माण चाडो गर्नु, व्यवस्थापनमा रहेको स्थानीय अवरोध हटाई फोहरमैलाको समुचित व्यवस्थापन गर्नको लागि स्थानीय विकास मन्त्रालय वा अन्तर्गतका निकाय वा कार्यालयले स्थानीय निकायहरु वीच समन्वयकारी भूमिका निर्वाह गर्ने संयन्त्रको व्यवस्था गर्नु, घर घरको फोहरको प्रारम्भिक व्यवस्थापन घरधनी स्वयमले गर्ने गरी दायित्व सिर्जना गर्नको लागि निर्देशनात्मक आदेश समेत जारी भएको पाइन्छ।[8]

६८ त्यसैगरी काठमाडौंभित्र बागमती, विष्णुमती, धोविखोला र मनोहरा नजिकका सरकारी र सार्वजनिक जग्गाका साथै विभिन्न स्थान र क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण भएको देखाएको रावल आयोगको प्रतिवेदन कार्यान्वयन सम्वन्धमा परेको रिटमा रावल आयोगको प्रतिवेदन २०५२ कार्यान्वयन सम्वन्धमा अदालतबाट मिति २०६६।२।१७ मा भएको

---

[8] नमिन्द्रराज जोशी विरुद्द प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत नेकाप २०६८ नि.नं. ८६१६

आदेशबमोजिम गठित विशेषज्ञ समितिले पेश गरेको रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्न र सो प्रतिवेदनमा नसमेटिएका देशको अन्य स्थानहरुमा भएको सरकारी र सार्वजनिक जग्गाको अतिक्रमणका विषयमा समेत छानवीन गरी उच्च प्राथमिकताका साथ प्रतिवेदन छिटो कार्यान्वयन गर्नु गराउनु भन्ने निर्देशनात्मक आदेश जारी भएको पाइन्छ[9]।

६९ बागमती र विष्णुमती नदीहरुको संरक्षण र काठमाडौं उपत्यकाको फोहरमैलाको व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने उपर्युक्त रिट निवेदनको अतिरिक्त सर्वोच्च अदालतबाट सोही अवधिमा वातावरण संरक्षणसँग प्रत्यक्ष सरोकार राख्ने अन्य विभिन्न रिट निवेदनहरुमा बिभिन्न आदेशहरु; जस्तोः जलस्रोतको बिभिन्न उपयोगको सम्वन्धमा आवश्यक गुणस्तर र जलस्रोतको प्रदूषण सहनसीमा तोक्नू भन्ने[10], बातावरण निरीक्षकको योग्यता तोक्ने र नियुक्ति गर्ने कार्य गर्नु भन्ने[11] त्यसैगरी कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य स्थानबाट निस्कने ध्वनी, ताप, रेडियोधर्मी विकिरण र फोहर मैलाको मापदण्ड निर्माण गर्नु[12] भन्ने आदि निर्णयहरुको पनि बागमती नदीको वाताबरणीय स्वास्थ्य जोगाउन परोक्षरुपमा योगदान हुने नै देखिन्छ। त्यसैगरी उद्योगको लागि मिति २०५८।०१।१७ र मिति २०६०।०३।०९ को राजपत्रमा औद्योगिक एफ्लुयन्टको लागि मापदण्ड तोकिएको भए तापनि पालना नभएको, त्यसैगरी वातावरण संरक्षण ऐन, २०५३ को दफा १६(३) वर्खिलाप उद्योगहरुलाई अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र वितरण गरिएको, अदालतको पूर्व आदेशबमोजिम जल, वायु, ध्वनी सम्बन्धी मापदण्ड तोक्नुपर्नेमा नतोकिएको भन्ने समेत कुरा उठाइ परेको रिट निवेदनमा वातावरण सम्बन्धी नियमावलीको अनुसूची ७ मा प्रदूषण मापदण्डभित्र रहनुपर्ने गरी विभिन्न उद्योगहरु अनुसूचीत गरेकोले विशेषज्ञसँग परामर्श गरी ६ महिनाभित्र मापदण्ड तोकी कानूनी व्यवस्था लागू गर्नु भन्ने [13], त्यसैगरी चिकित्साजन्य फोहरको विसर्जन सम्वन्धमा अदालतले सो विषय अध्ययन गर्न गठित समितिले २०६९।१।३१ मा वुझाएको प्रतिवेदनमा उल्लेखित

[9] अधिवक्ता प्रकाशमणी शर्मा विरुद्द प्रधानमन्त्री तथा मन्त्री परिपदको कार्यालय समेत नेकाप २०६७ निन ८४१६

[10] अधिवक्ता भोजराज ऐर समेत विरुद्द श्री ५ को सरकार जलस्रोत मन्त्रालय समेत सम्वत २०५६ सालको रिट नं ३३०५ फैसला मिति २०५८।०४।१२

[11] अधिवक्ता प्रकाशमणी शर्मा विरुद्द श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय समेत नेकाप २०६२ निन ७५३८

[12] अधिवक्ता भोजराज ऐर समेत विरुद्द श्री ५ को सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय समेत, सम्वत २०५६ सालको रिट नं ४१९३ फैसला मिति २०५८।१०।२६

[13] अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्द जनसंख्या तथा वातावरण मन्त्रालय, सिंहदरवार समेत सम्वत २०६१ सालको रिट नं ३४२९

सुझावहरु चाडै छुट्टै नियमावली वनाई लागू गर्नु भन्ने निर्णय पनि यस सन्दर्भमा महत्वपूर्ण हुने देखिन्छ।[14]

७० माथि उल्लिखित विभिन्न निर्णयहरुको साझा सन्देश, बागमती नदी केवल नदी मात्र नभई काठमाडौं उपत्यकाको सभ्यताको अभिन्न अङ्ग र धार्मिक महत्वको नदी र नदी कै रुपमा पनि यो समस्त उपत्यकाको जीवनदायिनी नदी हुँदा बागमती, विष्णुमती नदी र अन्य सहायक नदीहरुलाई प्रदूषणमुक्त राख, यसमा जथाभावी फोहर मैला विसर्जन नगर, नगरभित्रको फोहरमैलाको उचित व्यवस्थापन गर, अप्रसोधित ढल वा अन्य औद्योगिक फोहर नमिसाउ, नदी किनाराका जग्गा अतिक्रमण नगर, घाट सभ्यता, मठ मन्दिर जोगाउ, नदीहरुको प्रवाहसँग भूमिगत जलस्रोतको समेत सम्वन्ध हुँदा यसको अनियन्त्रित दोहन रोक, नदीको वातावरणीय व्यवस्थापन मार्फत जनताको स्वस्थ तथा स्वच्छ वातावरणमा बाच्न पाउने हकको संरक्षण गर भन्ने नै रहेको पाइन्छ।

७१ काठमाडौंको मुख्य शहरी क्षेत्र हुदै वग्ने बागमती, विष्णुमती नदीहरु बागमती सभ्यता[15] सँग जोडिएका नदीहरु हुन्। वग्गुमुदा, बाहुमति[16], बाग्वति, बागमती आदि नामले चिनिने यो नदी नेपालको इतिहास र संस्कृतिसँग अभिन्नरुपले जोडिएको छ। श्री पशुपतिनाथको पाउबाट वग्ने यो नदीको बारेमा पशुपतिपूराणमा यसो भनिएको छः

"मम पुर्वेण भागेन वाग्वत्याः सलिले शुभे।
स्नायते शततं यस्तु तस्य पुण्यं महद्भवेत।।

..........

तत्राभिषेकं यः कुर्याद् होसहर्रफलं लभेत्।
गौरी शिखरमुलेतु वाग्वत्या स्नायते तु यः।।

---

[14] अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्द जनसंख्या तथा वातावरण मन्त्रालय समेत नेकाप २०६९ नि.नं ८९२२। उक्त रिटमा स्पष्टरुपमा "स्वास्थ्य संस्थाबाट निष्कने फोहरहरूलाई संक्रमित र असंक्रमित गरी दुई भागमा छुट्याई संक्रमित फोहोर अटोक्लेभ मेसिनमा राखेर निर्मलीकरण गरी किटाणुरहित भएपछि अरु फोहरमा मिसाई ल्याण्डफिल साइटमा पठाउने दायित्व त्यस्ता संस्थाहरूको हुन्छ। आफूले आर्जन गरेको मुनाफाको केही प्रतिशत फोहर मैलाको व्यवस्थापनको लागि अनिवार्यरूपमा खर्च गर्न लगाउनु समेत न्यायोचित हुने" भन्ने सिद्दान्त प्रतिपादन भएको पाइन्छ।

[15] वागमति सभ्यतालाई हुतराम वैध्यले आफ्नो पुस्तक वागमति सभ्यता संरक्षण र संघर्षका वाह्रवर्ष पृ १५-१८ मा वागमति सभ्यतालाई १३ हजार वर्ष पुरानो भन्नु भएको छ।

[16] सन् ३०० देखि २०० इसापुर्व रचित प्राचिन ग्रन्थ विनयपिटक, र उदानको नन्दवग्गमा वग्गुमुदा, वाहुमति नामले पुकारिने गरेको कुरा इतिहासविद तारानन्द मिश्र वताउनुहुन्छ। हेर्नुहोस, नेपाली वास्तु र वास्तुग्रन्थको संक्षिप्त परिचय, https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_159_02.pdf

७२ अर्थात मेरो (श्री पशुपतिनाथको) पूर्वभागमा रहेको वाग्वतिको शुभजलमा जो सदा स्नान गर्दछ, त्यसलाई ठूलो पुण्य प्राप्त हुनेछ। श्री गौरीशंकरको मूलमा शुसोभित हुनुहुने श्री वाग्वती तीर्थमा जुन व्यक्ति अभिषेक र स्नानादि गर्दछ, त्यस व्यक्तिले देवलोक प्राप्त गर्दछ[17]। बागमतीको धार्मिक महत्वलाई श्री स्कन्दपूराणको हिमवतखण्डमा[18] विस्तृतरुपमा प्रकाश पारिएको छ। उक्त ग्रन्थमा बागमतीलाई "शिवगङ्गा, ब्रह्मसरस्वती र शिवा" यी तीनवटा शक्तिको स्वरुप भनिएको छ। बागमतीको महिमा झल्काउने केही स्लोकहरु यस्ता छन्:

तन्मानसोद्भवा गङ्गास्तासां योगाद्धि वाग्वती। वाग्वती शिवगङ्गा च ब्रह्मसरस्वती शिवा ॥१४॥
वाग्वंती सरितां श्रेष्ठा वाग्वती लोकपावनी। वाग्वती हृद्यदात्री च वाग्वती दुःखतारिणी ॥१५॥
स्मरणाद् मनसा सद्यो मुच्यते दर्शनात्पुनः। नेत्रादिजैर्नरः पापैः स्पर्शनादङ्गजैस्तथा ॥१६॥
आचमनाद्वचोजातैः स्नानाज्जन्मार्जिताशुभैः। सहस्रनामपठनाद् सहस्रजन्मजाशुभैः ॥१७॥
कदाचिद्दैवयोगेन स्नात्वा च वाग्वतीजले। तन्मनुस्मरणाद् भक्त्या नरो नारायणो भवेत् ॥१८॥
स्मरणाद्दर्शनं श्रेष्ठं दर्शनात्स्पर्शनं वरम्। स्पर्शादाचमनं श्रेष्ठं स्नानं पाठक्रमान् मनोः ॥१९॥
मन्त्ररूपां महादेवीं नाभक्ताय प्रकाशयेत्। नामानि जलरूपाया भुक्तिमुक्तिप्रदानि च ॥२०॥
रहस्यं सर्वलोकानां कलौ प्राप्ते विशेषतः। प्रत्यक्षं फलदा सद्यो मुमुक्षूणाञ्च वाग्वती ॥२१॥
देव्याः पानीयरूपाया ध्येयं नाम्नां सहस्रकम्। विन्देत् पाठाच्च योगाच्च मोक्षंवक्ष्यामि नारद ॥२२॥

७३ अर्थात वाग्वती नदीहरूमा श्रेष्ठ छिन्। वाग्वतीले दुनियाँलाई पवित्र तुल्याउँछिन्। यिनले इच्छा अनुसारको फल दिन्छिन् र दुःखलाई हटाइदिन्छिन्। वाग्वतीलाई सम्झनाले मनबाट भएको पाप तुरुन्त हट्छ। दर्शन गर्‍यो भने आँखाबाट भएको पाप नाश हुन्छ। पानी छोयो भने अङ्ग-प्रत्यङ्गबाट भएको पाप नष्ट हुन्छ। वाग्वतीको जल आचमन गर्‍यो भने बोलीबाट भएको पाप नाश हुन्छ। वाग्वतीको जलमा स्नान गर्‍यो भने जन्मभरी गरेका पापहरू छुट्दछन्। वाग्वतीको सहस्रनाम पाठ गर्‍यो भने हजार जन्ममा गरेका पापहरूबाट मुक्ति मिल्छ कुनै दिन दैवसंयोगले वाग्वतीको जलमा स्नान गरेर भक्तिपूर्वक उनको मन्त्र सम्झियो भने मानिस नारायण हुन्छ। सम्झनुभन्दा दर्शन गर्नु असल हो। दर्शन गर्नुभन्दा जल स्पर्श

---

[17] डा. साफल्य अमात्य, वाग्वति र पशुपति शीर्षकमा श्री पशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान द्वारा (प्रा. ई. देवीप्रसाद चापागाई समेतको सम्पादनमा प्रकाशित भगवान् श्री पशुपतिनाथ ग्रन्थंको पृ ८०२, ८०४ बाट साभार। पशुपति पुराणलाई आठौ सताव्दिको ग्रन्थ मानिन्छ। हेर्नुहोस https://eap.bl.uk/archive-file/EAP1023-18-19

[18] स्कन्द (भगवान शिव र पार्वतीका पुत्र) पुराण हिन्दुहरुको पवित्र १८ पुराण मध्येको एउटा पुराण हो। ताडपत्रमा लेखिएको सवैभन्दा पुरानो पाण्डुलिपी हरप्रशाद शास्त्री र सिसिल वेन्डालले काठमाण्डौमा फेला पारेका हुन्। विद्वानहरुले यसलाई आठौ सताव्दी र सो भन्दा पूर्वको ग्रन्थ भनी मानेका छन।

गर्नु असल हो। जल स्पर्श गर्नुभन्दा आचमन गर्नु असल हो भने आचमन गर्नुभन्दा सहस्रनामको पाठ गर्नु झन् उत्तम हो, पाठ गर्नुभन्दा मन्त्र जप्नु अझ असल हो। वाग्वती मन्त्रस्वरुपिणी छिन्। जलको रूप लिने वाग्वतीका भुक्ति र मुक्तिदायक नामहरू अभक्तलाई कहिल्यै पनि भन्नु हुँदैन। यो सबै लोकमा गोप्य राख्नुपर्छ। यी वाग्वती विशेष गरेर कलियुग लागेपछि मोक्ष चाहने व्यक्तिहरूलाई तुरुन्त फल उपलब्ध गराउँछिन्। जल भएर बगेकी यी वाग्वतीका हजार नाम छन्। तिनको स्मरण अथवा पाठ गर्नाले मोक्ष प्राप्त हुन्छ।[19]

७४ बागमती नदीको किनारमा वारिपारी असंख्य शिवलिङ्गहरु इसाको पाचौं सताव्दीदेखि विभिन्न कालमा स्थापित रहेको पाइएको अवस्था र पशुपतिनाथको पाउमुनिबाट वगेको, शिवलिङ्गको स्नानपछि निसृतहुने पवित्र अमृत जल बागमतीमा मिसिने कारणले पनि यसको पतिवत्रता एवं महत्व थपिएको छ। साथै बागमती नदीका किनारामा रहेका तीर्थ र घाटहरु हेर्‍यो भने पनि यी नदीहरुको धार्मिक र सांस्कृतिक महत्व अवगत हुन्छ। सुन्दरीजल नेर शिवपुरी पहाडमा रहेको वाग्द्वारबाट शुरुभै चोभारसम्म पुग्दा बागमतीको किनार र आसपासमा गोकर्णेश्वर महादेव, गुह्येश्वरी, पशुपतिनाथ, कोटेश्वर महादेव, शंखमुल, कालमोचन, त्रिपुरेश्वर, पचलिभैरव, टेकु दोभान, जल बिनायक मन्दिरहरु छन भने विष्णुमती शीरमा नै विष्णुपादुका र प्रसिद्द नारायण (बुढा निलकन्ठ) को मन्दिर छ भने यसका किनार र आसपासमा शोभा भगवति, विजयेश्वरी, वज्रयोगिनी, महामाया, इन्द्रायणी, म्हेपि आदि मन्दिरहरु छन। त्यसैले यदि काठमाडौं उपत्यकाको धार्मिक र सास्कृतिक सभ्यता जोगाउने हो भने यहाँ रहेका नदी र नदी सभ्यतालाई जोगाउनु अत्यावश्यक देखिन्छ। यो कुरा नै प्रस्तुत रिट निवेदनको र यिनै निवेदकले यसपूर्व दायर भै फैसला समेत भएका रिट निवेदनमा अदालत समेतको चासोको विषय रहेको छ।

७५ यसपूर्व परेका विभिन्न रिट निवेदन, तिनमा भएका आदेशहरु र तिनको साझा सन्देशबारे संक्षेपमा चर्चा गरेपछि अव **बागमती र यसका सहायक नदीहरुको संरक्षणमा हालसम्म के कस्ता कार्यहरु भएका रहेछन् भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा**, बिपक्षीहरुको लिखित जवाफ र अदालतले गरेका पटक-पटकका आदेशहरु मार्फत प्राप्त विवरण हेर्दा प्रस्तुत रिट निवेदन दर्ता गरिएको अवस्था अर्थात २०६८ सालदेखि हालसम्मको बागमती नदीमा केही कार्यहरु

[19] हेर्नुहोस, सकन्दपुराण अन्तरगत हिमवत्खण्ड अध्याय १८३ पृष्ठ १२१० (ग्रन्थ सम्पादक। अनुवादक प्रा. डा. वेणीमाधव ढकाल); यसपुर्व हिमवत खण्डकै स्लोक ॥११- १४॥ मा वागमतिलाई महादेवको मनबाट निस्किएका शिवगङ्गा, ब्रह्मसरस्वती र शिवा यी तीनवटा शक्तिको स्वरुप मानिएको छ।

भएको पाइन्छ। उदाहरणको लागि काठमाडौं उपत्यकाभित्रका बागमती विष्णुमती र अन्य सहायक नदीहरुमा के-कति जग्गा छाड्नुपर्ने हो भन्ने विषयमा नेपाल सरकार मन्त्री परिषदद्वारा मिति २०६५।०८।०१ मा "खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँबायाँ देहायका दूरी छोडी निर्माण गर्न पाइनेछ" भन्ने उल्लेख भई **क**) बागमती, विष्णुमती र मनहरा खोलाको हकमा २० मिटर, **ख**) धोवी खोलाको हकमा धोवी खोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लानिङ अनुसारको दूरी र प्लानिङ बाहेकका स्थानमा-९ मिटर, **ग**) नख्खु खोलाको हकमा १२ मिटर, **घ**) बल्खु, कर्मनासा, कोड्कु, साङ्ले र महादेव खोलाको हकमा-१० मिटर, **ङ**) करखुसी खोलाको हकमा ६ मिटर र **च**) टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलाको हकमा ४ मिटर, (कुनै पनि खोला, खोल्छी र राजकुलो छोप्न पाइने छैन) भन्ने र **छ**) हनुमन्ते खोला बग्ने क्षेत्रमा नगरोन्मुख गा.वि.स.हरुमा समेत खोलाको किनारबाट २० मिटर छाडी निर्माण गर्न पाइने भन्ने उल्लेख भएको पाइन्छ। यही मापदण्ड तोकिए पश्चात बागमती, विष्णुमती, धोविखोला र अन्य केही खोलाहरुमा खोलाको दुवै किनारामा तटवन्ध बनाउने र सडक खोल्ने कार्य हुन थालेको छ यद्दपि यी तटवन्धहरुले यी नदीमा वर्षादमा आउने बाढी नियन्त्रणमा कति सहायता गर्छन् वा बाढी नियन्त्रणको विषयलाई अरु जटिल बनाउँछन् त्यो भने समीक्षाको नै विषय बनेको छ। मिसिल संलग्न अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले उपलब्ध गराएको जानकारी अनुसार समितिबाट सुन्दरीजलदेखि गोकर्णसम्म ८ कि.मि. लम्बाइमा नदीको दायाँ बायाँ दुवै किनारमा २०२१ सालको नापी नक्सा अनुसार सीमाङ्कन गरी तार जाली (Gabbion) पर्खाल राखी नदी नियन्त्रणको कार्य अगावै भइसकेको र गोकर्णदेखि तल ढल व्यवस्थापन, सडक निर्माण, नदी सरसफाई र सौन्दर्यीकरणमा हालसम्म नदी तटबन्ध ७३.२८ कि.मि., सडक कालोपत्रे ३२.५६ कि.मि. र मुख्य ढल ८८.६३ कि.मि. निर्माण भएको छ। बल्खुसम्म मुख्य ढल निर्माण सम्पन्न भएको भन्ने विवरण पनि प्राप्त हुन आएको छ। त्यसैगरी विष्णुमती, हनुमन्ते मनोहरा आदि खोलाहरुमा पनि तटवन्ध निर्माण गर्ने र सडक निर्माण गर्नेतर्फ कार्यहरु भैरहेको पाइन्छ यद्दपि यसवारे यकिन तथ्याङ्क आउन सकेको छैन। साथै बागमती नदीको किनारामा ठाउँ-ठाँउमा हरियाली कायम गर्ने, पार्क निर्माण गर्ने र पैदल मार्ग वनाउने कार्यहरु पनि भएको पाइन्छ। हाल बागमती र सहायक नदीहरुमा वालुवा झिक्ने कार्य करिव करिव रोकिएको

भन्ने पनि जानकारी प्राप्त भएको छ भने शंखमूल वुद्धनगरदेखि प्रशुती गृह छेउको पञ्चायन घाटसम्म बागमती किनारामा अनधिकृतरुपमा सडक बनाएकोमा यस अदालतको आदेशपश्चात त्यस्तो अनाधिकृत रुपमा बन्न लागेको बाटो निर्माण रोक्का गरिएको पनि पाइन्छ।

७६ बागमती नदी र बागमती सभ्यताको संरक्षणसँग जोडिएको अर्को प्रश्न सुकुम्वासीहरुको नाममा भएको अतिक्रमण हो। यद्दपि यस अदालतले **कृष्णप्रसाद उपाध्यायको** मुद्दामा सुकुमबासीको नाममा सरकार वा महानगरपालिकाले तोकिदिएको स्थानबाहेक जहाँसुकै खाली स्थान पाउने बित्तिकै अतिक्रमण गर्नु गराउनु कानून विपरीत मात्र नभई औचित्यपूर्ण तथा विवेकसम्मत नहुने भन्दै मापदण्ड विपरित अव्यवस्थित रुपमा बनाइएका भौतिक संरचनाहरु हटाउन अख्तियारप्राप्त निकायबाट प्रकाशित गरेको सूचना बदर गराउन निवेदकहरुलाई अधिकार नै नभएको भन्दै निवेदकको मागबमोजिमको आदेश जारी नहुने निर्णय भएको अवस्था छ तर सुकुम्वासीद्वारा बागमती र यसका किनाराका जग्गा ओगटेर बस्ने कार्य रोकिएको छैन। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले पेश गरेको तथ्याङ्क अनुसार गोकर्णदेखि गुह्येश्वरीसम्मको क्षेत्रमा अनाधिकृत ढंगले निर्माण गरिएको २७ वटा घर टहरा र तिलगंगादेखि थापाथलीसम्मका ११ वटा घर टहरा भत्काइसकेको भन्ने छ तर सोही **अधिकारसम्पन्न बागमती एकीकृत विकास समितिको लिखित बहसनोटमार्फत** यस अदालतलाई प्राप्त पछिल्लो विवरण अनुसार काठमाडौं उपत्यकामा मात्रै २७ स्थानमा नदी किनारामा ३४९६ घरधुरी छाप्रा रहेका छन्। सोमध्ये काठमाडौं महानगरपालिकामा २१७०, कागेश्वरी मनोहरा नगरपालिकामा ९०, बुढानिलकण्ठ न.पा.मा १५६, गोदावरी न.पा.मा २१५, ललितपुर म.न.पा.मा १७ र भक्तपुर जिल्लामा ७७३ परिवारका घर टहरा रहेका छन् भन्ने जानकारी प्राप्त भएको छ। यसरी हेर्दा नदी किनाराका जग्गा अतिक्रमणको समस्या गम्भीर रहेको देखिन्छ। यद्दपि शहरी विकास विभाग र का.म.न.पा. वडा नं १ ले दिएको जानकारी अनुसार काठमाण्डौं क्षेत्रका सुकुम्बासी स्थानान्तरणका लागि नागार्जुन नगरपालिका वडा नं. १ इचङ्गुनारायण क्षेत्रमा २३० घर परिवार बसोवास गर्न मिल्ने गरी एकीकृत भवन निर्माण भएको भन्ने छ तर सो एकीकृत भवनमा अतिक्रमणकारीहरुमध्ये यथार्थमा नै सुकुम्वासी हुन् भन्ने पहिचान गरी उनीहरुलाई राख्ने कार्य हुन सकेको देखिंदैन। वरु स्थानीयहरुको अवरोधको कारण देखाई र कोही सुकुम्बासी बसोबास नगरेको भन्दै हाल उक्त भवनमा

मानव सेवा आश्रम, वडा नं. १ को कार्यालय र प्रहरी विटसमेत रहेको भन्ने पनि खुल्न आएको छ।

७७ जहाँसम्म बागमती नदीको जल प्रवाह वृद्धि गर्ने प्रश्न छ सो सम्बन्धमा **नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट मिति २०७९।०२।०३ मा पेश गरेको प्रतिवेदनबाट** गुहेश्वरीमा ढल प्रशोधन केन्द्र हाल सञ्चालनमा आई सो केन्द्रबाट ३२.४ मिलियन लिटर प्रति दिन प्रशोधित पानी बागमती नदीमा थप गरी जल प्रवाह भएको छ। साथै अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति अन्तर्गतको सिंचाइ युनिटबाट धाप क्षेत्रमा बाँध निर्माणको कार्य सम्पन्न भएको र यसबाट बागमती नदीमा ४० लि. प्रति सेकेन्ड पानी थप हुनेछ भन्ने र नागमती नदीमा ड्याम निर्माणका लागि ४०० लि.प्रतिसेकेन्ड थप गर्न भने वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत हुने क्रममा छ। बागमती र सहायक नदीहरुमा प्रदूषण रोकी प्रसोधित पानी पठाउने सन्दर्भमा गुहेश्वरी प्रसोधन केन्द्रको अतिरिक्त सल्लाघारी, कोड्कु, धोवीघाट, बालकुमारी, गोकर्ण र हनुमानघाट भक्तपुरमा ढल प्रशोधन प्रणालीको निर्माण कार्य खानेपानी मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयन इकाई(PID) बाट भइरहेको भन्ने जानकारी प्राप्त भएको छ भने अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट टुकुचामा १७.३ मिलियन लिटर प्रतिदिन क्षमता हुने ढल प्रशोधन केन्द्र निर्माणको लागि अन्तिम चरणमा रहेको भन्ने पनि जानकारी प्राप्त भएको छ। पछिल्लो समयमा मुख्यसचिवको नेतृत्वमा उत्साहजनकरुपमा बागमती सफाईको अभियान चलाइएको देखिन्छ तर यस्तो अभियान अन्य नदीहरुको हकमा चलेको देखिंदैन।

७८ संस्थागत संरचनातर्फ हेर्दा मिति २०६३।०८।२९ को नेपाल सरकार मन्त्री परिषदको निर्णयद्वारा "पशुपति क्षेत्रको वातावरणलाई सुधार गर्ने क्रममा शिवपुरीदेखि चोभारसम्म ढल निर्माण सुधार आयोजना कार्यान्वयन गरी अनुगमन समेत गर्नका लागि अधिकार सम्पन्न बागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति" गठन भएको, तत्पश्चात विभिन्न मितिका निर्णयहरुबाट यसको क्षेत्राधिकार बढाई काठमाडौं उपत्यकाभित्रका सहायक नदीहरुको संरक्षणको जिम्मेदारी सहित हाल उपत्यकाभित्रका सम्पूर्ण खोलानालाहरुलाई आफ्नो कार्यक्षेत्रको दायरामा ल्याएको छ र यसै सन्दर्भमा "बागमती नदी र यसका सहायक नदीहरुको उद्‌गमस्थलदेखि कटुवाल दहसम्मको नदी प्रणाली प्रदूषण मुक्त गराई संरक्षण र सम्वर्द्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता

कायम गर्ने, नदी प्रणालीसँग सम्वद्ध ऐतिहासिक, पुरातात्विक एवं सास्कृतिक सम्पदाहरुको संरक्षण गर्ने, समग्र बागमती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्यले मिति २०७३।१०।०६ मा **"अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश, २०७३"** मन्त्रीपरिषदबाट स्वीकृत भएको पाइन्छ। सो समितिको अध्यक्षता स्वयं संघीय सरकारको शहरी विकास मन्त्रीले गर्ने, समितिमा निजामतीतर्फ शहरी विकासका सचिव, खानेपानी तथा ढल निकास, शहरी विकास र भवन विभागका महानिर्देशक, जल तथा उर्जा आयोगको प्रतिनिधि, पशुपति विकास कोषको सदस्य सचिव, काठमाडौं, ललितपुर र भक्तपुर नगरपालिकाका प्रमुख, पशुपति विकास कोषको सदस्य सचिव र काठमाणडौ उपत्यका विकास प्राधिकरणको प्रमुख समेत रहने र यसमा बागमती नदी र यसका सहायक सातवटा नदीसँग सम्वन्धित स्थानीय व्यक्ति र संरक्षणसँग जोडिएका अभियन्ता समेतको प्रतिनिधित्व हुने व्यवस्था गरिएको देखियो। समिति अन्तर्गत स्थायी प्रकृतिको कार्यकारी समिति समेत राखिएको र समितिलाई यस अदालतले समय-समयमा आदेश मार्फत् उल्लेख गरेको काठमाडौं उपत्यकाभित्रका नदीहरुको एकीकृत व्यवस्थापन सँगठन (River Basin Organization) को रुपमा कार्य गर्न सक्ने अख्तियारी पनि प्रदान गरिएको पाइयो। समिति हाल पनि कार्यरत रहेको र समितिले वि.स. २०२०-२०३० कार्ययोजना सहित हाल काम गरिरहेको भन्ने पनि देखिन्छ।

७९ यसरी हेर्दा माथि गरिएको चर्चाबाट बागमती र यसका सहायक नदीहरुको संरक्षणमा केही कार्य भएको देखिएको छ। तथापि हालको अवस्था हेर्दा बागमती अहिले अरु प्रदुषित रहेको पाइन्छ। यसको दृष्टान्त त्रिभूवन विश्वविध्यालय अन्तर्गत भएको एउटा अनुसन्धान प्रतिवेदनले प्रस्तुत गर्दछ[20]। बागमती नदीको सुन्दरिजलदेखि चोभार सम्म विभिन्न ११ स्थान[21] बाट सन १०१९ को अप्रिल/मे महिनामा सङ्कलन गरिएको नमूना विभिन्न १४ तत्वको[22] परीक्षण गर्दा देहायबमोजिम पाइएको कुरा उल्लेख छः

[20] Keshav Pokharel, Water Quality Monitoring of Bagmati River Basin, A dissertation submitted to the partial fulfilment of the requirement for the MSc (Botany) Tribhuvan University, June 2022

[21] ती स्थानहरु क्रमशः सुन्दरीजल, गोकर्ण, जोरपाटी, गुहेश्वरी, आर्यघाट, मिनभवन, मनोहरा-बागमति संगम, थापाथली, बागमति-विष्णुमति संगम, सुन्दरीघाट र चोभार रहेको कुरा पनि अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। हेर्नुहोस ऐऐ पृ. ९

[22] The physical parameter studied were turbidity (turb), total suspended solids (TSS), total dissolved solid (TDS) whereas chemical parameters were water pH (pH), dissolved oxygen (DO),

तालिका १

## बागमती नदीमा प्रदूषणको स्थिति

| Parameters | Sampling Stations | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | BA01 | BA02 | BA03 | BA04 | BA05 | BA06 | BA07 | BA08 | BA09 | BA10 | BA11 | Average±Std |
| PH | 6.2 | 6.6 | 6.9 | 7 | 7.2 | 7.5 | 7.4 | 7.2 | 7.5 | 7.4 | 7.1 | 7.09±0.38 |
| Turb | 3 | 410 | 370 | 73 | 34 | 450 | 370 | 375 | 600 | 255 | 310 | 295.45±178.99 |
| TSS | 12 | 267 | 300 | 101 | 43 | 366 | 568 | 440 | 740 | 234 | 326 | 308.82±209.6 |
| TDS | 58 | 105 | 120 | 250 | 230 | 562 | 556 | 474 | 612 | 558 | 422 | 358.82±200.4 |
| DO | 8 | 4.3 | 4.5 | 5 | 5.5 | 2.9 | 5.5 | 3 | 2.3 | 2.7 | 2.6 | 3.9±1.7 |
| BOD | 4 | 35 | 38 | 25 | 23 | 367 | 439 | 363 | 508 | 362 | 427 | 235.5±196.4 |
| COD | 11 | 117 | 130 | 90 | 74 | 704 | 834 | 592 | 992 | 464 | 656 | 424±335.5 |
| FC | 120 | $38\times10^6$ | $45\times10^5$ | $20\times10^4$ | $42\times10^{54}$ | $33\times10^7$ | $78\times10^7$ | $65\times10^6$ | $32\times10^8$ | $32\times10^6$ | $52\times10^7$ | $4\times10^7 \pm 90\times10^7$ |
| TP | 0.1 | 1.36 | 1.24 | 3.2 | 1.8 | 20.27 | 25.58 | 16.4 | 23.32 | 13.07 | 11.69 | 10.73±9.3 |
| Fe | ND | 0.59 | 0.53 | 0.41 | 0.35 | 0.55 | 0.58 | 0.61 | 0.64 | 0.38 | 0.52 | 0.52±0.09 |
| Mn | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND |
| Cu | ND | 0.015 | 0.016 | 0.007 | 0.006 | 0.08 | 0.085 | 0.1 | 0.17 | 0.03 | 0.07 | 0.06±0.05 |
| Cd | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND |
| Cr | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND | ND |

८० उपर्युक्त तथ्याङ्कको विश्लेषण गर्दै प्रतिवेदनमा घुलित अक्सिजन (DO)को मात्रा सुन्दरीजलमा सवैभन्दा बढी ८ mg/l रहेको, तर जव नदी वग्दै तलतिर आउँछ अक्सिजनको मात्रा घट्दै ३ mg/l भन्दा कम हुन गएको भन्ने उल्लेख छ। एकातर्फ घुलित अक्सिजनको सो अवस्था छ भने त्यस्तै कुरा अन्य तत्वहरु वायोलोजिकल अक्सिजन डिमान्ड(BOD) र केमिकल अक्सिजन डिमान्ड (COD), कोलिफर्म व्याक्टेरिया (FC) को छ। यी तत्वहरुको मात्रा नदी तल-तल वगेर आउँदा वढदै गएको देखिन्छ। अध्ययनमा पाँचवटा ह्याभी मेटलहरु जस्तो फलाम(Fe), म्यागानिज (Mn), क्याडियम(Cd), क्रोमियम(Cr), कपर(Cu) को अध्ययन गरिएकोमा फलाम(०.५२±०.०९ mg/L) र तामा (०.०६± ०.०५ mg/L) वाहेक अन्य

---

biological oxygen demand, chemical oxygen demand (COD), total phosphorus (TP), heavy metals iron (Fe), manganese (Mn), copper (Cu), cadmium (Cd) and chromium (Cr). Similarly, for biological parameter faecal coliform (FC) was only studied. The unit of all the parameter is expressed in mg/L expect turbidity in NTU and FC in CFU/100 ml. ऐऐ पृ १७

तत्वहरुको मात्रा नगण्य (<०.००१ mg/L).)रहेको कुरा पनि उल्लेख छ[23]। यद्दपि यसमा विष्णुमती, धोवीखोला, हनुमन्ते मनोहरा आदि सहायक नदीहरुको प्रदूषणको अवस्थावारे केही उल्लेख छैन तर ती नदीहरुको अवस्था पनि पृथक छैन भन्ने सहजै अनुमान गर्न सकिन्छ। संक्षेपमा, बागमती र सहायक नदीहरुको संरक्षणमा केही कार्य भएको अर्थात संरक्षणको यात्रा प्रारम्भ भएको तर स्थिति सन्तोषजनक नरहेको भन्ने नै देखिन आउँछ।

८१ यसै सन्दर्भमा **अव बागमती र यसका सहायक नदीहरुको संरक्षण एवं प्रदूषण नियन्त्रणमा के कस्ता कार्यहरु गर्न जरुरी देखिन्छ** भन्ने तेस्रो प्रश्नको सन्दर्भमा परिवर्तित संवैधानिक संरचना, यस अदालतबाट पटक-पटक भएका आदेशहरु, हालसम्म सम्पादित कार्यहरु, वातावरणीय संरक्षणको दृष्टिबाट समेत बागमती नदी प्रणाली र धार्मिक, सांस्कृतिक सभ्यता, जन जीवनको आवश्यकता एवं संविधानद्वारा निर्देशित "वातावरणीय दीगो विकास"को सिद्दान्तसमेतलाई मध्यनजर गर्दा मुख्यरुपमा समस्त नदी प्रणालीलाई स्वच्छ र स्वस्थ कसरी राख्ने भन्ने सन्दर्भमा नदीहरुमा जल प्रवाह कसरी बढाउने, नदीको वहाव क्षेत्र, किनारा र सोसँग जोडिएका सार्वजनिक क्षेत्रहरुको कसरी संरक्षण गर्ने र मुख्यरुपमा प्रदूषण कसरी हटाउने भन्ने प्रश्नहरुको निरुपण गर्नुपर्ने देखियो।

८२ **माथि उल्लेखित विषयमध्ये परिवर्तित संवैधानिक व्यवस्थाको सन्दर्भमा हेर्दा** नेपालको संविधानमा वातावरणको हक प्रत्याभूत गर्ने क्रममा संविधानमा **"स्वच्छ तथा स्वस्थ वातावरण"** भन्ने शब्दहरु प्रयोग भएका छन्, जुन अत्यन्त अर्थपूर्ण छ। यसको अर्थ मानव मात्र होइन, वातावरण समेत स्वच्छ तथा स्वस्थ रहनु पर्छ भन्ने हुन्छ। यसरी हेर्दा स्वच्छ तथा स्वस्थ वातावरण, स्वच्छ तथा स्वस्थ जीवनको आधार हो भन्ने मान्यतालाई वर्तमान नेपालको संविधानले अङ्गिकार गरेको छ। संविधानले एकातर्फ स्वच्छ तथा स्वस्थ वातावरणमा रहन पाउने हक प्रत्याभूत गरेको छ भने अर्कोतर्फ **राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्व** अन्तर्गत "पर्यावरणीय दिगो विकास"(Environmentally Sustainable Development) मार्ग अवलम्बन गर्न निर्देश गरेको छ। यसका अतिरिक्त "अन्तरपुस्ता समन्याय" (Inter-generational equity), "वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व व्यहोर्नुपर्ने" (responsibility of the polluter of the environment to pay) पूर्वसावधानी (precaution) तथा

---

[23] विश्व स्वास्थ्य संगठनले तयार गरेको मापदण्ड अनुसार फलामको मात्रा र तामाको मात्रा क्रमशः .e 0.3 mg/L. र 2 mg/L. भन्दा कम रहन जरुरी देखिन्छ। ऐ.ऐ पृ २१

पूर्वसूचीत सहमति ( prior-informed consent) का सिद्दान्तहरुलाई जनाउने शव्दावलीहरु पनि सुत्रवद्द रुपमा निर्देशक सिद्दान्त अन्तर्गत राखिएका छन्। यसभन्दा पनि अघि बढेर संविधानले अझ मुखरितरुपमा राष्ट्रिय हित अनुकुल "देशमा उपलव्ध प्राकृतिक स्रोत साधनहरुको संरक्षण, सम्वर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने, प्रतिफलहरुको न्यायोचित वितरण गर्ने," नवीकरणीय उर्जाको उत्पादन र विकास गर्दै नागरिकहरुका आधारभूत आवश्यकता पूरा गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदी व्यवस्थापन गर्ने, जैविक विविधताको संरक्षण, सम्वर्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा बन क्षेत्र कायम राख्ने, प्राकृतिक प्रकोपबाट हुने जोखिम न्युनीकरण गर्न पूर्व सूचना, तयारी, उद्दार, राहत एवं पुनर्स्थापना गर्ने नीतिहरु राखेको पाइन्छ। यसरी संविधानले नै प्रकृति र सम्पदाको संरक्षणवादी अभिमुखीकरण राख्दै र वर्तमान र भावी पुस्ता समेतको लागि वातावरण संरक्षणमा विशेष संवेदनशीलता देखाउदै प्राकृतिक स्रोत र सम्पदा, उर्जा र जैविक विविधताको संरक्षण, सम्वर्धन, उपयोग (Conservation, sustainable use and equitable sharing of benefit) को सिद्दान्तलाई अङ्गिकार गरेको पाइन्छ। संविधानले सुम्पिएको यो जिम्मेदारी पूरा गर्नु राज्यका निकायहरुको जिम्मेदारी रहने कुरा स्पष्ट नै छ।

८३ प्रस्तुत विवाद मूलभूत रुपमा बागमती नदी र यसका सहायक नदी समेतमा भएको प्रदूषण र अतिक्रमणसँग सम्वन्धित हुँदा मुलुकको संघीय संरचनाको रोहमा समेत जलाधार, जलस्रोत, जैविक विविधता, भू उपयोग, बस्ती विकास, बातावरण संरक्षण, सुकुम्वासीको व्यवस्थापन आदि कुराहरुलाई के-कसरी हेरिएको रहेछ भन्ने बारेमा विचार गर्नुपर्ने हुन्छ। सो सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँडको व्यवस्था गरिए अनुसार संघको अधिकार अनुसूची-५ मा उल्लेखित विषयमा रहने, प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहने, संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ बमोजिम रहने, स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहने तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा रहने देखिन्छ। साथै संघ, प्रदेश र स्थानीय तहले आफ्नो सम्बन्ध स्व-शासन र सह-शासन एवं सुशासनसमेतको सिद्धान्त अनुरुप कायम गर्नुपर्ने संवैधानिक उद्देश्य र प्रावधान रहेको हुँदा संघ, प्रदेश र स्थानीय तहहरुले साझा अधिकारको सूचीमा रहेको अधिकार प्रयोग गर्दा सापेक्ष रुपमा उक्त सिद्धान्त अवलम्बन गर्नुपर्ने हुन्छ। प्रस्तुत विवादसँग सम्बन्धित नेपालको संविधानको उल्लिखित अनुसूचीका

व्यवस्था हेर्दा नेपालको संविधानको अनुसूची-५ को क्रमसंख्या ११ मा "जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड", क्रमसंख्या २७ मा राष्ट्रिय तथा अन्तराष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुन्ज,बन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्वन सेवा, क्रमसंख्या २९ मा भू उपयोग नीति, वस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन संघको अधिकार सूचीमा परेको देखिन्छ। त्यसै गरी अनुसूची-६ को क्रमसंख्या ४ मा घरजग्गा रजिष्ट्रेसन शुल्क, क्रमसंख्या ७ मा "प्रदेश स्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन", क्रमसंख्या ९ मा स्वास्थ्य सेवा, क्रमसंख्या १७ मा खानेपानी अन्वेषण र व्यवस्थापन, क्रमसंख्या १९ मा प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण अनुकुलन र क्रमसंख्या २१ मा गुठी व्यवस्थापन प्रदेशको अधिकार सूचीमा परेको देखिन्छ। त्यसैगरी अनुसूची-७ को क्रमसंख्या १३ मा प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता, क्रमसंख्या १८ मा "पर्यटन, खानेपानी तथा सरसफाई", क्रमसंख्या २४ मा भूमि नीति र सो सम्बन्धी कानून संघ र प्रदेशको साझा अधिकार सूचीमा परेको देखिन्छ। अनुसूची-८ को क्रमसंख्या १९ मा खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा र क्रमसंख्या २१ मा जलाधार समेत स्थानीय तहको अधिकार सूचीमा पर्ने देखिन्छ। त्यसैगरी अनुसूची-९ को क्रमसंख्या ५ मा विद्युत, खानेपानी, सिँचाई जस्ता सेवाहरु, क्रमसंख्या ७ मा वन जंगल, वातावरण, पर्यावरण जल उपयोग, जैविक विविधता, र क्रमसंख्या १३ मा सुकुम्वासी व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेको देखिन्छ। बागमती नदी तिनका सहायक नदी समेतको व्यवस्थापन गर्दा माथि विभिन्न अनुसूचीमा परेका जलस्रोत, जंगल र जमिनसँग सम्वन्धित जैविक विविधता, वातावरण व्यवस्थापन, भू उपयोग विकास नीति, पर्यटन नीति,स्वास्थ्य सेवा, गुठी व्यवस्थापन, खानेपानी तथा सरसफाई जलाधार संरक्षणजस्ता विषयहरुमा कानूनी व्यवस्था आवश्यक पर्ने र विभिन्न अनुसूचीमा परेका विभिन्न कुराहरु प्रत्यक्ष वा परोक्षरुपमा जोडिने देखिंदा बागमती नदी सभ्यताको एकीकृत संरक्षण र विकासका बारेमा संघीय कानून नै निर्माण गरी अघि वढनु आवश्यक हुने र यस्तो कानूनी व्यवस्था र संस्थागत संरचना वनेमा हाल कार्यकारणीको कार्यादेश मार्फत स्थापित "अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति" मार्फत गर्न खोजिएका कुराहरु कानून मार्फत् गर्न सकिने भई बढी प्रभावकारी हुने देखिन्छ।

८४ माथि प्रकरण ६५, ६७, ६८ र ६९ मा बागमती नदी, र नदी सभ्यतासँग सम्वन्धित केही निर्णयहरु बारे चर्चा गरियो। संविधानको बातावरण संरक्षण र पर्यावरणीय दिगो विकासको सिद्धान्तको सन्दर्भमा यस अदालतबाट थप केही सिद्दान्तहरु पनि प्रतिपादित भएका छन्। उदाहरणको लागि *खड्गलाल महर्जन विरूद्ध नेपाल सरकारसमेत*[24] भएको निवेदनमा **"प्राकृतिक स्रोतहरूको विनास र क्षयीकरणको कारणले आज वातावरणमा प्रतिकूल असर परी मानव जीवन नै खतरामा परेको छ। प्राकृतिक स्रोतहरू भनेका प्रकृतिका अनुपम उपहार हुन्। यी स्रोतहरू मानव निर्मित नभई प्राकृतिक रूपमा प्रदत्त हुने भएबाट तिनीहरूको प्रयोग गर्दा मानव बस्ती र वातावरणमा असर नपारी भावी पुस्तालेसमेत उपभोग गर्ने गरी प्रयोग गरिनु पर्दछ। तिनीहरूको वाञ्छित र विवेकपूर्ण सदुपयोग नगरेमा स्वयम् राष्ट्र, समाज र व्यक्तिको अस्तित्व र विकास नै खतरामा पर्ने"** भन्ने, त्यसैगरी *अधिवक्ता प्रकाशमणि शर्मासमेत विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषदको सचिवालयसमेत*[25] भएको रिट निवेदनमा **"प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ। हरेक वस्तुको पृथक-पृथक मूल्य र मान्यता रहेको हुन्छ। कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्राकृतिक मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन। प्रकृतिको पहिचान र अस्तित्वसँग जोडिएर रहेका हावा, पानी, वनजंगल र जैविक विविधता जस्ता विषयहरू कुनै एक पुस्ता मात्रका लागि बनेका होइनन्। तिनको कुनै पनि बहानामा क्षयीकरण हुन दिनु हुँदैन। विकासको नाममा प्रकृति तथा यसका अवयवहरूको आधारभूत स्वरूप वा मान्यता समाप्त गर्ने छुट कसैलाई पनि हुँदैन। प्रकृतिले दिएका उपहारको मूल्यसँग विकासका क्रियाकलापले दिने लाभको तुलना हुन सक्दैन। त्यसैले भौतिक विकासका क्रियाकलापबाट कुनै ठूलै लाभ हुने रहेछ भने पनि प्रकृति र वातावरणलाई नकारात्मक प्रभाव पार्ने वा विनास गर्ने क्रियाकलापले निरन्तरता पाउन नहुने"** भन्ने, *उपभोक्ता हित संरक्षण मञ्च-नेपाल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत*[26] भएको रिट निवेदनमा **"सरकार सार्वजनिक सम्पत्तिको मालिक होइन, न्यासी मात्र हो। प्राकृतिक स्रोत वा सम्पदाको न्यास नेपालका सम्पूर्ण जनता, वर्तमान एवम् भावी पुस्ताको हितको लागि राखिएको**

---

[24] ने.का.प. २०७२ अंक ८ नि.नं. ९४५४

[25] ने.का.प. २०७३ नि.नं. ९३७३

[26] ने.का.प. २०७६ नि.नं. १०२०४

हुँदा स्रोतको परिचालनको विषयमा देशका समस्त जनताको हित नहेरी सीमित व्यक्ति वा समुदायको लाभको लागि उसले जे पनि गर्छु भन्न मिल्दैन। प्राकृतिक स्रोतहरू राष्ट्रका समस्त जनता, वर्तमान र भावी पुस्ता वा सन्ततिसमेतका सम्पत्ति हुन् भन्ने कुरालाई सरकारले बुझ्न र मनन् गर्नुपर्ने" भन्नेसमेत व्याख्या भई सिद्धान्तहरु समेत प्रतिपादन भएको देखिएको छ। त्यसैगरी *राजेन्द्र श्रेष्ठ विरुद्ध नेपाल सरकारसमेत*[27] भएको रिट निवेदनमा **"प्राकृतिक स्रोतहरू सार्वजनिक न्यासको सिद्धान्त अन्तर्गत राज्य र त्यस भुगोलमा बस्ने जनताका पनि साझा सम्पत्ति हुन्। राज्य देशकै अभिभावक र संरक्षक भएको हुँदा संविधान र कानूनको माध्यमद्वारा त्यसको संरक्षण गर्नुपर्ने दायित्व पनि राज्यको हुने। साथै राज्यले यस्तो राष्ट्रिय प्रकृतिको साझा सम्पत्ति जस्तो प्राकृतिक स्रोत कानूनको प्रक्रिया अपनाएर ठेक्का र टेन्डरमा दिए पनि गैरकानूनी तरिकाले कानूनी सीमा र दायराभन्दा बाहिर गएर वन, जंगल, घाँस, दाउरा, पानी, वनस्पति, जीवजन्तुको बासस्थान, गाउँ बस्ती, जमिन, प्रकृतिजस्ता आम समुदाय वातावरण र प्राणीजगतसँग सम्बन्धित चीजवस्तु र क्षेत्रलाई असर पुऱ्याउने गरी जथाभावी अनियन्त्रित रुपमा उत्खनन् गर्ने अधिकार कसैलाई पनि नहुने"** भनी व्याख्या भएको अवस्था छ। ***शैलेन्द्र अम्वेडकर समेत विरुद्द प्रधान मन्त्री तथा मन्त्रिपरिषदसमेत***[28] भएको रिट निवेदनमा नेपालको संविधानमा उल्लिखित "पर्यावरणीय दिगो विकास" भन्ने अवधारणात्मक शब्दावलीको विस्तृत व्याख्या गर्दै संविधानमा उल्लेख भएको यो शब्दावलीले यस्तो विकास प्रकृयाको खोजी गर्दछ जसले वर्तमान पुस्ताको आवश्यकता पूर्ति गर्नको लागि भावी पुस्ताले आफ्नो आवश्यकताको पूर्ति गर्ने सामर्थ्यमा कुनै संकुचन आउन दिदैन। हामीसँग एउटा मात्र पृथ्वी छ र यो पृथ्वीमा नवीकरण हुने स्रोत सीमित छन्। यस्ता स्रोतको दोहन अनियन्त्रित रुपमा हुँदा वातावरणमा अपूरणीय क्षति पुग्दछ। प्राकृतिक स्रोतको परिचालन गर्दा वातावरणलाई वाह्य तत्वको रुपमा हेरिनु हुँदैन; त्यसैले दिगो विकासको अवधारणा अन्तर्गत सामाजिकरुपमा स्वीकार्य, आर्थिकरुपमा सम्भाव्य र वातावरणीयरुपमा दिगो हुन सक्ने विकासलाई मात्र स्वीकार गरिनु पर्दछ भन्ने उद्घोष गरेको छ।

[27] ने.का.प. २०७९ नि.नं.१०९०८

[28] शैलेन्द्र अम्वेडकर समेत विरुद्द प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय, ने.का.प.(संबैधानिक ईजलास) २०८० निर्णय नं. ००६९ पृ. २८८।

८५ दिगो विकासको सिद्धान्तको व्याख्या गर्दै सोही रिट निवेदनमा "सैद्वान्तिक रुपमा **दिगो विकासको सिद्धान्तभित्र** माथि उल्लेखित अन्तरपुस्ता समन्याय, पूर्व सावधानी, प्रदूषकले तिर्नुपर्ने र पूर्व सुचित सहमतिका सिद्धान्तहरुका अतिरिक्त वातावरणको उचित संरक्षणबाट प्राप्त हुने सेवा (Ecosystem service) समेतलाई दृष्टिगत गर्दै प्रकृतिले प्रदान गर्ने सेवा समेतलाई दृष्टिगत गर्दै वर्तमान र भावी पुस्ताको लागि वातावरणीय अखण्डता (environmental integrity) कायम गर्ने, वातारणलाई पहिलेको भन्दा विग्रन नदिने (non-regression) दायित्व र राज्यको तहमा प्रकृति र सम्पदा संरक्षणमा राज्यले जनताको न्यासी दायित्व( responsibility of public trust)को सिद्धान्त र द्वीपक्षीय र क्षेत्रीय सहयोगको सन्दर्भमा प्राकृतिक स्रोतउपर मुलुकको सार्वभौम अधिकार (Sovereignty over natural resources) र साझा तर पृथकीकृत दायित्व (Common but differentiated responsibility), क्षेत्रीय सहयोगका सिद्धान्तहरु (Principle regional cooperation) समेतका कुराहरु समाहित हुन्छन्। जलवायु परिवर्तन समेतको कारण वातावरणीय जटिलता वढिरहेको सन्दर्भमा वैज्ञानिक नीति निर्माता तथा सरकारले पर्यावरणीय दिगो विकास तथा यस अन्तर्गत समाहित सिद्धान्तहरुको अनदेखा गर्न कदापि मिल्दैन। वातावरणीय दिगो विकासभित्र वातावरणको संरक्षण, संवर्धन र दिगो उपयोगको सिद्धान्त समेत सन्निहित छ। त्यसैले संरक्षणको नाममा प्रकृतिको उपयोग नै गर्न नमिल्ने भन्ने होइन तर जहाँ अमुक दोहनको कार्यले प्रकृतिको विनास गर्छ भन्ने आशंका गरिन्छ, अवस्था अनुसार वैज्ञानिक तथ्य, सार्वजनिक सुनुवाई र वावारणीय प्रभाव मूल्याङ्कन समेतको आधारमा विनास हुदैन वा भएको छैन भनी स्थापित गर्ने दायित्व पनि राज्यसँग रहन्छ र जहाँ वैज्ञानिक तथ्याङ्कहरुको आधारमा वातारणको अपूरणीयरुपमा क्षति पुग्छ भन्ने निस्चित आशंका गरिन्छ, त्यस्तो क्षति नहोस् भनी राज्यले पूर्वसावधानी अपनाउनुपर्छ। यो राज्यको न्यासी कर्तव्य र संवैधानिक सरकार सञ्चालनको आधारभूत नियम पनि हो" भन्ने पनि यस अदालतले उद्घोष गरेको छ।


८६ साथै नेपाली जनताको विकास र समृद्दिको आकांक्षा भनेको नै पर्यावरणीय दिगो विकासको आकांक्षा रहेछ भनी वुझ्नुपर्ने र यही अवधारणाको अनुशरण मार्फत जनताका आधारभूत अधिकारको सम्मान गर्ने दायित्वको निर्वाह राज्यले गर्नुपर्ने देखिन्छ भन्दै यस अदालतले **जसरी प्रतिष्ठापूर्ण जीवनको अधिकारलाई मौलिक अधिकारमध्ये सवैभन्दा आधारभूत अधिकार(The most fundamental right) मान्न सकिन्छ, मुलुकको भौगोलिक, भौगर्भिक,**

**वातावरणीय संवेदनशीलता, हाल भैरहेका गतिविधि, तिनले पारेको प्रभाव र संभावित चुनौती समेतको सन्दर्भमा "पर्यावरणीय दिगो विकासको सिद्वान्तलाई पनि राज्य नीतिका सिद्वान्तहरुमध्ये आधारभूत सिद्वान्त (The most fundamental principle)को रुपमा स्वीकार गरिनु अनिवार्य देखिन्छ। यो सिद्वान्तलाई आत्मसात गरेर यससँग नवाझिने गरी विकास र वातारण वीच सन्तुलन खोजिनुपर्ने र अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिहरु निर्धारण गरिनुपर्ने र सरोकारवालाहरुको भूमिका खोजिनु संविधान अनुरुप हुन्छ"** भन्ने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ।

८७ प्रस्तुत रिट निवेदनमा बागमती नदी प्रणाली र सभ्यताको संरक्षण गर्न अब के गर्ने भन्ने कुराको निरुपण गरिंदा यस अदालतबाट भएका यी व्याख्याहरुलाई आत्मसात गरिनु जरुरी देखिन्छ। वातावरणीय दीगो विकासको सिद्वान्तसमेतलाई मध्यनजर गर्दै काठमाण्डौ उपत्यका भित्रका समस्त नदी प्रणालीलाई स्वच्छ र स्वस्थ कसरी राख्ने भन्ने बारेमा हेर्दा बागमती र यसका सहायक नदीहरुमा जल प्रवाह कसरी वढाउने, नदीको वहाव क्षेत्र, किनारा र सोसँग जोडिएका सार्वजनिक क्षेत्रहरुको कसरी संरक्षण गर्ने र मुख्यरुपमा प्रदुषण कसरी हटाउने भन्ने प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन्छ। नदीहरुमा जलप्रवाह कसरी वढाउने भन्ने सन्दर्भमा हेर्दा, वर्तमान अवस्थामा बागमतीमा विभिन्न महिनामा के कति पानी बग्दो रहेछ भन्ने बारेमा पनि दृष्टि दिनुपर्ने हुन्छ। सो सन्दर्भमा हेर्दा मेलम्ची खानेपानी आयोजनाले सन् २००० मा चोभारमा बागमतीको पानीको मापन गरेको तथ्याङ्क प्राप्त हुन आयो; जस अनुसार उक्त विन्दुमा बागमतीमा वर्ष भरिको पानीको प्रवाह देहाय वमोजिम रहेको देखियो:

**तालिका २**

**बागमती नदीमा वार्षिक जलप्रवाहको स्थितिः**



Source: Environment Impact Assessment Report on Melamchi Water Supply Project, August 2000 in Cumec/sec

उक्त तालिकालाई सामान्य रुपमा हेर्दा पनि अक्टोबर महिनामा बागमतीमा जे जति पानी प्रवाहित हुन्छ सो जल प्रवाहलाई कायम राख्न सक्यो भने बागमतीलाई सफा राख्न मद्दत पुग्ने देखिन्छ। चोभारलाई आधार गरी जल प्रवाह कायम गर्दा चोभार पुग्नुभन्दा पहिले बागमतीमा मिसिने सवै सहायक नदीहरुको जल प्रवाहमा वृद्धि गरिनु आवश्यक हुने देखिन्छ।

८८ पछिल्लो समयको स्थिति हेर्दा मेलम्ची खानेपानी आयोजनाले काठमाडौंको खानेपानी आपूर्ति गर्दा के कति पानी उपत्यकामा भित्र्याउँछ त्यसको केही न केही प्रभाव बागमती र यसका सहायक नदीहरुको जल प्रवाहमा पर्छ। पहिलो चरणमा मेलम्ची खानेपानी आयोजनाले प्रतिदिन १७० मिलियन लिटर पानी काठमाडौंमा भित्र्याउने र दोस्रो र तेस्रो चरणमा पनि त्यति नै दरले ५१० मिलियन लिटर पानी वितरण गर्ने कुरा जानकारीमा आएको छ। यसमा घरेलु उपयोग पछिको पानी ढल मार्फत मिसिने र भूमिगत जलस्रोतको उपयोगमा पनि कमी आई भूमिगतरुपमा नै बागमती किनारामा रसाउने पानीमा केही वृद्धि हुने अपेक्षा गर्न सकिन्छ। त्यसमाथि दोस्रो र तेस्रो चरणमा याङ्ग्री र लार्के खोलाको पानी समेत मेलम्ची आयोजनामा मिसाउँदा केही पानी बागमतीमा छाडन सकियो भने त्यसले पनि जल प्रवाहमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। जल प्रवाहमा वृद्धि गर्न हाल धाप क्षेत्रमा जलाशय निर्माण भएजस्तै र हाल नागमतीमा बाँध बाध्न लागिए जस्तै विष्णुमती, हनुमन्ते, धोवीखोला, मनोहरा आदि खोलाको जलाधारक्षेत्रमा पनि बाँध बाँधी वर्षातको पानी संकलन गरी त्यसको वहुआयामिक उपयोग गर्ने र हिउँदमा नदीमा जल प्रवाह वृद्धि गर्ने कुरा पनि उपयोगी हुने देखिन्छ। माथिको टेवलमा बर्षात (जुलाई अगष्ट) मा बागमतीमा प्रवाहित हुने पानीको तथ्याङ्कलाई आधार गर्दा पनि वर्षातको पानी संकलन गरी जम्मा गर्न सकिने देखिन्छ।

८९ यसै सन्दर्भमा हेरिनुपर्ने अर्को पक्ष भूमिगत जलस्रोतको दोहन कम गर्ने, सो जलस्रोतको पुनर्भरण पनि हो। भूमिगत जलस्रोतको दोहनको विषयमा यस अदालतबाट **प्रकाशमणी शर्मा समेत**[29] को मुद्दामा भएको फैसला बारे माथि उल्लेख भैसकेको छ। अनियमित र अनियन्त्रित दोहन रोक्न सो फैसलाको कार्यान्वयन गरिनुपर्ने कुरा स्पष्ट नै छ तर सो को अतिरिक्त पनि भूमिगत जलस्रोतको पुनर्भरणको लागि उपत्यकामा रहेका पोखरीहरुको संरक्षण र पुनरुद्दार

[29] प्रकाशमणी शर्मा समेत विरुद्द नेपाल सरकार मन्त्री परिषद सचिवालय समेत ने.का.प. २०६६ अंक १२ नि.नं. ८२७६

सहायक हुने देखिन्छ। इन्जिनियर श्री पद्मसुन्दर जोशीले काठमाडौं उपत्यकाको "हिति प्रणाली" का वारेमा लामो समयको अनुसन्धान पश्चात अनुसन्धानात्मक पुस्तक[30] प्रकाशित गर्नुभएको छ। उक्त पुस्तकमा काठमाडौं उपत्यकाभित्र विगतमा २३३ पोखरी रहेको कुरा उल्लेख गर्दै तिनीहरुको स्थिति देहायबमोजिम रहेको देखाउनु भएको छ:[31]

तालिका ३

**काठमाडौं उपत्यकाका पोखरीहरु**

| नगरपालिका | संख्या | भौतिक अवस्था | | पानी भएको | पोखरीको पींध | | | पोखरीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मासिएको | मासिएको | | खुला | इटा | ढलान | राम्रो | ठिकै | नराम्रो |
| काठमाडौं म.न.पा | १५ | १ | १४ | १२ | ६ | ८ | ० | ८ | ६ | ० |
| ललितपुर म.न.पा. | ६५ | १६ | ४९ | ३० | ३० | २ | १७ | ३० | १० | ८ |
| भक्तपुर न.पा. | ३८ | ५ | ३३ | २८ | २१ | ९ | ३ | ८ | १२ | १२ |
| मध्यपुर थिमी न.पा. | २० | ३ | १७ | १४ | ७ | ९ | २ | ५ | १३ | ० |
| कीर्तिपुर न.पा. | १० | १ | ९ | ८ | ६ | १ | २ | १ | ७ | १ |
| महालक्ष्मी न.पा. | २० | ६ | १४ | १० | १० | ० | ४ | ३ | ९ | २ |
| गोदावरी न.पा. | २८ | २ | २६ | २२ | २३ | १ | १ | ४ | १४ | ८ |
| चन्द्रगिरी न.पा. | २० | २ | १८ | १६ | ६ | १ | ११ | ३ | १४ | १ |
| संखरापुर न.पा. | १० | ३ | ७ | ६ | ४ | ० | ३ | ० | ६ | १ |
| टोखा न.पा. | ७ | १ | ६ | ३ | ३ | १ | २ | २ | ४ | ० |
| जम्मा | २३३ | ४० | १९३ | १४९ | ११६ | ३३ | ४५ | ६५ | ९५ | ३४ |

९० जल सम्पदाको व्यवस्थापनको चर्चा गर्दा लेखक जोशीले वर्षातको पानीको व्यवस्थापन, घरायसी प्रयोगमा पानी व्यवस्थापन, सतहगत पानी र सिँचाई व्यवस्थापन अनि प्रयोग भइसकेको पानी व्यवस्थापन आदिलाई महत्व दिई हेर्नु भएको पाइन्छ। पोखरीले वाहिरबाट ल्याएको पानी वा आकाशबाट वर्षेको पानीको संकलन गरी भूमिगत जलप्रणालीमा पठाई सतही पानी र भूमिगत पानीको इन्टरफेसको काम गर्ने हुँदा काठमाडौंको भू-सतहमा ग्राभेल, पाँगो, चिम्ट्याइलो वालुवा, वलौटे र ढुंगिलो माटोको तह रहेकोबाट पनि सो तहभन्दा तल रहेको कालीमाटी (१५० मिटरदेखि २५० मिटरसम्म वाक्लो) भन्दा माथिको सम्पूर्ण भागमा

[30] पद्म सुन्दर जोशी, हिति प्रणाली (इतिहास, वर्तमान, भविष्य) नेपालय २०२२

[31] ऐ.ऐ. पृ १८६

पोखरीको पानी सोसिन गै भूमिगत जल प्रणाली समृद्ध रहन जाने अवस्था बन्छ[32]। भूमिगत जलप्रणालीको पुनर्भरण हुँदा उपत्यकामा रहेका हितिहरु पुनर्स्थापित हुने कुरा त छँदैछ यसले प्रकारान्तरले बागमती र सहायक नदीहरुको जल प्रवाह वृद्धिमा पनि सहयोग पुर्याउने हुँदा हरेक नदीको जलाधार क्षेत्रमा वर्षादको पानी जम्मा गर्न पोखरी निर्माण गर्ने, मासिएका पोखरीहरुको खोजी गर्ने, भएका पोखरीहरुलाई अतिक्रमित हुन नदिई उचित व्यवस्थापन गरिनु आवश्यक देखिन्छ।

९१ भूमिगत जल प्रणालीमा प्रतिकूल असर पार्ने अर्को विषय काठमाडौं उपत्यकाको बढ्दो शहरीकरण हो। शहरीकरणको कारण खेतीयोग्य र खुला जमिन मासिन जाने भई भूमिगत जलस्रोतको पुनर्भरणमा असर परेको त छँदैछ, घर निर्माण गरिदा वर्षातको पानी सकपिट मार्फत जमिनभित्र पठाउने बारेमा घर, व्यापारिक भवन, होटल आदि स्थायी संरचनाको नक्सापास गर्दा पूर्वसर्तको रुपमा नराखिएकोले पनि भूमिगत जलस्रोतको क्षय हुन गई जमीन भासिने त्रास र वातावरणीय सन्तुलनमा समेत जोखिम पर्न गएको अवस्था छ। त्यसैले बागमती नदी प्रणालीको जल प्रवाह वृद्धिको सन्दर्भमा वर्षातको पानी जनस्तरबाट पनि सकपिट मार्फत भूमिगत तहमा पठाउने प्रवन्ध गरिनु आवश्यक देखिन्छ। सोको साथै काठमाडौं उपत्यकाभित्र रहेका पार्क, खुला क्षेत्र ओगटेर बसेका र खुला कम्पाउण्ड भएका सार्वजनिक संस्थाहरु जस्तो सेना र प्रहरीका व्यारेकहरु, संस्थानहरु, सार्वजनिक विद्यालयहरु, अस्पतालहरु, सरकारी कार्यालयहरुभित्र पोखरी निर्माण र सकपिट निर्माण गरी भूमिगत जलस्रोतको पुनर्भरण गरेमा वातावरणीय सन्तुलन कायम गर्न समेत मद्दत पुग्ने देखिन्छ।

९२ **अब बागमती नदी सभ्यताको संरक्षणको सन्दर्भमा नदीको बहाव क्षेत्र, किनारा र सोसँग जोडिएका सार्वजनिक क्षेत्रहरुको कसरी संरक्षण गर्ने भन्ने प्रश्नतर्फ हेर्दा** नेपाल सरकार मन्त्री परिषदबाट मिति २०६५।०८।०१ मा उपत्यकाभित्रका कुन खोलाको हकमा खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँबायाँ के कति दूरी छाडि निर्माण गर्न पाइने भन्ने बारेमा भएको निर्णयको विषयमा माथि प्रकरण ७५ मा उल्लेख गरिएको छ। सो गर्दा बागमती, विष्णुमती र मनोहरा खोलाको हकमा २० मिटर र अन्य खोलाको हकमा सोभन्दा कम क्षेत्रफल छाड्नुपर्ने भन्ने उल्लेख भएको अवस्था छ तर सो निर्णय कुन वैज्ञानिक

[32] ऐ.ऐ.पृ. २४.२५।

तथ्यको आधारमा गरिएको हो सो कुरा उक्त निर्णयबाट खुल्दैन। नापको नक्साको हकमा पनि काठमाडौं उपत्यकामा २०२१ देखि २०२३ सालसम्ममा वैज्ञानिक नापी भएको र तत्पश्चात पनि काठमाडौं महानगरपालिकाको केही भागमा पुनः २०४५ साल तिर नापी भएको अवस्था छ। यी दुई नापीको वीचमा कतिपय स्थानमा नदीहरु खुम्चिए वा खुम्च्याइए वा कतिपय स्थानमा नदीले बाटो वदलेको छ सो हेर्नु आवश्यक हुन्छ। यी सवै कुरा नक्साहरुको तुलनात्मक अध्ययनबाट स्पष्ट हुन सक्छ तथापि नदी किनारा र आसपासको जग्गामा व्यापक अतिक्रमण भएको कुरालाई दृष्टिगत गर्दा विवादजन्य अवस्थामा २०२१ सालको नापीलाई नै आधार मानेमा नदी क्षेत्र छुट्याउन सकिन्छ। यसवाहेक न्यायाधीश झपटसिंह रावलको अध्यक्षतामा बनेको "रावल आयोग"ले पनि बागमती, विष्णुमती, धोविखोलाको किनारामा र अन्यत्र पनि के कति सार्वजनिक जग्गा अतिक्रमण गरियो भन्ने बारेमा २०५२ सालमा प्रतिवेदन दिएको अवस्था छ। यसबाट पनि नदीहरुको अतिक्रमण छुटाई नदी क्षेत्र कायम गर्न मद्दत पुग्ने देखिन्छ। सो कुराको अतिरिक्त यस अदालतले मिति २०७६।४।२० मा नदी किनाराबाट थप २० मिटर दाँया बाया दुवैतर्फ छाड्नुपर्ने आशयको आदेश जारी गरेको अवस्था छ। काठमाडौं उपत्यकाको वढदो शहरीकरण र त्यसले नदी प्रणालीमा पर्ने चाप र हाल बागमती, विष्णुमती लगायतका केही खोलाहरुमा दुवै किनारामा तटबन्द (Embankment) सहित सडक बनिरहेको अवस्थालाई मध्यनजर गर्दा मिति २०६५।०८।०१ को मन्त्री परिषदको निर्णयले छाड्नुपर्ने भनी तोकेको क्षेत्रमा थप अर्को २० मिटर छाडनुपर्ने वाध्यात्मक व्यवस्था गरिनु आवश्यक देखिन्छ। सो गर्दा वर्षादमा बाढीको समयमा नदीले ओगट्ने उच्चतम विन्दुलाई आधार मानी बाढीद्वारा कायम नदी सतहको क्षेत्र (Flood Plain) कायम गर्नु जीउ ज्यान र स्वास्थ्य सुरक्षा समेतको दृष्टिबाट आवश्यक देखिन्छ साथै जहाँ साविकमै छोडनुपर्ने भनिएको निर्णय उल्लंघन गरी अतिक्रमण गरिएको छ त्यसलाई भत्काउने र जहाँ कुनै निर्माण नगरी जग्गा खाली राखिएको वा खेतीमा उपयोग गरिएको छ ती क्षेत्रहरुमा नदीको दाँया-वाँया दुवैतर्फ साविकमा छाडिएको दूरी र हाल थपिएको न्यूनतम २० मिटर समेत गरी हुन आउने दूरीभित्र पर्ने जग्गामा कुनै स्थायी निर्माण गर्न नपाइने क्षेत्र (No Construction Zone) कायम गरिनुपर्ने देखिन्छ। नदीको दाँया वाँया किनारामा साविकमा तोकिएको दूरीको अतिरिक्त यो दूरी कायम गरिंदा बागमतीका सवै सहायक नदीहरुको हकमा समेत लागू गरिएमा मात्र नदी प्रणाली र नदी क्षेत्र सुरक्षित

रहन जान्छ। यसो गरिंदा जुन नदी वा खोलाको हकमा यति छाडिनुपर्ने भनिएको छैन, सोको हकमा पनि न्युनतम दाँया वायाँ २० मिटरमा निर्माण गर्न नपाइने क्षेत्र (No Construction Zone) कायम हुन जाने अवस्था बन्छ। सोको अतिरिक्त काठमाडौं उपत्यकाभित्रका बागमती र तिनका सवै सहायक नदीहरुको किनारामा जहाँ-जहाँ खुला सार्वजनिक जग्गा रहेको छ, सो जग्गाहरुलाई पार्क, खेलकुद र हरियाली क्षेत्र कायम गर्नु जनस्वास्थ्य र वातावरण संरक्षणको दृष्टिबाट समेत उपयुक्त हुँदा नदी किनरामा रहेका सार्वजनिक जग्गाहरुमा पार्क, हरियाली वा खुला खेलकुद क्षेत्रको रुपमा विकास गर्ने वाहेक कुनै सरकारी वा सार्वजनिक भवन वा स्मृति भवन आदि कुनै संरचना वनाउन जग्गा हस्तान्तरण गर्ने वा नक्सा पासको स्वीकृति दिने आदि कार्य रोक्नु आवश्यक देखिन्छ।

९३ **नदीको वहाव क्षेत्र, किनारा र सोसँग जोडिएका सार्वजनिक क्षेत्रहरुको कसरी संरक्षण गर्ने** भन्ने वारेमा हेरिनुपर्ने अर्को बिषय नदी क्षेत्रमा सुकुम्वासीको नामबाट भएको अतिक्रमण कसरी हटाउने भन्ने नै हो। यो विषयमा यस अदालतबाट ***कृष्ण प्रसाद उपाध्याय समेत विरुद्द नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सचिवालय समेत***[33] रहेको रिट निवेदनमा निवेदकहरुलाई सरकारी तथा सार्वजनिक जग्गामा घर टहराहरु निर्माण गरी बस्ने हक अधिकार नहुने, सुकुम्बासीको नाममा सरकार वा महानगरपालिकाले तोकिदिएको स्थानबाहेक जहाँसुकै खाली स्थान पाउने बित्तिकै अतिक्रमण गर्नु गराउनु कानूनविपरीत मात्र नभई औचित्यपूर्ण तथा विवेकसम्मत नहुने भन्दै मापदण्ड विपरित अव्यवस्थित रुपमा बनाइएका भौतिक संरचनाहरु हटाउन अख्तियारप्राप्त निकायबाट हटाउन प्रकाशित गरेको सूचना बदर गर्न निवेदकहरुलाई अधिकार नै नभएको भन्दै रिट निवेदन खारेज भएको अवस्था छ। उक्त फैसलाले नदी किनारामा टहरा निर्माण गरी बस्नेहरुको वसोवासको विषयमा सरकार वा महानगरले वैकल्पिक स्थान तोक्ने वा व्यवस्था गर्न सक्ने कुरालाई पनि संकेत गरेको छ। छलफलको क्रममा सुकुम्बासी स्थानान्तरणका लागि नागार्जुन नगरपालिका वडा नं. १ इचङ्गुनारायण क्षेत्रमा २३० घर परिवार बसोवास गर्न मिल्ने गरी एकीकृत भवन निर्माण भएको भन्ने छ तर सो एकीकृत भवनमा नदी किनारामा घर टहरा वनाई वसेकामध्ये वास्तविक सुकुम्वासी परिवार पहिचान गरी उनीहरुलाई राख्ने कार्य हुन सकेको छैन। वरु स्थानीयहरुको अवरोधको कारण देखाई र कोही सुकुम्बासी बसोबास नगरेको भन्दै हाल

[33] ने.का.प. २०७६ निर्णय नं १०३७८ (०६८-WO-०६३१)

उक्त भवनमा मानव सेवा आश्रम, वडा नं. १ को कार्यालय र प्रहरी विटसमेत रहेको भन्ने पनि खुल्न आएको छ। यसवारेमा के भन्नु जरुरी छ भने जुन प्रयोजनको लागि भवन वनेको हो सोही प्रयोजनमा प्रयोग गरिनु पर्छ। त्यसैले नदी किनारामा वसोवास गरी बस्नेमध्ये विकल्प नभएका बास्तविक सुकुम्वासीहरुको पहिचान गरी उक्त निर्मित आवाशमा स्थानान्तरण गराउने र सो स्थानमा जान नचाहने वा आवासको अभावको कारण इचङ्गु नारायणमा व्यवस्थापन गर्न नसकिनेहरुको लागि नेपालको संविधानको धारा ३७(१) ले प्रत्याभूत गरेको वसोवासको हकलाई समेत मध्यनगर गरी मानवीयरुपमा आवाशको लागि सहयोग पुग्ने रकम उपलव्ध गराई प्रथम चरणमा नदीको किनारा कायम गरी तटवन्ध, टेवा/सीमा पर्खाल (Embankment) निर्माण गर्न वा बाटो कायम गर्न रोक्ने घर टहरा र त्यसपछि चरणवद्ध रुपमा नदी किनारा र सडक वीचको हरियाली क्षेत्र ओगटेर बस्नेहरुलाई हटाउने व्यवस्था गरिनु आवश्यक देखिन्छ। हाल बागमतीका सवै सहायक नदीहरुका किनारमा टहरा निर्माण गरिएको विषयमा सम्पूर्ण तथ्याङ्क प्राप्त हुन सकेको छैन तथापि यस विषयमा उपत्यकाभित्रका सवै स्थानीय तहहरु र सम्वन्धित समुदायको समन्वयपूर्ण तत्परता आवश्यक हुँदा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको नेतृत्वमा स्थानान्तरणको कार्य गरिएमा यो समस्याको समाधान हुने देखिन्छ।

९४ प्रस्तुत रिट निवेदनमा निवेदकको प्रमुख उद्धेश्य बागमती र यसका सहायक नदीहरुको प्रदूषण हटाई स्वस्थ र स्वच्छ वातावरण कायम गर्ने भन्ने नै हो। निवेदकले विभिन्न रिट निवेदनहरु मार्फत २०५० को दशकदेखि नै यस अदालतको ढोका घच्घच्याएको देखिन्छ[34] भने सार्वजनिक सरोकारका निवेदनहरु मार्फत अन्य व्यक्तिहरुले समेत ध्यान आकृष्ट गराएको पाइन्छ[35]। ती रिट निवेदनमा भएका आदेशहरु वारेमा माथि समीक्षा गरिसकिएको छ। प्रस्तुत रिट निवेदनमा पवित्र नदी बागमती र यसका सहायक नदीहरु मनोहरा, कोट्कु, धोबी खोला, बल्खु खोला(ईन्द्रमती),नख्खु, कर्मनासा, विष्णुमती लगायतका उपत्यकाभित्रका सम्पूर्ण नदीनालाहरुसमेतमा मलमूत्रयुक्त प्रदुषित पानी नपठाउनु भन्ने सम्वन्धित स्थानीय तह

---

[34] हेर्नुहोस प्रकाश मणी शर्मा विरुद्द मन्त्री परिषद सचिवालय समेत २०५७ सालको रिट नं २९१० र ३४४० फैसला मिति २०६२-०३-१० (बल्खु देखि चोभार सम्म फोहर विसर्जन गरेको विषय, त्यसैगरी गुह्येश्वरी देखि गोकर्ण सम्म नदी किनारामा खाल्टो खनी फोहर जम्मा गरेको विषय)

[35] भरतमणी गौतम समेत विरुद्द मन्त्री परिषद सचिवालय समेत २०५४ सालको रिट नं ३०५४, ऐऐको रिट नं ३१४१ फैसला मिति २०५६-०३-२९ ( टेकु दोभान र विष्णुमतिमा फोहर विसर्जन गरी प्रदुषण गरेको विषय)

समेतका विपक्षीहरुको नाममा आदेश माग गरिएको छ। सो माग सम्वन्धमा विचार गर्दा बागमती र यसका सहायक नदीहरुमा भएको प्रदूषणलाई एकीकृत रुपमा नै हेरिनु आवश्यक देखिन्छ। बागमती नदीमा के कस्तो प्रदूषण रहेको छ भन्ने वारेमा माथि तालिका १ मा प्रस्तुत गरिएको छ। यद्दपि सन् २०१९ पूर्व प्रदूषणको स्थिति के कस्तो थियो र त्यसमा सुधार आयो वा स्थिति अरु विग्रियो भन्ने जान्न सो पूर्वको तथ्याङ्क जरुरी हुन्छ। सो प्राप्त नहुँदा तथ्याङ्कहरुको तुलना गरी भन्न सकिने स्थिति छैन तर सोही तथ्याङ्कबाट पनि स्थिति सन्तोषजनक छैन भन्ने चाहीं स्पष्ट देखिन्छ। नदीमा हुने प्रदूषण नियन्त्रण गर्न नदीको सीमाङ्कन र निर्माण निषेधित क्षेत्रको घोषणा, सुकुम्वासीको नाममा गरिएको वा नदी किनाराका जग्गा अतिक्रमण गरी वा मापदण्ड मिची निर्माण गरिएका संरचना हटाउन आवश्यक त छँदैछ, नदीहरुको प्रवाह वढाउने र तिनलाई **"फोहरमैला वोक्ने मालगाडी"** सरह हुन नदिन के गर्न सकिन्छ भन्ने विषयमा गम्भीरतापूर्वक सोच्नु आवश्यक देखिन्छ। यसका निमित्त मुख्य रुपमा नदीहरुमा ढल मिसाउन रोकिनुपर्छ।

९५ बागमतीमा हुने ढल विसर्जन रोक्ने सन्दर्भमा केही काम भएको कुरा माथि उल्लेख भइसकेको छ तर यो कार्य हाल पनि अधुरै देखिन्छ। बागमती र सहायक नदीहरुको हालको स्थिति हेर्दा प्रदूषण नियन्त्रणमा आसलाग्दो कार्य भएको रहेछ भन्न सकिएन। तसर्थ यस सन्दर्भमा **पहिलो कुरा** प्रत्येक घरमा सेप्टि टेङ्कको व्यवस्था गरी घरेलु मलमूत्र सेप्टि टयाङ्कमा जम्मा गरी तत्पश्चात मात्र सामूहिक ढल प्रणालीमा मिसाइने कुरालाई नक्सा पासदेखि नै कठोरतापूर्वक पालना गर्ने र अनुगमन मार्फत समेत सो कुरा सुनिश्चित गरिनु जरुरी देखिन्छ। जहाँसम्म ढल प्रसोधन केन्द्रहरुको निर्माण र सञ्चालनको प्रश्न छ, हाल गुहेश्वरीमा ढल प्रशोधन केन्द्र सञ्चालनमा रहेको देखिन्छ भने सल्लाघारी, कोड्कु, धोवीघाट, बालकुमारी, गोकर्ण र हनुमानघाट भक्तपुरमा ढल प्रशोधन प्रणालीको निर्माण कार्य खानेपानी मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयन इकाई(PID) बाट भइरहेको र अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट टुकुचामा १७.३ मिलियन लिटर प्रतिदिन क्षमता हुने ढल प्रशोधन केन्द्र निर्माणको कार्य अन्तिम चरणमा रहेको भन्ने जानकारी यस अदालतलाई प्राप्त भएको छ। ती प्रशोधन प्रणालीहरुको निर्माण सम्पन्न हुँदा केही हदसम्म प्रदूषण नियन्त्रण हुने अपेक्षा गर्न सकिन्छ तथापि यो विषय प्राविधिकरुपमा तय गरिने विषय हुँदा थप के कति प्रशोधन केन्द्रहरु आवश्यक हुन्छन् अहिले नै भन्न सकिने अवस्था देखिएन।

त्यसैले प्रदूषण नियन्त्रणलाई बातावरणीय शिक्षासँग जोडी र काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनसँग एकीकृत रुपमा हेरी व्यवस्थापन गर्ने, प्राविधिकरुपमा आवश्यक देखिएका अन्य स्थानहरुमा फोहर प्रशोधन केन्द्र (Waste Treatment Plant) निर्माण गर्ने र सबैभन्दा महत्वपूर्ण कुरा प्रदूषण नियन्त्रणको कठोर अनुगमन गरिनु आवश्यक देखिन्छ। सो गर्दा औद्योगिक, चिकित्साजन्य फोहर बगाइने ढलको हकमा औद्योगिक क्षेत्र र अस्पतालहरु भित्र नै ढल तथा फोहर मैलाको प्रशोधनको व्यवस्था गरिनु आवश्यक देखिन्छ।

९६ प्रदुषण रोकथाम नियन्त्रण र सम्पदा संरक्षणको सन्दर्भमा जोड दिइनुपर्ने अर्को कुरा विद्यमान कानूनको कार्यान्वयन हो। हाल वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद ३ (दफा १५ समेत) ले वातावरणमा उल्लेखनीय हानी पुऱ्याउने कुरालाई दण्डनीय बनाएको छ। त्यसैगरी फोहरमैला व्यवस्थापन ऐन,२०६८ को परिच्छेद ९(दफा ३८ समेत), हाल मुलुकी देवानी संहिताको परिच्छेद ५ (दफा ३१३) मा सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था रहेको छ भने मुलुकी अपराध संहिताको परिच्छेद ५ (दफा १०४,१०६,१११,११२,११३,१२४समेत)मा सार्वजनिक हित स्वास्थ्य सुविधा नैतिकता समेत विरुद्धको कसूर सम्बन्धी व्यवस्था रहेको छ। यसबाहेक कानून विरुद्धको अतिक्रमण र निर्माणको विषयमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, मालपोत ऐन,२०३४, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ समेतका व्यवस्थाहरु आकर्षित हुने अवस्था छँदैछ। कानूनी व्यवस्थाहरुको उद्देश्यमूलक, समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयन हुँदा सार्वजनिक जग्गा र सम्पत्तिको अतिक्रमण र प्रदूषण नियन्त्रण गर्न सकिने हुँदा सम्बन्धित कानून कार्यान्वयन निकायहरुलाई परिचालन गर्नु आवश्यक देखिन्छ।

९७ बागमती र यसका सहायक नदीहरुमा भैरहेको प्रदूषण नियन्त्रण, नदी प्रणाली र नदी सभ्यता र यसँग जोडिएका धार्मिक र पुरातात्विक स्थलहरुको संरक्षणको वृहत लक्ष्य प्राप्तिको लागि उपयुक्त संस्थागत संरचना पनि आवश्यक हुन्छ। वर्तमान संवैधानिक संरचनाको रोहमा हेर्दा यस्तो संरचनाको निर्माण तीनवटै सरकारको एकीकृत प्रयास मार्फत गरिनु आवश्यक हुन्छ। हाल यो कार्य "अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति" मार्फत गर्न खोजिएको भए पनि मन्त्री परिषदको निर्णयद्वारा गठित सो समितिमा सबै नगरपालिकाहरु र प्रदेश सरकारको प्रतिनिधित्व रहेको देखिदैन। **दोस्रो,** यो मूलतः कार्ययोजना निर्माण र

कार्यान्वयन गर्ने निकायको रुपमा स्थापित देखिन्छ। बागमती नदी सभ्यताको विकासमा वाधक देखिएका प्रदूषण, अतिक्रमण लगायतका गतिविधिको नियन्त्रण गर्ने वा सम्पदाको संरक्षण गर्ने कतिपय कुराहरुमा यसले सिफारिसकर्ता निकायको रुपमासम्म कार्य गर्ने र गठन आदेशमा काठमाडौं उपत्यकाभित्रका नदीहरुको लागि एकीकृत नदी व्यवस्थापन सँगठन (River Basin Organization) को रुपमा कार्य गर्ने भनिए तापनि कानूनी अख्तियारीवेगर यस्तो सँगठन प्रभावकारी हुन कठिन हुन्छ। समितिमा खानेपानी, शहरी विकास तथा भवन विभाग र जल तथा उर्जा आयोग, पशुपति विकास कोष, काठमाडौं उपत्यका विकास प्राधिकरण समेतको प्रतिनिधित्व रहेको पनि छ तर यस्तो प्रतिनिधित्व मात्रले जल, जमिन सम्पदा र विकास र वातावरण संरक्षणसँग सम्वन्धित विभिन्न कानूनको अख्तियारी प्रयोग गर्ने निकायसँग समन्वयात्मक सम्वन्ध कायम गर्न सक्ने देखिदैन।

९८ नेपालमा जस्तै भारतीय उच्चतम न्यायालयको आदेशहरुको वावजुद पनि सम्वन्धित निकायको समन्वयको अभावमा सन १९८० को दशकबाट शुरु भएको गंगा कार्ययोजना (Ganga Action Plan phase I and II) प्रभावकारी हुन नसकेको र त्यस निम्ति खर्चिएको अरवौं रुपैया नदीमा वगेसरह भएको कुरा नेसनल ग्रिन ट्रिवुनलको फैसलाले देखाउछ[36]। यस्तो स्थिति नेपालमा पनि नहोला भन्न सकिदैन। त्यसैले कानूनी शक्ति सहितको संस्थागत संरचना, आवश्यक आर्थिक स्रोतको सुनिश्चितता र तिनै तहका सरकार र तिनका निकायको अर्थपूर्ण सहभागिता र सहकार्य बागमती नदी सभ्यताको संरक्षणको लागि आवश्यक हुने देखिन्छ। विगतमा बागमती नदी सभ्यताको संरक्षणको लागि प्रदेश सरकारले उठाएको घरजग्गा रजिष्ट्रेसन शुल्कको ०.५% बाट जम्मा भएको सवै रकम समितिलाई प्राप्त हुन नसकेको, अदालतबाट सो वारेमा सोधपुछ हुन थालेपछि रकम नै उठाउन छाडिएको[37] अनुभव समेत

---

[36] Judgement of the National Green Tribunal in the matter of M.C. Mehta Versus Union of India & Others dated 13/07/2017 regarding Ganga river pollution. (In GAP-I, the Government of India allocated about ₹ 949 crores out of which ₹ 451 crores was released by the Government to the States of UP, Bihar and West Bengal and for GAP-II, ₹ 279 crores was released to the five States i.e. UP, Bihar, Uttarakhand, West Bengal and Jharkhand prior to year 2007)

[37] **अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको जग्गा नामसारी र रजिष्ट्रेशन वापत** थैली अंकको ०.५ प्रतिशत बागमती शुल्क उठाउन सुरुवात गरिएको पहिलो आ.व., २०६५-०६६ को बजेट बक्तव्य मा परेको र नेपालको संविधान जारी भएपछि घरजग्गा रजिस्ट्रेसन प्रदेशको अधिकार सुचि मा परेपछि वागमति प्रदेश सरकारले प्रत्येक वर्ष सो रकम उठाउने गरेको रहेछ। **म.ले.प.को २०७६/७७ को प्रारम्भिक प्रतिवेदन अनुसार**..उपत्यकाका ८ वटा मालपोत कार्यालयबाट आ.व. २०६५/६६ देखि २०७५-७६ सम्म रु ७ अर्व २९ करोड ४२ लाख २४ हजार आ.ब. २०७६/७७ मा १ अर्व १ करोड ३१ लाख ५० हजार जम्मा भई हालसम्म रु ८ अर्व ३० करोड ७३ लाख

रहेको सन्दर्भमा पनि कानूनी अख्तियारी र स्रोत सुनिश्चितता अपरिहार्य बन्न गएको देखिन्छ। साथै आर्थिक वर्ष २०६५ देखि उठाउन थालिएको रकमको संरक्षण र उपयोगमा कुनै गैरकानूनी कार्य भए नभएको भन्ने बारे पनि सोध खोज र अनुसन्धान भई गलत कार्य भएको देखिएमा कानूनको दायरामा ल्याउनुसमेत आवश्यक हुन्छ।

९९ माथि विभिन्न प्रकरणहरुमा यस अदालतबाट बागमती नदी समेतसँग प्रत्यक्ष र परोक्ष सरोकार राख्ने रिट निवेदनहरुमा भएका आदेशहरु र ती आदेशहरुले दिएको सन्देश चर्चा गरिएको छ भने तत्पश्चात बागमती र यसका सहायक नदीहरुको संरक्षणमा हालसम्म के कस्ता कामहरु भएका रहेछन् भन्ने पनि समीक्षा गरिएको छ। त्यसै गरी तेस्रो चरणमा गएर बागमती र यसका सहायक नदीहरुको संरक्षण एवं प्रदूषण नियन्त्रणमा के कस्ता कार्यहरु गर्न जरुरी देखिन्छ भन्ने बारेमा पनि समीक्षा गरेपछि **अब निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नको निरुपण गर्नुपर्ने हुन आयो। सो सन्दर्भमा निवेदकको माग हेर्दा** (क) पवित्र नदी बागमती र यसका सहायक नदीहरु मनोहरा, कोट्कु, धोबी खोला, बल्खु खोला(ईन्द्रमती), नख्खु, कर्मनासा, विष्णुमती लगायतका उपत्यकाभित्रका सम्पूर्ण नदीनालाहरुसमेतमा मलमूत्रयुक्त प्रदुषित पानी नपठाउनु र ती सम्पूर्ण नदीहरुको दायाँबायाँ भएका अनाधिकृत अतिक्रमणहरुलाई हटाई त्यस क्षेत्रको संरक्षण गरी उक्त क्षेत्रलाई हरित क्षेत्र घोषणा गर्नू, गराउनु, (ख) बागमती नदी क्षेत्रको संरक्षण गर्नका लागि आवश्यक पर्ने निजी जग्गा अधिग्रहण गर्नुपर्ने भए कानूनद्वारा प्रत्यायोजित अधिकार प्रयोग

---

७४ हजार रकम जम्मा भएको जानकारी भूमि व्यवस्थापन तथा अभिलेख विभागको अभिलेखबाट देखिएतापनि उक्त रकम समितिको कोषमा जम्मा भएको छैन। त्यसैगरी **म.ले.प.को २०७७/७८ को प्रारम्भिक प्रतिवेदनः** ..उपत्यकाभित्रका विभिन्न मालपोत कार्यालयबाट आ.व. २०६५/६६ देखि २०७६-७७ सम्म रु ८ अर्व ३० करोड ७३ लाख ७४ हजार आ.ब. २०७७/७८ मा १ अर्व ६५ करोड १७ लाख १५ हजार जम्मा भई हालसम्म रु ९ अर्व ९५ करोड ९० लाख ८९ हजार बागमती सभ्यता कोषको नाममा असूल गरेको जानकारी भूमि व्यवस्थापन तथा अभिलेख विभागको अभिलेखबाट देखिएतापनि उक्त रकम समितिको कोषमा जम्मा भएको छैन भन्ने अधिकारसम्पन्न बागमती सभ्यता एकिकृत विकास समितिको प्रतिवेदन देखिन्छ। समितिका अनुसार **बागमती सभ्यता विकासको लागि हालसम्म प्राप्त रकमः** असूल भएको रकम १२ अर्व ९ करोड ३५ लाख ३२ हजार ४५४ रुपैयाँमध्ये बागमती प्रदेश सरकारबाट २०७८ साल माघ २ गते अनुदान रकम भनेर २० करोड प्राप्त भएको.. र बागमती प्रदेश सरकारको आ.व. २०८०/८१ को बजेट बक्तव्यको बुँदा नं. १९१ मा भएको व्यवस्था मा यस्तो कुरा परेको देखिन्छ। *"..घरजग्गा रजिष्ट्रेशन शुल्कमा सामान्य संशोधन गरिएको छ। घरजग्गा कारोबारमा लाग्दै आएको बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क र नारायणी तथा राप्ती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क आगामी आ.व.देखि नलाग्ने व्यवस्था मिलाएको छ.."*

गरी उक्त जग्गाहरु अधिग्रहण गर्नु गराउनु, (ग) विपक्षी काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, मध्यपुर ठिमी नगरपालिका, भक्तपुर नगरपालिकालाई नदीहरुमा विना प्रशोधन ढल मिसाउने कार्य तत्काल बन्द गरी, गराई नदी प्रदूषण नियन्त्रण गर्नु गराउनु र नदी क्षेत्रमा भएको अतिक्रमण हटाई नदी क्षेत्रको संरक्षण गर्नु गराउनु, (घ) विपक्षी प्रमुख जिल्ला अधिकारीहरू, जिल्ला प्रशासन कार्यालय काठमाडौं, ललितपुर र भक्तपुर तीनै जिल्लाका अधिकारीहरुको नाममा नदी क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका घर टहरा लगायतका भौतिक संरचनाहरू हटाउनु, हटाउन लगाउन सम्बन्धित निकायलाई सहयोग गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्नेसमेत माग रहेको देखिन्छ।

१०० माथि विभिन्न प्रकरणहरुमा गरिएको विश्लेषणमार्फत यी मागहरुसँग सम्बन्धित प्रदूषण, अतिक्रमण, अधिग्रहणका विभिन्न पक्षमा प्रकाश पारिएको छ। सो गर्ने क्रममा बागमती, विष्णुमती आदि नदीहरुको धार्मिक महत्व बारे समेत प्रकाश पारिएको छ। त्यसको पुनरुक्ति यहाँ जरुरी छैन। तर पनि काठमाडौं उपत्यकाको सभ्यता र संस्कृतिको संरक्षणको लागि बागमती र यसका समस्त सहायक नदीहरुलाई स्वच्छ र स्वस्थ राख्नु अत्यावश्यक हुन्छ। संरक्षणको लागि यस अदालतबाट विभिन्न मितिमा भएका पूर्व आदेशहरुको मूल ध्येय पनि त्यहि नै हो। नेपालको संविधानद्वारा प्रत्याभूत स्वच्छ तथा स्वस्थ वातावरणमा बाच्न पाउने हकको रक्षा गर्ने दायित्व राज्यमा रहने, स्वच्छ तथा स्वस्थ वातावरणमा नै संविधान प्रदत्त प्रतिष्ठापूर्ण जीवन, शिक्षा, स्वास्थ्य, रोजगारी समेतका आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक हकहरुको रक्षा हुन सक्छ। विपक्षीहरुद्वारा हालसम्म भए गरेका कार्यहरुबाट ती हकहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको नपाँइदा र यस अदालतबाट भएका पूर्व निर्णयहरुको समेत प्रभावकारी कार्यान्वयन हुन अझै बाँकी देखिएबाट समेत निवेदकले जिकिर गरेका उपर्युक्त मागहरुको कार्यान्वयनको लागि स्पष्ट निर्देशनको आवश्यक हुँदा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम विपक्षीहरुको नाममा देहायबमोजिम परमादेशको आदेश जारी गरिएको छः

**(क) प्रदूषण नियन्त्रण र अतिक्रमण हटाउने सन्दर्भमाः**

१. काठमाडौं उपत्यकाभित्रका सम्पूर्ण नगरपालिकाहरुले घर तथा व्यावसायिक भवनको नक्सा पास गर्दा सेफ्टि टेङ्क र आकाशको पानी भूमिगत जलस्रोतमा मिसिने गरी अलगगै

सकपिट नवनाएसम्म नक्सा पास नगर्ने। घर निर्माण र तत्पश्चात पनि बनेका संरचनाहरुले मापदण्ड पालना गरेका छन् भन्ने विषयमा प्रभावकारी अनुगमन गर्ने, गराउने।

२. नदीहरुमा सोझै ढल मिसिने कार्यलाई रोक्न ढल प्रणालीलाई सुदृढ गर्ने, हाल निर्माणाधीन रहेका ढल प्रसोधन केन्द्रहरुको निर्माण तदारुखताका साथ सम्पन्न गरी तिनलाई सञ्चालनमा ल्याउने र काठमाडौं उपत्यकाको बढ्दो शहरीकरण समेतलाई दृष्टिगत गरी प्राविधिकरुपले आवश्यक स्थानहरुमा थप ढल प्रशोधन केन्द्रहरु निर्माण र सञ्चालन गर्ने, गराउने।

३. बागमती र सहायक नदीहरुमा हुने प्रदूषण नियन्त्रणको लागि समस्त उपत्यकाको चिकित्साजन्य, इलेक्ट्रोनिक, औद्योगिक र अन्य घरेलु फोहरमैला समेतको प्रभावकारी व्यवस्थापन आवश्यक हुँदा सो सन्दर्भमा यस अदालतबाट *नविन्द्रराज जोशीको रिट निवेदनमा*[38] भएको आदेशको प्रभावकारी कार्यान्वयन गर्न हाल भैरहेको प्रयास समेतको सन्दर्भमा नगरपालिकाहरु वीच समन्वय र सहकार्यलाई अझ घनिभूत पार्दै दीर्घकालीन व्यवस्थापन गर्ने गराउने। साथै बागमती र सहायक नदी वा तिनका किनारामा फोहर फाल्ने फोहर गाड्ने आदि कार्य तुरुन्त बन्द गर्ने, गराउने।

४. प्रदूषण नियन्त्रणकै सन्दर्भमा नदी किनारामा वसोवास गरेका व्यक्तिहरुको सरकारी जग्गा अतिक्रमण गरी बस्ने कुनै हक नहुने भए पनि बाध्यतामा परी विकल्प नभई बसेका वास्तविक सुकुम्वासीहरुको पहिचान गरी स्थानान्तरणको लागि हाल इचङ्गुनारायणमा बनेको आवासमा स्थानान्तरण गर्ने, सो सुविधाले नपुग्ने भई त्यहाँ व्यवस्थापन गर्न नसकिने भएमा आवश्यक संख्यामा अन्यत्र आवासको व्यवस्था गर्ने, ती स्थानहरुमा जान नचाहने तत्काल वैकल्पिक व्यवस्था नभएका वास्तविक सुकुम्वासी परिवारहरुको हकमा नेपालको संविधानको धारा ३७(१)ले प्रत्याभूत गरेको बसोवासको हकलाई समेत मध्यनगर गरी स्थानान्तरणको सहजीकरणको लागि तत्काल राहतको रुपमा नगद प्रदान गरी अतिक्रमण हटाउने। सो गर्दा प्रथम चरणमा बाढीको जोखिममा रहेका घर टहराहरु हटाई नदीको किनारा कायम गरी तटवन्ध, टेवा/सीमा पर्खाल (Embankment) निर्माण गर्न वा बाटो कायम गर्न रोक्ने, घर टहरा र त्यसपछि चरणवद्ध रुपमा नदी किनारा र सडक विचको हरियाली क्षेत्र ओगटेर बस्नेहरुलाई हटाउने व्यवस्था गर्ने। उक्त कार्य गर्न उपत्यकाभित्रका सवै स्थानीय तहहरुको

[38] नविन्द्रराज जोशी विरुद्द प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ने.का.प. २०६८ नि.नं. ८६१६

समन्वयपूर्ण तत्परता आवश्यक हुँदा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको नेतृत्वमा समन्वय तथा सहकारिताको भावले कार्यान्वयन गर्ने।

**(ख) नदीको वहाव क्षेत्र, सीमा क्षेत्र समेतको सीमाङ्कन, सार्वजनिक क्षेत्रको संरक्षण सन्दर्भमाः**

१. बागमती र यसका सहायक नदीहरुमा सालिन्दा आउने बाढीको उच्च तह (High flood level) समेतलाई दृष्टिगत गरी किनारामा के कति जग्गा दाँया-बाँया छाड्ने भन्ने वारेमा नेपाल सरकार मन्त्री परिषदद्वारा मिति २०६५।०८।०१ मा निर्धारित दूरी बाहेक नै सबै खोलाहरुको हकमा दाँया-बायाँ न्यूनतम अर्को थप २० मिटर छाडेर मात्र निर्माणको अनुमति प्रदान गर्ने, सो दूरीभित्र सरकारी जग्गा अतिक्रमण गरी बनाएका संरचनाहरु हटाउने; कुनै नदी वा खोलाको हकमा सीमा नतोकिएको भएमा किनाराबाट दायाँ-बायाँ न्यूनतम २० मिटर सीमा निर्धारण गर्ने, थप गरिएको दूरीमा हालसम्म कुनै संरचना नबनिसकेको अवस्था भए उक्त दूरीभित्र पर्ने जग्गालाई निर्माण निषेधित क्षेत्र (No Construction Zone) घोषणा गरिएको हुँदा अव कुनै निर्माणको अनुमति प्रदान नगर्ने र कानूनबमोजिम नक्सा पास गरी पहिले नै भवन आदि संरचना निर्माण गरिएको अवस्थामा नदी किनारा क्षेत्रमा सडक, ढल वा प्रशोधन केन्द्र आदि संरचनाहरु निर्माण गर्न र नदी तथा खोलाहरुको सहज प्रवाहको लागि आवश्यक पर्ने जग्गा कानूनबमोजिम क्षतिपूर्ति प्रदान गरी प्राप्त गर्ने।

२. काठमाडौं उपत्यकाको बढ्दो शहरीकरणलाई दृष्टिगत गरी नदी क्षेत्रका सार्वजनिक जग्गालाई पार्क, हरियाली क्षेत्र, खेलकुदसहित खुला क्षेत्र कायम गर्नु आवश्यक देखिंदा खुला क्षेत्र नै कायम गर्ने, सरकार वा कुनै संस्था वा स्मृति प्रतिष्ठानको प्रयोजन वा अन्य प्रयोजनको लागि जग्गा हस्तान्तरण नगर्ने, नगराउने। सार्वजनिक जग्गा र नदी किनाराको जग्गा निर्धारण गर्न २०२१।०२२ सालतिर तयार भएको सर्भे नक्सालाई आधार मान्ने, त्यसै गरी सार्वजनिक जग्गा पत्ता लगाउन रावल आयोगको प्रतिवेदन २०५२ समेतलाई आधार मान्ने, साथै वर्षादको बाढीमा नदीको डुवानमा पर्ने जग्गामा भएका अतिक्रमण र गैरकानूनी जग्गा दर्ता बारे छानवीन गरी मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम निर्णय गरी सार्वजनिक जग्गाको संरक्षण गर्ने, गराउने।

३. बागमती र सहायक नदीहरुको वातावरणीय व्यवस्थापनको लागि नदीहरुको बहाव बढाउन काठमाडौं उपत्यकाभित्र रहेका पोखरीहरुको संरक्षण आवश्यक छ। सोको लागि

प्रत्येक नगरपालिका मार्फत संरक्षण कार्य गर्ने, गराउने। साथै नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा ठुला कम्पाउण्ड र खुला क्षेत्र भएका सार्वजनिक संस्थाहरुमा पोखरी र सकपिट निर्माण गर्न लगाई भूमिगत जलस्रोतको पुनर्भरणको व्यवस्था गर्ने, गराउने।

४. प्रदूषण नियन्त्रणको लागि प्रदूषणजन्य कार्य हुन नदिनु आवश्यक हुँदा निगरानीको लागि नगरपालिका तहबाट प्रदूषण निरीक्षकको नियुक्त गरी उनीहरुबाट आवधिक प्रतिवेदन लिने र सो प्रतिवेदनको आधारमा प्रदुषक उपर वातावरण संरक्षण ऐन तथा अन्य सान्दर्भिक ऐनबमोजिम कारवाही हुने प्रवन्ध मिलाउने।

५. मेलम्ची आयोजना पूर्ण रुपमा निर्माण हुँदा उपत्यकामा भित्रिने पानीको केही प्रतिशत सोझै वा पोखरीमा सञ्चय गरी तत्पश्चात शहरभित्रबाट बग्ने बागमती, विष्णुमती र अन्य नदी, खोलाहरुमा पठाउने प्रवन्ध गर्ने, गराउने।

६. निवेदक अधिवक्ता प्रकाशमणि शर्मासमेतले २०५७ सालमा दर्ता गराएको रिट नं. ३४४० मा यस अदालतको मिति २०५८।९।२ को आदेशद्वारा बल्खुदेखि चोभारसम्म बागमती नदी क्षेत्रको दायाँ-बायाँ खाल्डो खन्दै फोहर गाड्ने काम गर्न लागेकोमा "बागमती नदी क्षेत्रसमेतमा फोहरमैलाको व्यवस्थापन गर्दा जीवनका लागि हानिकारक नहुने ढंगबाट वैज्ञानिक रूपमा मापदण्ड निर्धारण गरेर वातावरणीय दुष्प्रभाव कम हुने नहुने मूल्याङ्कन अनिवार्य रूपमा गरी फोहरमैला व्यवस्थापन गर्नु गराउनु" भन्ने परमादेश जारी भैसकेको अवस्था छ। नदी किनारामा खाल्डो खनी फोहर डम्प गर्ने कार्य गर्नु वातावरण विरुद्ध हुन्छ भन्नेमा यस इजलासको पनि समान धारणा रहेको हुँदा उक्त रिट नं. ३४४० मा भएको आदेशको तदारुखतापूर्वक कार्यान्वयन गर्ने, गराउने।

७. बागमती र सहायक नदीमा बर्षेनी आउने बाढीको कारण पर्ने डुवान क्षेत्र पहिचान गरी, प्राकृतिक वहावमा अवरोध गर्ने टेवा पर्खाल लगायतका संरचनाहरुमा सुधार गर्ने, डुवान क्षेत्रमा बनेका अनाधिकृत संरचनाहरु हटाउने प्रवन्ध गर्ने, गराउने।

१०१ उपर्युक्त आदेशहरुको अलावा बागमती नदी सभ्यताको एकीकृत विकासको लागि हाल मन्त्री परिषदको निर्णयको आधारमा गठित अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको स्थानमा कानूनी अख्तियारी सहितको आधिकार सम्पन्न संस्था आवश्यक पर्ने हुँदा

सरोकारवालाहरुसँग परामर्श गरी र सवै सरोकारवालाहरुको प्रतिनिधित्व समेत रहने व्यवस्था सहित माथि उल्लेखित सम्पूर्ण कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्न सक्ने अधिकारप्राप्त बागमती सभ्यता एकीकृत विकास प्राधिकरण वा यस्तै उपयुक्त संस्था मार्फत कार्य गर्नको लागि एउटा संघीय ऐन आवश्यक देखिँदा अविलम्व सो सम्बन्धी विधेयक संसदमा पेश गर्नु र सो नभएसम्म हाल जारी अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन सम्बन्धी आदेशमा उपत्यकाभित्रका सवै नगरपालिकाका प्रमुख समेतको प्रतिनिधित्व हुने र यस आदेशमा उल्लेखित कार्यहरु सम्पन्न गर्न सक्ने गरी गठन आदेश संसोधन गर्नु भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश समेत जारी गरिएको छ। आदेशको कार्यान्वयनको लागि आदेशको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत सबै विपक्षी सरकारी निकायहरुलाई दिनू र आदेश कार्यान्वयनकै लागि आदेशको प्रतिलिपि सबै विपक्षी नगरपालिका र फैसला कार्यान्वयन निर्देशनालय समेतमा पठाई प्रस्तुत आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु होला।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- विष्णुप्रसाद पौडेल

कम्प्युटर अपरेटरः- पद्मा आचार्य

सम्बत् २०८० साल पौष ३ गते रोज ३ शुभम् ----------------------------------।